# परिच्छेद एक

# परिचय

## १.१. अध्ययन पृष्ठभूमि

शिक्षा मानव जीवनका लागि अत्यन्तै महत्वपूर्ण र आवश्यक तत्व हो । शिक्षाले नै व्यक्तिलाई आफ्नो आदर्श अनुसार निश्चित लक्ष्य हाीसल गर्दा ज्ञान आर्जन गर्न व्यवहार परिवर्तन गरी समयानुकुल उचित समायोजन गर्न सक्षम बनाउदछ । शिक्षा जीवन पर्यन्त चलिरहने प्रकृयाका साथै मानव अधिकारका रुपमा पनि स्थापित भएको पाइन्छ । शिक्षाले व्यक्ति समाज र राष्ट्रको आवश्यकता पूरा गरी व्यक्तिको सर्वाङ्गीण विकासमा महत्वपूर्ण भूमिका खेल्दछ ।

मानव जातिको विकासको क्रममा परापूर्व काल देखि मानिसले आफूले जानेको ज्ञान, सीप, व्यवहार, अनुभव तथा सामाजिक मूल्य मान्यतालाई आ-आफ्ना सन्ततिहरुमा हस्तान्तरण गर्दै आएका थिए । बाबुले छोरालाई अनुशासनका साथै जीवन यापनकालागि आवश्यक पर्ने आवश्यक व्यवहारीक ज्ञान सिकाउने गर्दथे । समयको परिवर्तनसँगै मानिसका इच्छा, आकांक्षा र आवश्यकता तथा उत्सुकताहरु बढ्दै गए फलस्वरुप मानिसमा विविध जटिलताहरु पनि थपिदै गए । समाजको स्थापना र विकासँगै सामाजिक जटिलताहरु पनि देखा पर्न थाले । यस्ता विविध जटिलताहरु पूरा गर्नका लागि विद्यालय प्रणालीको शुरुवात भएको पाइन्छ ।

प्राचीनकालमा थोरै समयसम्म ऋषिमुनिहरु नदी किनारा, पाटी-पौवा तथा मठमन्दिरमा आफ्ना शिष्य तथा अनुयायीहरुलाई भेला गराएर उपदेशदिने तथा ज्ञानगुनका कुरा सिकाउने गर्दथे । समयको माग एवं परिवर्तनसँगै समाजमा अझ जटिलता बढदै गयो । मानिसका आवश्यकता, आकांक्षा र उत्सुकताहरु बढ्दै गए । समाजमा विविधता बढ्न थाल्यो । त्यसपछि  गाउँ वा टोलको कुनै एक निश्चित व्यक्तिद्वारा शिक्षा दिक्षा दिने प्रचलनको शुरुवात भयो । तथापि त्यो शिक्षा पद्धति अनौपचारिक प्रकृतिका थियो । प्राचीन गुरुकुल पद्द्ति, बौद्ध शिक्षा प्रणालीहरु पार गर्दै पृथ्वीनारायण शाहको पालादेखि जंगबहादर राणाको अभ्युदय सम्म नेपालमा शिक्षा प्रणलीको त्यति उल्लेख्य रुपमा विकास भएको पाइन्न । वि.स १९१० मा जंगबहादर राणा बेलायत यात्राबाट फर्के पछि काठमाण्डौको थापाथली दारवार ढोकामा राणा परिवारको लागि मात्र पहिलो अंग्रेजी पाठशालाको स्थापना

भयो । नेपालको इतिहासमा अंग्रेजी शिक्षाबाट प्रभावित भई खोलेको त्यो पहिलो पाठशाला थियो । त्यो विद्यालयलाई व्यवस्थित ढंगले सञ्चालन, व्यवस्थापन र सुधारको लागि सुपरिवेक्षणको जिम्मा भि.रोस लाई र प्रधानाध्यापकको जिम्मा मि. क्यानिङलाई दिइएको थियो भने मुन्सिखानाको जिम्मा मुस्ताविर ख्वाजालाई दिइएको थियो (शर्मा, २०६३) ।

समयको परिवर्तनसँगै विश्व परिवेशको प्रभाव नेपालमा पनि परिरह्यो । वि.स २००७ सालमा नेपालमा प्रजातन्त्रको स्थापना भएपछि शिक्षाको विकासमा तीव्रता आयो । यसमा शिक्षा मंन्त्रालयको स्थापना, सर्वसाधारणका लागि विद्यालय खोल्न तथा खुला रुपमा पढन पाउने सुविधाहरुलाई लिन सकिन्छ । यसको कारणले देशमा शिक्षाको व्यापक लहर चल्यो फलस्वरुप च्याऊ उम्रे झै विद्यालयहरु खुल्न थाले जसको परिणाम स्वरुप शिक्षा प्रणाली अव्यवस्थित र अनियन्त्रित बन्न पुग्यो । स्थापना भएका विद्यालयहरुमा शिक्षाको गुणात्मक विकास हुन सकेन जसले गर्दा शिक्षा क्षेत्र समस्या ग्रस्त बन्न पुग्यो । शिक्षा क्षेत्रमा देखिएका यस्ता शैक्षिक समस्याहरु समाधानार्थ नेपालमा क्रमश २०११, २०१८, २०२८, २०४९, २०५५, २०५८ तथा २०७२ मा विभिन्न शिक्षा समिति तथा आयोगहरु गठन भइ प्रसस्तै रुपमा सुधारका प्रयासहरु भएका पाइन्छन ( शर्मा, २०६०)। हाल नेपालमा शिक्षा ऐन २०७२ अनुसारको विद्यालय प्रणाली सञ्चालनमा आइरहेको अवस्था छ । जस अनुसार सामुदायिक विद्यालय र संस्थागत गरी दुई प्रकारका विद्यालयहरु सञ्चालनमा छन् । सामुदायिक विद्यालय होस् वा संस्थागत विद्यालय, तिनीहरुको सञ्चालनकालागि सशक्त र प्रभावकारी व्यवस्थापनको आवश्यकता पर्दछ ।

सामुहिक एवं सुनिश्चित उद्देश्य प्राप्तीका लागि व्यक्ति वा समूहलाई सामुहिक रुपमा काम गर्ने अनुकुल वातावरणको सृजना गर्नु व्यवस्थापन हो । अर्थात मानिसहरुबाट काम पुरा गराउने कला नै व्यवस्थापन हो (कोईराला, २०६४) । अर्को शब्दमा भन्नु पर्दा संस्थाभित्र सामुहिक भावना विकास गरी लक्ष्य प्राप्ति तर्फ सबैलाई दोहोऱ्याउनु नै व्यवस्थापन हो । यस्तो व्यवस्थित वातावरण तयार गर्न निश्चित अनुशासन पद्धतिको आवश्यकता पर्दछ । जसको परिपालन संलग्न सबै पक्षबाट अपेक्षा गरिन्छ । निर्धारित लक्ष्य प्राप्ति गर्न आवश्यक पर्ने योजना तयार गर्नु, सो तयारी गरिएको योजनाको तर्जुमा कार्यक्रमको श्रृखलावद्ध एवं समन्वित रुपले कार्यान्वयनको योजना निर्माण गर्नु व्यवस्थापन पक्षको जिम्मेवारी हो । संस्थाको प्रगतिका लागि सवल एवं कुशल नेतृत्व प्रदान गर्नु, संस्थामा कार्यरत जनशक्तिको मनोवल उच्च राख्नु, आवश्यकता अनुसार उपयुक्त

व्यक्तिलाई उपयुक्त काम र तिनको सम्पादनका निमित्त आवश्यक अधिकार र कर्तव्य बाँडफाँड गर्नु, समय समयमा निर्देशन दिनु, नियन्त्रण गर्नु र अनुगमन एवं मूल्याङ्कन गर्नु जस्ता कार्यहरु व्यवस्थापनका अवयव हुन, साथै विद्यालयले आफ्नो कार्य योजना अनुसार उद्देश्यहरु पूरा गर्न व्यवस्थित रुपले गरिने योजना विद्यालय व्यवस्थापन हो (कोईराला,२०६४) ।

कार्य सञ्चालनमा अरु व्यक्तिहरुको संलग्नता गराई कार्य सम्पन्न गर्नु व्यवस्थापन हो । यसले मानिसहरु बीचको अन्तरक्रियामा जोड दिन्छ । सँगठनका निर्धारित लक्ष्य तथा उद्देश्यहरु हासिल गर्नका लागि आवश्यक साधन स्रोत संकलन, सञ्चालन र समन्वय गर्नु नै व्यवस्थापन हो । उचित व्यवस्थापनका लागि सरोकारवालाहरुको सहकारिता, सहभागिता मध्यस्थता र संलग्नता हुनु पर्दछ । विभिन्न ज्ञान, सिद्धान्त र तथ्यहरुलाई व्यवहारिक कार्य क्षेत्रमा उतार्न सक्ने सीप एक कुशल कलाको आवश्यकता पर्ने भएकाले व्यवस्थापन कला र विज्ञानको समिश्रण पनि हो । व्यवस्थापन भित्र मुख्य गरी योजना बनाउने, सँगठन गर्ने, निर्देशन गर्ने र नियन्त्रण गर्ने कार्यहरु पर्दछन् । व्यवस्थापन एक सामाजिक प्रक्रिया हो । (कोइराला र श्रेष्ठ २०६४) ।

विद्यालयको लक्ष्य र उद्देश्य प्राप्तिका लागि उपयुक्त वातावरण, सामूहिक भावनाको विकास, कर्मचारीको उचित व्यवस्थापन एवं परिचालन, सही योजनाको निर्माण र तिनको कार्यान्वयन, आर्थिक स्रोतको जोरजाम र उचित परिचालन, विभिन्न व्यक्ति, समूह, संस्था र कार्यक्रम बीचको तालमेल र समन्वयन , स्पष्ट दिशा निर्देशन, उपयुक्त नेतृत्व, उचित ढंगबाट अधिकार र कर्तव्यको बाँडफाँड तथा नियमित अनुगमन, मूल्याङ्कन, पृष्ठपोषण र सुधार जस्ता क्रियाकलापहरुको चाजोपाजो मिलाउनु विद्यालय व्यवस्थापन समितिको दायित्व हो ।

शिक्षा नियमावलीमा विद्यालय संचालक समिति, विद्यालय सहयोग तथा विद्यालय व्यवस्थापन समितिको नाममा विद्यालय व्यवस्थापन समितिको व्यवस्था हुँदै आएको छ । पठनपाठनलाई सूचारु रुपले सञ्चालन गर्ने देखि लिएर विद्यालयको भौतिक साधन, शैक्षिक सामग्री, शिक्षक, कर्मचारी, जनसम्पर्क, स्रोत व्यवस्थापन जस्ता आधारभूत कुराहरुको व्यवस्था गरी विद्यालयको शैक्षिकस्तर उकास्न सहयोग पुऱ्याउनु विद्यालय व्यवस्थापन समितिको प्रमुख जिम्मेवारी हो । विद्यालयमा विद्यालय व्यवस्थापन समितिले एक व्यवस्थापकको रुपमा भूमिका निर्वाह गर्नु पर्ने हुन्छ । व्यवस्थापनको जिम्मेवारी

व्यवस्थापन समितिले लिएको हुन्छ । अतः विद्यालय व्यवस्थापन समितिमा व्यवस्थापकीय सीपहरु हुनुपर्छ । शिक्षा नियमावलीले पनि हरेक विद्यालयमा एक शसक्त विद्यालय व्यवस्थापन समिति रहनु पर्ने प्रावधान रहेको छ ।

नेपालका विद्यालयहरु व्यवस्थित रुपमा सञ्चालन गरी पाठ्यक्रमका राष्ट्रिय लक्ष्यहरु हासिल गर्न  सरकार प्रयासरत छ । प्रचलित शिक्षा नियमावलीमा पनि विद्यालयहरुलाई व्यवस्थित रुपमा सञ्चालन र व्यवस्थापन गर्नका लागि स्थानिय अभिभावक र विद्यालयका शिक्षकको सहभागिता रहने गरी एक अधिकार सम्पन्न, सशक्त विद्यालय व्यवस्थापन समितिको व्यवस्था रहेको छ । जसले गर्दा विद्यालय सञ्चालन तथा व्यवस्थापनमा सम्बद्ध  पक्षको प्रत्यक्ष संलग्लता र सहभागिता रहनुका साथै अपनत्वको भावना पनि विकसित हुने विश्वास गर्न सकिन्छ । यसले स्थानीय समस्या र आवश्यकता पहिचान गरी काम गर्न पनि सजिलो हुन्छ । तथापि कतिपय विद्यालयहरु सञ्चालन तथा व्यवस्थापनमा जिम्मेवारी बोधको स्पष्टता नहुनाले समस्याग्रस्त र अव्यवस्थित रहेको अवस्था पनि छ । विद्यालयका आवश्यकता, शैक्षिक, आर्थिक, मानवीय तथा भौतिक लगायतका पक्षहरुमा ध्यान पुऱ्याउन सकेमा मात्र यी पक्षहरुमा विकास हुन सक्छ । त्यस्ता पक्षहरुमा सम्बद्ध पक्षले प्रचलित र निर्दिष्ट नीति नियमका आधारमा पूर्ण जिम्मेवारीका साथ कार्य गर्नु पर्ने हुन्छ । विद्यालयमा विशेषत विद्यालय व्यवस्थापन समितिले आफ्नो क्षेत्र अधिकारभित्र रही विद्यालयको चौतर्फी विकासका लागि जिम्मेवारीपूर्ण भूमिका खेल्नुपर्ने हुन्छ । विद्यालयमा महत्वपूर्ण पक्षका रुपमा रहेको भौतिक पक्षको विकासका लागि पनि विद्यालय व्यवस्थापन समितिले नै नेतृत्वदायी र अगुवाका रुपमा भूमिका निर्वाह गर्नुपर्ने हुन्छ । विद्यालयको भौतिक विकासका लागि विभिन्न कार्यक्रम तथा योजना निर्माण गर्ने रणनीतिहरु अख्तियार गर्ने, विभिन्न निकायसँग सहकार्य र समन्वयन गर्ने साथै उपलब्ध स्रोत र साधनको परिचालन पनि गर्न सक्नु पर्छ (सिंह २०६४) ।

विद्यालयको भौतिक विकास लगायत सर्वाङ्गीण पक्षको सहि र समानुपातिक विकासका लागि विद्यालय व्यवस्थापन समितिको योगदान अपरिहार्य र महत्वपूर्ण रहन्छ । विद्यालयको भौतिक सम्पदा भन्नाले विद्यालय भवन, कक्षाकोठा, खेलमैदान, खानेपानी, शौचालय, क्यान्टिन, पुस्तकालय, विज्ञान तथा कम्प्युटर प्रयोगशाला, फर्निचर, शैक्षिक सामग्री, यातायातका साधन आदि पर्दछन् । एउटा जिम्मेवार, उत्तरदायी र सवल विद्यालय व्यवस्थापन समितिले विद्यालयको भौतिक पक्षको विकासको लागि गर्ने निर्णयहरु

कार्यान्वयन गर्न विद्यालय व्यवस्थापन समितिको योगदानको बारेमा यो अध्ययन केन्द्रित रहेको छ ।

## १.२. समस्याको कथन

नेपालका कतिपय विद्यालयहरु भौतिक पक्षको उचित र प्रभावकारी व्यवस्थापनका हिसावले अभावग्रस्त छन् । राज्यको पर्याप्त ध्यानपुग्न नसक्नु, विनियोजित बजेट रकम कम र चुहावट हुनु, निरीक्षण र अनुगमनको अभाव हुनु, सरकार र स्थानीय निकाय बीचमा जिम्मेवारी र दायित्व स्पष्ट नहुनु, उपलब्ध स्थानीय स्रोत र साधनको समुचित प्रयोग र परिचालन हुनु नसक्नु जस्ता कारणले गर्दा विद्यालयहरु समस्या ग्रस्त र अभाव ग्रस्त हुनु समस्याको रुपमा रहेको छ । विद्यालयको सञ्चालन र व्यवस्थापनको जिम्मेवारी पाइएकोले विद्यालय व्यवस्थापन समितिले विद्यालयको हरेक पक्षको सन्तुलित विकासमा ध्यान पुऱ्याउन आवश्यक छ । मातहतका कर्मचारी, पदाधिकारी, शिक्षक, अभिभावक तथा सम्बद्ध निकायसँग सहकार्यको अभावमा विद्यालयको समुचित विकास हुन नसक्नु पनि वर्तमानमा समस्याको रुपमा रहेको छ ।

विद्यालयलाई अत्यावश्यक भवन, कक्षाकोठा, खेलमैदान, खानेपानी, शौचालय, फर्निचर जस्ता भौतिक पक्षको व्यवस्था विना विद्यालय स्थापना र सञ्चालन गर्ने पद्धतिको विकास भएको वर्तमान अवस्थामा संचालित कतिपय विद्यालयहरु निक्कै समस्याग्रस्त रहेका छन् । यस्ता पक्षको समुचित र सन्तुलित विकास हुन सकिरहेको छैन । विद्यालयमा अति आवश्यक पर्ने भौतिक वस्तुहरुको व्यवस्थापनका लागि प्रमुख रुपमा जिम्मेवार र सरोकार निकाय विद्यालय व्यवस्थापन समितिलाई कुनै किसिमको प्राविधिक ज्ञान नभएको अवस्था छ । परिणाम स्वरुप निर्माण भएका भौतिक वस्तुहरु पनि प्रयोग विहिन अवस्थामा रहेका छन् । विद्यालय व्यवस्थापन समितिले त्यस्ता वस्तुहरु व्यवस्थित तरिकाले प्रयोगमा ल्याउन नसक्नु झन समस्याको रुपमा रहेको छ ।

विद्यालय व्यवस्थापन समितिलाई आवश्यक अभिमूखिकरण र क्षमता अभिवृद्धि तालिमको अभावमा कार्यक्रम निर्माण, योजना तर्जुमा, कार्यान्वयन र व्यवस्थापनमा अप्ठ्यारो भैरहेको अवस्थामा पनि समस्याको रुपमा रहेकोछ । विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरुमा विद्यालय प्रति दायित्व बोध नहुनु, नेतृत्वसीप र व्यवस्थापकीय सीपको अभावमा विद्यालयलाई व्यवस्थित ढंगले अगाडि बढाउन नसक्नु पनि समस्याको

रुपमा रहेको हुनाले यो अध्ययनको शिर्षक सामुदायिक विद्यालयको भौतिक व्यवस्थापन छनौट गरि यो अध्ययन सम्पन्न गरिएको छ ।

विद्यालयलाई व्यवस्थित र सुविधा सम्पन्न बनाउनका लागि विद्यालय व्यवस्थापन समितिको महत्वपूर्ण भूमिकामा के के विषयवस्तुमरु रहन्छन् ? भौतिक विकासका लागि भइरहेका प्रयासहरु के कस्ता छन् ? व्यवस्थापन समितिको योगदानका कमजोरी र समस्याहरु के कस्ता रहेका छन् ? जस्ता प्रश्नहरुको समस्या समाधान गर्न यो शोध अध्ययन केन्द्रित रहेको छ ।

विद्यालयको चौतर्फी र समुचित विकासका लागि महत्वपूर्ण र जिम्मेवार पक्ष विद्यालय व्यवस्थापन समिति नै हो । एउटा स्तरीय विद्यालयहरुमा आवश्यक आर्थिक, भौतिक तथा मानवीय स्रोतको  सही विकास र सुधार गरी शैक्षिक उपलब्धीलाई सहज र सफल बनाउन सशक्त विद्यालय व्यवस्थापन समितिको आवश्यकता पर्दछ । शिक्षण संस्था सुचारु र प्रभावकारी रुपले सञ्चालन गर्न उपलब्ध स्रोतसाधनको उचित व्यवस्थापन हुनुपर्दछ । शसक्त व्यवस्थापनले मात्र शैक्षिक कार्यक्रमहरु व्यवस्थित, योजनावद्ध र प्रभावकारी रुपमा सञ्चालन गर्न सक्छ, जसकालागि त्यस विद्यालयको भौतिक अवस्थाले प्रत्यक्ष भुमिका निर्वाह गरेको हुन्छ । तसर्थ यस अध्ययनमा  विद्यालयको भौतिक व्यवस्थापन शीर्षक राखी यसै विषयमा केन्द्रित भै अध्ययन कार्य सम्पन्न गरिएको छ ।

## १.३. अध्ययनको औचित्य

देशको विकासको मुख्य आधार समय सापेक्ष गुणस्तरीय शिक्षाको विकास हो । उक्त प्रभावशाली शैक्षिक प्रकृयाका लागि व्यवस्थापनको महत्वपूर्ण भूमिका रहन्छ । विद्यालय व्यवस्थापनका लागि विद्यालय व्यवस्थापन समिति प्रमुख जिम्मेवार पक्ष हो । वर्तमान परिवर्तनशील, प्रतिस्पर्धी र बैज्ञानिक युगमा शिक्षाको महत्वपूर्ण तथा गुणात्मक विकास अपरिहार्य हुन्छ ।

देशको चौतर्फी विकासमा शिक्षाको स्थान महत्वपूर्ण रहन्छ । शिक्षा उत्पादन गर्ने थलो विद्यालयलाई सफलतापूर्वक र व्यवस्थित रुपमा सञ्चालन गर्न कार्यक्रमको योजना पनि बनाउने गरिन्छ । कार्यक्रमको प्रभावकारी रुपमा समन्वयन गरी श्रम, श्रोत र समयको वचत गर्नु पर्ने हुन्छ । तसर्थ योजना अनुकुल कार्यक्रमलाई सफलतापूर्वक लक्ष्य उन्मुख बनाउन विद्यालयमा विद्यालयको व्यवस्थापकीय जिम्मेवारी महत्वपूर्ण रहन्छ । विद्यालय व्यवस्थापन समितिको जिम्मेवारीलाई व्यवस्थापक, नेतृत्वकर्ता, समन्वयकर्ता, परिचालक

आदिको रुपमा लिइएता पनि विविध कारणले यसको भूमिका महत्वपूर्ण र व्यवहारिक हुन नसकि रहेको अवस्थामा विद्यालय व्यवस्थापन समितिलाई सुझाव र मार्गनिर्देश गर्न थोरै भएपनि सहयोग गर्ने भएकाले यो अध्ययनलाई औचित्यपूर्ण ठानिएको छ ।

विद्‌यालयको भौतिक विकासमा सम्बद्ध सबै पक्षको समान दायित्व, सामुहिक जिम्मेवारी र भूमिका आवश्यक हुन्छ । त्यसमा पनि विद्‌यालय व्यवस्थापन समितिको जिम्मेवारी महत्वपूर्ण र प्रमुख मानिन्छ । तसर्थ विद्‌यालय व्यवस्थापन समिति ले अख्तियार गर्ने रणनीति, योजना, कार्यक्रम तथा भूमिका आदिमा विद्‌यालयको भौतिक विकास निर्भर गर्दछ । तथापि यस विषयलाई कम महत्वको साथ लिई कमै मात्रामा अध्ययन अनुसन्धान भएका छन्  । त्यसैले पनि विद्‌यालयको भौतिक व्यवस्थापनको लागि विद्यालय व्यवस्थापन समितिको आवश्यकता अपरिहार्य छ भनी यो अध्ययन केन्द्रित गरिएको हुनाले यो अध्ययन औचित्य पुर्ण छ ।

वर्तमान परिवेशमा गुणस्तरीय विद्‌यालय शिक्षाको कुरा उठिरहँदा विद्‌यालयको भौतिक व्यवस्थापनको कुरा अत्यन्तै समय सामयिक सवालको रुपमा स्थापित भएको अवस्था छ । तथापि विद्‌यालयको भौतिक व्यवस्थापनमा धेरै किसिमका समस्याहरु आएका छन् । विद्‌यालयको भौतिक व्यवस्थापनको जिम्मेवारी थाहा नभएर पनि जिम्मेवारीबाट पन्छिने प्रवृत्ति छ तसर्थ यस अध्ययनले भौतिक पक्षिय विकासमा विद्‌यालय व्यवस्थापन समितिको दायित्व बोध गराउने जमर्को गरेका छ जसले विद्‌यालय व्यवस्थापनमा फाइदा पुग्ने कुरा निर्विवाद छ ।

विद्‌यालयमा भौतिक विकासमा भएका कार्यहरु, विद्‌यालय व्यवस्थापन समितिले विद्‌यालयमा गरेको निर्णयहरुका साथै कार्य सम्पादनका क्षेत्रमा भएका कमी कमजोरी पत्ता लगाउन र प्राप्त परिणामको आधारमा शैक्षिक नीति, नियम, योजना, र कार्यान्वयन गर्न सहयोग पुग्ने हुँदा यो शोध अध्ययनले। शैक्षिक योजनाका नीति निर्माता, सुपरिवेक्षक, प्रशासक, स्रोत व्यक्ति,अभिभावक लगायत सरोकारवाल सबैलाई पृष्ठपोषण प्रदान गरेको छ

## १.४. अध्ययनका उद्देश्यहरु

यस अध्ययनका उद्देश्यहरु निम्नानुसार छन् :

१) सामुदायिक विद्यालयको भौतिक व्यवस्थापनमा व्यवस्थापन समितिले खेलेको भूमिकाको अवस्था पहिचान गर्नु ।

२) सामुदायिक विद्यालयको भौतिक व्यवस्थापनमा प्रभाव पार्ने तत्वहरुको खोजीगर्नु ।

३) सामुदायिक विद्यालयको भौतिक व्यवस्थापन गर्दा व्यवस्थापन समितिले झेल्नुपरेका समस्याहरु पत्ता लगाउनु ।

४) सामुदायिक विद्यालयको भौतिक व्यवस्थापन गर्दा व्यवस्थापन समितिले झेल्नुपरेका समस्या समाधानका उपायहरुको खोजी गर्नु ।

## १.५. अनुसन्धान प्रश्नहरु

यस शोध अध्ययनलाई अगाडि बढाउन निम्नानुसारका अनुसन्धान प्रश्नहरु राखिएको छ -

१) विद्यालयको भौतिक व्यवस्थापनमा विद्यालय व्यवस्थापन समितिको योगदानको अवस्था कस्तो छ ?

२) विद्यालयको भौतिक विकासका क्षेत्रहरुमा विद्यालय व्यवस्थापन समितिले कस्तो भूमिका खेलेको छ ?

३) विद्यालयको भौतिक विकासमा योगदान पुऱ्याउने पक्षहरु के के हुन ?

४) विद्यालयका भौतिक विकासकालागि अवश्यक पर्ने महत्वपुर्ण पक्षहरु के के हुन सक्छन?

५) विद्यालयको भौतिक विकासका समस्या समाधान गर्न के कस्ता उपायहरु अवलम्वन गर्न सकिन्छ ?

## १.६. अध्ययनको परिसीमा

यो अध्ययन झापा जिल्लामा सञ्चालन भइरहेका सामुदायिक विद्यालयहरुको भौतिक व्यवस्थापनको पक्षमा विद्यालय व्यवस्थापन समितिले पुऱ्याएका योगदानहरुको अध्ययनमा सिमित रहने छ ।

यो अध्ययन झापा जिल्लाका जम्मा १७ वटा श्रोतकेन्द्रहरु मध्ये ३ वटा स्रोतकेन्द्र अन्तरगतका १/१ वटा विद्यालयहरुमा केन्द्रित रहेने छ । यो अध्ययन प्रतिवेदन तयार गर्ने क्रममा विद्यालयका आर्थिक, सामाजिक, सास्कृतिक, शैक्षिक, व्यवस्थापन आदि पक्षहरुमा प्रवेश गर्दा विषय वस्तुको दायरा फराक र ठूलो भइ अध्ययन सम्पन्न गर्न समय आदिको कारणले प्रतिवेदन तयार हुन नसक्ने भएकाले यस अध्ययनलाई व्यवस्थापन पक्षमा मात्र सिमित गरिएको छ । यसकालागि काकरभिट्टा स्रोतकेन्द्रको श्री धुलाबारी मा.वि, बाहुण्डागी स्रोतकेन्द्रको श्री जनता माध्यमिक विद्यालय, तेलपानी र अनारमुनि श्रोतकेन्दको श्री देवी माध्यमिक विद्यालय, विर्तामोडलाई अध्ययनको लागि नमुनाको रुपमा छनौट गरिएको छ ।

# परिच्छेद दुई

## सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका

### २.१. सम्बन्धित साहित्यको पुनरावलोकन

विगतमा गरिएको कार्यक्रमहरुको पुनरावलोकनगरि वर्तमानमा कार्यगर्दा विशेष सान्दर्भिक हुन्छ । यसले वर्तमानलाई मार्ग निर्देशन पनि प्रदान गर्दछ । अध्ययन अनुसन्धानसँग सम्बन्धि मिल्ने वा सहयोग गर्ने पूर्वप्रकाशित वा अप्रकाशित लेख, रचना तथा सोध ग्रन्थहरुको अध्ययन नै सम्बन्धित साहित्यको अध्ययन हो । अध्ययनसँग सम्बन्धित विभिन्न पुस्तक, पत्रिका, लेख, रचना तथा अनुसन्धानात्मक प्रतिवेदनहरु तथा शोधपत्र समेतलाई आधार मानि उपलब्ध भए सम्म पूर्व साहित्यहरु संकलन गरी यस अध्ययनका लागि सान्दर्भिक हुने त्यस किसिमका साहित्यको पुनरावलोकन देहाय अनुसार गरिएको छ ।

नितिगत परामर्श अनुन्धान केन्द्रले विद्यालय सुधार योजना नामक तालिम पुस्तिकामा उल्लेख गरे अनुसार विद्यालयले आफ्नो लक्ष्यहरु प्रभावकारी रुपले हासिल गर्न विभिन्न कार्यक्रमहरु सञ्चालन गरिरहनु पर्दछ । सिमित एवं उपलब्ध स्रोत साधनको सर्वोत्तम परिचालन गरी यस्ता कार्यक्रमहरु व्यवस्थित तरिकाले सञ्चालन गरिएमा अधिकतम उपलब्धी हासिल गर्न सकिने हुँदा विद्यालयको सञ्चालन र विकासमा प्रभावकारीताका मौजुदा परिस्थितिको सहि आँकलन गर्न विद्यालय विकासका निमित्त योजना तयार गर्न, योजनामा तोकिएको लक्ष्य प्राप्त गर्न, कार्यक्रम निर्माण गर्न कार्यक्रम सफल बनाउन, तत्कालिन जनशक्तिलाई सहयोग गर्न साथै आवश्यक नेतृत्व, समन्वय, नियन्त्रण, अनुगमन र मूल्याङ्कन सम्बन्धी काम गर्नु पर्ने जिम्मेवारी विद्यालय व्यवस्थापन समितिको रहेको छ (सिप्रक, २०६४) । शिक्षकहरु अध्यापन कार्यमा तल्लिन भइरहनु पर्ने तथा प्रधानाध्यापकले प्रशासनिक लगायत शैक्षिक गुणस्तर प्रति बढी ध्यान केन्द्रित गर्नुपर्ने भएकाले यस्ता अन्य गतिविधीहरुमा ध्यान पुऱ्याउनकालागि अधिकारसम्पन्न एक सशक्त व्यवस्थापन समितिको आवश्यक्ता हुन जान्छ ।

नेपालको शिक्षा विकासमा राष्ट्रिय शिक्षा पद्धति योजना २०२८ लागु भएपछि विद्यालयको व्यवस्थापनलाई सरकारको मात्र जिम्मेवारी ठानियो । जनसहभागिताकोलागि प्रेरकको अभाव देखियो । यसमा सुधार ल्याउन विद्यालय सञ्चालक समितिको सट्टा विद्यालय सहयोग समिति नामाकरण गरियो जसले गर्दा विद्यालय सञ्चालन र

व्यवस्थापनमा स्थानीय सहभागिता वृद्धि भएर आयो । शिक्षा ऐन सातौ संसोधन २०५८ पछि भने विद्यालयमा स्थानीय स्तरबाट व्यवस्थापन गर्ने पद्धतिको शुरुवात हुन पुग्यो भनि उल्लेख भएको छ । विद्यालयको सञ्चालन र रेखदेख गर्न लागि व्यवस्थापन समितिलाई जिम्मेवार बनाउने व्यवस्थापन समितिले विद्यालयको दैनिक गतिविधिलाई सहज बनाउन विद्यालयको भौतिक अवस्थामा व्यापक सुधार गर्नु पर्ने, विद्यालय भवन, फर्निचर, शैक्षिक सामग्री तथा अन्य आवश्यकीय पक्षको समेत व्यवस्था व्यवस्थापन समितिले नै मिलाउनु पर्ने जस्ता कुराहरु उल्लेख छन् । साथै व्यवस्थापन समितिको चयन निश्चित प्रकृयाको आधारमा गर्नु पर्ने, व्यवस्थापन समितिलाई अधिकार सम्पन्न बनाउनु पर्ने, विद्यालयको भौतिक विकास कसरी भएको छ सो को आधारमा व्यवस्थापन समितिको मूल्याङ्कन गर्नु पर्ने कुरा समेत उल्लेख छ (सिन्हा, २०६२) । समुदायलाई पर राखेर स्थानिय स्तरमा गरिने कुनै पनि कार्यहरु पक्कै पनि सफल हुन सक्दैन । त्यसैले स्थानिय समुदायलाई विद्यालयको पत्यक्ष सरोकारवालाको रुपमा स्विकार गरि चालिएको यो कदम पक्कै पनि सह्रानिय छ भन सकिन्छ ।

शैक्षिक संस्थाहरुको सही संरक्षण र सञ्चालनका लागि विभिन्न आवश्यक सल्लाह, सुझाव, अनुगमन लगायत स्थानीय शिक्षा प्रेमी, शिक्षा विद् विद्धान, समाज सेवी, विद्यालय व्यवस्थापन समिति, अभिभावक शिक्षक र विद्यार्थीबाट गरिने बौद्धिक मानवीय सहयोग र सद्भाव लगायत आर्थिक र भौतिक सहयोगका व्यापक जनसहभागिता आवश्यक रहेको कुरा उल्लेख गरेका छन् । उनका अनुसार प्राचीनकाल, मध्यकाल, शाहकाल र आधुनिक कालमा प्रशस्तमात्रामा जनसहभागिता रहेको पाइन्छ । विभिन्न समयमा गठन भएको शिक्षा आयोगले पनि जनसहभागिता उत्तिकै जोड दिइको छ । विशेषत शिक्षा सम्बन्धी उच्च स्तरीय कार्यदलको प्रतिवेदन २०५८ ले शिक्षामा जनसहभागिता बढाउनु पर्ने कुरामा महत्वपूर्ण सुझाव दिए अनुसार विद्यालय व्यवस्थापनको दायित्व स्थानीय समुदायमा दिने कार्यको व्यवस्था भएको छ नेपालमा संचालित सामुदायिक विद्यालयलाई विभिन्न पक्षहरु जस्तै भौतिक सुविधालाई पनि प्रमुख आधारको रुपमा लिएको छ । त्यसको आधारमा विद्यालयले सरकारवाट प्राप्त गर्ने विभिन्न शीर्षक अन्तर्गतका सहयोगहरु प्राप्त गर्ने गर्दछ (लुइटेल, २०६६) । वौद्धिक व्यक्तिहरु वीच गरिने सामुहिक बहसबाट सत्यतथ्य उजागृत हुन्छ । त्यस्तै परिधिमा छरिएको थोरै थोरै रुपैया समेटिदै केद्रिकृत भयो भने केन्द्रमा ठूलो धनराशी जम्मा हुन आउछ । यस अर्थमा लुइँटेलको विचार सान्दर्भिक देखिन्छ ।

विद्यालय व्यवस्थापन समितिको मूख्य कार्य नै विद्यालयको भौतिक विकासमा सुधार गर्नु हो । व्यवस्थापन समितिले विद्यालयमा उपलब्ध स्रोत साधनहरु के कति छन् ? अब के के थप गर्नु आवश्यक छ ? भौतिक पक्षको विकास गर्नको लागि आवश्यक पर्ने आर्थिक स्रोत कहाँबाट कसरी जुटाउने सोको योजना बनाई अनुगमन गर्नुपर्दछ । शैक्षिक उपलब्धी हासिल गर्न भौतिक पक्षको पनि महत्वपूर्ण स्थान रहन्छ । जुन विद्यालय भौतिक रुपमा साधनस्रोत सम्पन्न छ त्यहाँको शैक्षिक उपलब्धी प्रायः गरी उच्च रहेको पाइएको छ । त्यसैले शैक्षिक उपब्लब्धी र भौतिक सुविधालाई एउटै सिक्काका दुई पाटाको रुपमा हेरिन्छ । शैक्षिक पक्षको विकासमा शिक्षाको प्रमुख भूमिका रहन्छ भने भौतिक पक्षमा व्यवस्थापन समिति वढि जिम्मेवार हुनु पर्छ । व्यवस्थापन समितिले विद्यालयको समग्र विकासमा मुख्य गरी भौतिक पक्षको विकासलाई बढी जोड दिनु पर्छ । जसले गर्दा विद्यालयमा उपलब्ध सुविधामा वृद्धि हुन गई सिकाईको उपयुक्त वातवारण सृजना हुन पुग्छ फलस्वरुप शैक्षिक उपलब्धीमा सकरात्मक सुधार आउँछ । त्यसैले समग्रमा विद्यालयको भौतिक सुविधाको विस्तार विकासमा व्यवस्थापन समितिको महत्वपूर्ण भूमिका रहन्छ (राजवंशी २०६७) । विद्यालय व्यवस्थापन समितिको प्रमुख दायित्व शैक्षिक गतिविधिमा प्रत्यक्ष निगरानी राख्नु पनि हो भन्ने जान्दा जान्दै व्यवस्थापन पक्षलाई भौतिक विकासमा मात्रै केन्द्रि गर्नुले पक्कै पनि विद्यालयको समग्र पक्षिय विकास हुन सक्दैन । त्यसैले व्यवस्थापन समितिको कार्यक्षेत्रलाई भौतिक क्षेत्रमा मात्र सिमित गर्नु सान्दर्भिक हुदैन ।

शैक्षिक पद्धति दिनानुदिन जटिल हुँदै गएको र विद्यार्थी संख्या, तिनीहरुलाई पढाउने शिक्षक, विद्यालय संख्यामा भएको वृद्धि र त्यस्ता पक्षहरुको व्यवस्थापन पक्षमा आएको नयाँ नयाँ अवधारणाले शैक्षिक प्रक्रियालाई जटिल बनाउँदै लगेको छ । शैक्षिक प्रणालीको विकास र विस्तार सँगसँगै सूचना प्रणालीको प्रयोग र व्यवस्थापनको दायरा पनि व्यापक हुदै जान्छ । विद्यालयको भौतिक तथा शैक्षिक व्यवस्थापनमा सूचना प्रणालीलाई महत्व दिदै शिक्षासँग सम्बन्धित सबै किसिमका सूचनालाई व्यवस्थित किसिमले विभिन्न किसिमका सूचकहरुका माध्यमबाट प्रदर्शित गरी ठीकसँग व्यवस्थापन गर्ने तरिका विधि प्रणालीलाई शैक्षिक व्यवस्थापन सूचना प्रणाली (EMIS) भनिन्छ । यसको प्रयोगबाट आज विद्यालयको व्यवस्थापनमा सहयोग पुगिरहेको छ । विद्यालयमा भएका सम्पूर्ण तथ्याङ्कहरु कम्प्यूटरको माध्यमबाट शैक्षिक व्यवस्थापन सूचना प्रणाली मार्फत सहजरुपमा प्राप्त गर्न सक्ने अवस्था छ (अधिकारी, २०६७) ।

विद्यालयको भौतिक व्यवस्थापन र यसले शैक्षिक क्षेत्रमा पार्ने प्रभाहरुको अध्ययन गर्न तथा सम्पूर्ण शैक्षिक कार्यक्रमको जानकारी लिन शैक्षिक व्यवस्थापन सूचना प्रणाली प्रयोग भइरहेको पाइन्छ । शैक्षिक व्यवस्थापन सूचना प्रणाली (EMIS) ले विद्यालयहरुको सर्वाङ्गिण पक्षको विकासमा सहयोग गरिरहेको पाइन्छ । आजको २१ औ शताब्दीमा भएका नयाँ नयाँ प्रविधिको विकासमा यस EMIS प्रणालीलाई लिइने गरेको पाइन्छ । आजको बदलिंदो समाजमा भएका नयाँ नयाँ प्रविधिको विकासका लागि विद्यालयका सम्पूर्ण तथ्याङ्कहरु सहज रुपमा उपलब्ध गराउन सामुदायिक विद्यालयहरुले शैक्षिक व्यवस्थापन सूचना प्रणालीलाई लिइरहेको पाइन्छ । आजको नयाँ यूगमा विकास भएका नयाँ नयाँ प्रविधि सँगै शैक्षिक विकासको क्षेत्रमा पनि शैक्षिक व्यवस्थापन सूचना प्रणालीलाई अवलम्बन गर्नुपर्ने देखिन्छ । हाम्रो देशको शैक्षिक प्रणाली दिनानुदिन जटिल बन्दै छ । गाउँ गाउँमा विद्यालय छन् तर विद्यार्थी संख्याको अभावमा यी विद्यालयहरु बन्द हुने अवस्थामा पुगेका छन् । कति विद्यालयहरु अन्य विद्यालयमा गाभिएको समाचारहरु सूनिन थालेको छ भने शहरी क्षेत्रमा विद्यार्थी संख्या अत्याधिक भएर समस्या श्रृजना भइरहेको अवस्था पाइन्छ वास्तवमा यी समस्याहरु कस्ता छन् ग्रामिण भेगमा त्यसको कस्तो अवसर छ भनि केलाउनलाई यस अध्ययनमा खोजी गर्ने प्रयास गरिएको छ (अधिकारी, २०६७) ।

विद्यालयको भौतिक व्यवस्थापनकोलागि अन्य विद्यालयहरुमा गरिएका सफल अभ्यासहरुलाई पनि हेर्नु आवश्यक छ । यसबाट आफ्ना त्रुटिहरु सुधार्ने अवसरका साथै आफूलाई थाहा नभएका नयाँ प्रयोगहरुको बारेमा पनि थाहा हुन आउछ ।

## २.२ अध्ययनको सैद्धान्तिक खाका

कुनै पनि अध्ययन र अनुसन्धान कुनै न कुनै सिद्धान्तमा आधारित भएर गरिन्छ । सैद्धान्तिक ज्ञानलाई व्यवहारमा के कसरी सामान्यीकरण गर्न सकिन्छ भन्नका लागि शोध विषयसँग सम्बन्धित विद्धानहरुद्वारा प्रतिपादित सैद्धान्तिक अवधारणाको परिधिमा रही विद्यमान समस्याको अध्ययन एवं विश्लेषण गर्न सान्दर्भिक र उपयुक्त हुने हुँदा यसले यो सोधकार्यलाई अगाडि बढाउन सहयोग गर्ने छ । यस शोध कार्य व्यवस्थापन निम्न सिद्धान्तहरुमा आधारित भएर पुरा गरिएको छ ।

मेरि पार्कर फलेट (१८५०) का अनुसार सँगठनमा मानवीय श्रोत कार्यरत हुन्छन् । उनले सँगठनका उद्देश्यहरु प्रभावकारी ढंगले हासिल गर्नको लागि कार्यरत मानवीय स्रोत बीच राम्रो र मानवीय सम्बन्धको विकासमा जोड दिई मानव सम्बन्ध सिद्धान्त प्रतिपादन

गरेको छ । यस सिद्धान्त अनुसार कुनै पनि सँगठनमा कार्य गर्ने मानिसहरु बीच राम्रो सम्बन्ध भएमा कार्य सम्पादन चाडो, राम्रो र स्तरीय हुने तर यसको विपरीत मानव सम्बन्ध भएमा कार्य सम्पादन ढिलो, नराम्रो र कम गुणस्तरीय हुन जान्छ । संस्थाको उद्देश्य प्राप्तिको लागि व्यवस्थापन र कामदार बीचको सम्ब्न्ध र सहकार्य राम्रो हुन आवश्यक हुन्छ । समूह सञ्चालनमा व्यापक जन सहभागिता, नेतृत्व, उत्प्रेरणा, सञ्चार र व्यक्तित्व विकास जस्ता सकारात्मक मानवीय व्यवहारबाट व्यवस्थापकलाई सहि दिशाबोध प्राप्त हुन्छ ।

यस सिद्धान्त अनुसार शैक्षिक संस्था विद्यालयलाई सामाजिक प्रणालीको रुपमा लिन सकिन्छ । यसमा कार्यरत कर्मचारी तथा सम्बद्ध मानिसहरु आर्थिक, मनोवैज्ञानिक, सामाजिक आवश्यकता र चाहानाबाट अभिप्रेरित हुन्छन् त्यही अभिप्रेरणाबाट उनीहरुको कर्मक्षमता र सामाजिक कार्यदक्षता वृद्धि हुन्छ । सँगठनमा एकल नेतृत्वको भन्दा मानवीय प्रजातन्त्रिक र सहभागिता मूलक नेतृत्वमा जोड दिनु आवश्यक हुन्छ । संस्थाको सुसञ्चालनको लागि कार्यरत कामदारको मानवीय व्यवहारमा विशेष जोड दिनु पर्छ । शिक्षक, कर्मचारी तथा विद्यालय व्यवस्थापन समितिमा प्रभावकारी सञ्चारको प्रयोग गरी शंका र अस्पष्टता निवारण गर्नु पर्दछ । विद्यालयमा साधन, श्रोत, प्रकृया र विद्यमान शैक्षिक वातावरण बीच सुमधुर सम्बन्ध कायम राख्न समन्वय र सहकार्य निरन्तर हुनुपर्दछ । विद्यालय व्यवस्थापन रुपी सँगठनमा मानवीय, प्रजातान्त्रिक र सहभागितामूलक नेतृत्वबाट कार्य गर्नका लागि मानवीय सम्बन्ध राम्रो हुनुपर्दछ । सामुहिक सहभागिता, नेतृत्व उत्प्रेरणा, सञ्चार र व्यक्तित्व विकास जस्ता मानवीय व्यवहारहरुबाट व्यवस्थापकलाई उचित दिशाबोध प्राप्त हुन्छ । जसबाट शैक्षिक  संस्थामा कार्यरत तथा सम्बद्ध व्यक्तिहरु संस्थागत विकासमा दक्ष, अभिप्रेरित, क्रियाशील र कटिवद्ध हुन्छन् । विद्यालयको भौतिक विकासमा सामुहिक सहभागिताका लागि आपसी समन्वय र सहकार्य गरी प्रभावकारी सञ्चारका साथ शंका र अस्पष्टता हटाउदै कार्य गर्न मद्धत पुग्दछ भन्ने मानव सम्बन्ध सिद्धान्तलाई जर्ज इल्टन मायो अव्राहम मास्लो, जोन बोडवार्ड आदिले समर्थन र सहयोग गरेका छन् ( कोइराला र श्रेष्ठ २०६४ मा उधृत) ।

यस सिद्धान्त अनुसार विद्यालय व्यवस्थापन रुपी सङ्गठन मानवीय, प्रजातान्त्रिक र सहभागिता मुलक नेतृत्वबाट कार्य गर्नकालागि बनिनु पर्दछ । सामुहिक सहभागिता, नेतृत्व, उत्प्रेरणा, सञ्चार र व्यक्तिव विकास जस्ता मानवीय व्यवहारहरुबाट व्यवस्थापकलाई उचित दिशाबोध हुन्छ । जसवाट शैक्षिक संस्थामा कार्यरत तथा सम्बद्ध व्यक्तिहरु संस्थागत

विकासमा दक्ष, अभिप्रेरित, क्रियाशील र कटिवद्ध हुन्छन् । विद्यालयको भौतिक व्यवस्थापनका लागि सामुहिक सहभागिताका साथ आपसी समन्वय र सहकार्य गरी प्रभावकारी सञ्चार द्वारा शंका र अस्पष्टता हटाउदै कार्य गर्न मदत पुग्छ भन्ने कुरालाई ध्यानमा राखी शोध अध्ययनमा मेरि पार्कर फलेटको यो  सिद्धान्तहरुको अध्ययन गर्न सान्दर्भिक ठानिएको छ ।

जर्ज डब्लु ग्रेगर (१९०६-१९६४) ले कार्यकुशल व्यवस्थापन सिद्धान्तको प्रतिपादन गर्दै यस सिद्धान्त अनुसार सँगठनको व्यवस्थापनलाई पिरामिडको रुपमा व्यक्त गरेका छन् । विद्यालयलाई पनि सँगठनको रुपमा तुलना गरी तहगत जिम्मेवारी व्यवस्था गरिदिंदा उपयुक्त हुन्छ । यस सिद्धान्त अनुसार व्यवस्थापकले सधैं, दक्ष, योग्य, कुशल बन्ने प्रयास गर्दछ । उसको दक्षता , क्षमता, कार्यशैली र कार्यकुशलतामा व्यवस्थापनको सफलता निर्भर गर्दछ । व्यवस्थापन सामुहिक कार्य भएपनि व्यवस्थापनको उच्च तहमा बसेर मध्यमस्तरीय व्यवस्थापक र निम्नस्तरीय व्यवस्थापकलाई राम्ररी परिचालन गर्नु पर्दछ । माथिल्लो तहको व्यवस्थापकले नीति, नियम, निर्णयसँग धेरै कार्य गर्नु पर्दछ भने त्यसलाई कार्यान्वयन गर्न तल्लो तहको ठूलो जिम्मेवारी हुन्छ । यसरी सुमधुर सम्बन्ध, समन्वय, मूल्याङ्कन, नियन्त्रण, सफल र सवल नेतृत्वको आधारमा सँगठनलाई निर्धारित लक्ष्य तर्फ लाने दायित्व कुशल व्यवस्थापकको हुन्छ । सहि ठाउँमा आवश्यक रुपमा सही ढंगले कार्य गर्ने वातावरण व्यवस्थापकले बनाउन सक्नुपर्छ । सँगठनको संस्कृतिले पनि व्यवस्थापकको कार्य कुशलता बढाउन र प्रयोग गर्न सघाउ पुग्दछ । राम्रो व्यवस्थापकले राम्ररी सहभागीता मूलक निर्णय गर्दछ । प्रजातान्त्रिक पद्धति अपनाई कार्य गर्छ, आवश्यक पर्दा जे जस्तो निर्णय गर्न सक्छ र काम कर्तव्य र अधिकारको विवेकपूर्ण  प्रयोग गर्दछ (कोइराला र श्रेष्ठ २०६४ मा उधृत)

विद्यालय एउटा सामाजिक संस्था हो । यसमा सबै पक्षको: शिक्षक, विद्यार्थी अभिभावक, विद्यालय व्यवस्थापन समिति आदिको समान रुपमा विकास गरिनु पर्दछ । सहकार्य र व्यवस्थापकीय सीपहरु प्रयोग भएका संस्थालाई आवश्यक पर्ने सम्पूर्ण पक्षहरुको विकास गरी उद्देश्य उन्मुख बनाउन सकिन्छ भन्ने कुरालाई ध्यानमा राखेर यो जर्ज डब्लु ग्रेगरको सिद्धान्तहरुको अध्ययन गर्न सान्दर्भिक ठानिएको छ ।

चेस्टर वर्नाड (१८८६) को सांयोगिता सिद्धान्त अनुसार नेतृत्वको कार्य तथा उद्देश्यको प्रकृति बाह्य वातावरणको प्रभाव र अनुयायिहरुको क्षमता र दक्षता निर्भर गर्दछ । कुनै पनि संघ सङ्ठनका नेता वा व्यवस्थापकको कार्य कुशलतामा नेताको स्तर सांगठनिक

एकाईबाट गरेको कार्यहरु, उद्देश्य र प्राविधिक प्रकृति सँगठनात्मक एकाइको आधार मातहतका कर्मचारीहरुको कार्यदक्षता र असामयिक परिस्थिति जस्ता तत्वहरुले असर पार्दछ । उनको यो सांयोगिक सिद्धात अनुसार नेता उद्देश्य, कर्म तथा सम्बन्धसँग केन्द्रित हुन्छन् । अवस्थाको अनुकुलतामा तथा नेतृत्वको अभ्यास मूलतः तीन तत्वमा भर पर्दछ । जसमा सँगठन भित्र हुने नेताको स्तरले नेताको स्थानको शक्तिको प्रतिनिधित्व गर्दछ । नेता र मातहतका कर्मचारी बीचको सम्बन्ध गुणस्तरको प्रभावकारी दक्षता र समन्वयात्मक सम्बन्धबाट हुने कार्यमा भर पर्दछ । व्यवस्थापक र मातहतका व्यक्ति बीच राम्रो सम्बन्ध भएन भने काम गर्ने वातावरण जटिल हुने र उद्देश्यमा पुग्नु पनि कठिनाइ हुने हुन्छ । सँगठनको उद्देश्य तथा उपलब्धी प्रभावकारी नेतृत्वमा भर पर्दछ । जसले जुनसुकै अवस्थामा पनि सजिलोसँग कार्य गर्न सघाउँछ ।

यसरी हेर्दा विद्यालय पनि सँगठनको एउटा रुप हो , जसलाई नेतृत्व र व्यवस्थापन गर्ने प्रमुख जिम्मेवारी विद्यालय व्यवस्थापन समिति को नै हो । यसको सार्थक नेतृत्वदायि भुमिका निर्माण र विकास गर्नका लागि आवश्यक विभिन्न पक्षहरुको अध्ययन गर्न चेस्टर वर्नाडको यो संयोगिता सिद्धान्तको अध्ययन अपरिहार्य हुन्छ ।

## २.३. पुनरावलोकनको शैक्षिक उपादेयता

अध्ययन गरिएको विषयको लागि छानिएको वैचारिक सिद्धान्तहरु मानव सम्बन्ध सिद्धान्त तथा व्यवस्थापन कार्यकुशल सिद्धान्तले कुनै पनि सँगठनमा कार्यरत कामदार वा व्यक्तिहरु बीचमा सुमधुर मानवीय सम्बन्ध हुनुपर्ने साथै उक्त कामदार वा व्यक्तिहरुलाई परिचालन गर्न माथिल्लो तहको ठूलो जिम्मेवारी हुन्छ भन्ने कुरामा जोड दिएको पाइन्छ । यसरी मानवीय सम्बन्ध स्थापित गर्ने, समन्वय मूल्याङ्कन र नियन्त्रण गरी सँगठनलाई निर्धारित लक्ष्य तर्फ लाने दायित्व कुशल व्यवस्थापकको हुन जान्छ । जसले गर्दा विद्यालयको भौतिक विकासमा संलग्न निकायमा आवद्ध कामदार वा व्यक्तिहरु बीचमा सुमधुर मानवीय सम्बन्ध स्थापित भई काम गर्ने जाँगर र मनोवल बढ्ने साथै माथिल्लो नेतृत्व विद्यालय व्यवस्थापन समितिको अध्यक्षबाट समन्वयकारी, नियन्त्रणकारी र नेतृत्वकारी भूमिकाका साथ कार्य गर्ने वातावरवण स्थापित हुने हुँदा प्रभावकारी काम हुने वातवारण तयार हुन्छ । तसर्थ यस्ता सिद्धान्तहरुको प्रयोग यस शोध कार्यमा सान्दर्भिक रहेको छ ।

वर्तमानमा विद्यालयमा भौतिक विकासका लागि उपलब्ध सीमित श्रोत साधनलाई अधिकतम परिचालन गरी विद्यालयको सञ्चालन र विकासमा प्रभावकारीता ल्याउन एक

कुशल व्यवस्थापनको आवश्यकता पर्दछ । त्यस प्रयोजनका लागि विद्यालयका गठित विद्यालय व्यवस्थापन समितिले कुशल व्यवस्थापकको जिम्मेवारी वहन गर्नुपर्ने आवश्यकता देखिन्छ । शैक्षिक संस्थालाई सामुहिक जिम्मेवारी, भूमिका र व्यवस्थापनबाट लक्ष्य उन्मुख र उद्देश्य उन्मुख बनाउन सकिन्छ । जसकालागि सम्बद्ध निकाय, शैक्षिक प्रशासन, व्यवस्थापक, शिक्षक विद्यालय व्यवस्थापन समिति,शिक्षक अभिभावक संघ र अभिभावकको सामुहिक भावना, पारस्पारिक समन्वय र एकताको आवश्यक्ता उपरोक्त सिद्धान्तमा औल्याइएको छ ।

शैक्षिक संस्थाहरुको सही संरक्षण र व्यवस्थापन र सञ्चालनका लागि व्यापक जनसहभागिता आवश्यक हुन्छ । विद्यालयको हरेक काममा निर्णय गर्ने र त्यसलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने जस्ता महत्वपूर्ण दिशा निर्देश गर्दछ । साथै विद्यालयसँग प्रत्यक्ष सरोकार राख्ने निकायहरु र सम्बद्ध पक्षसँग समन्वयात्मक रुपमा काम गर्नलाई यस सिद्धान्तले जोड दिएको देखिन्छ । विद्यायलको भौतिक विकास तथा सुधारमा विद्यालय व्यवस्थापन समितिले के कस्ता प्रयास गर्नुपर्छ ? भन्ने प्रश्नको निर्धारण गरी विद्यालयको भौतिक विकासमा विद्यालय व्यवस्थापन समितिको भूमिका एवं योगदानलाई समेटिएको हुँदा सम्बन्धित साहित्यको प्रयोग यस शोध कार्यमा अत्यन्तै सान्दर्भिक र उपयोगी देखिन्छ । यस शोध पत्रले सामुदायिक विद्यालयको भौतिक व्यवस्थापनमा सरोकारवालाहरुको भुमिकाहरु के के हुन सक्दछन भनि त्यसको लागि आधार तयार पार्न यो अध्ययनले सहयोग गरेको छ । यसमा अतिरिक्ति यस अध्ययनको प्रतिवेदन तयार गर्ने क्रममा साहित्यको पुनरावलोकन र शैद्धान्तिक खाकाले विशेष गरि अध्ययन प्रतिवेदनलाई पुर्णता दिन, उद्देश्यहरु निर्धारण गर्न, ऐतिहासिक पक्षको खोजि गर्न, तथ्याङ्क सङ्कलन गर्न आवश्यक पर्ने साधनको निर्माण र अन्त्यमा निस्कर्ष निकाल्न समेत सहयोग पुऱ्याएको छ ।

# परिच्छेद तीन
# अध्ययन विधि र प्रक्रिया

अनुसन्धानका समग्र प्रकृया तथा विस्तृत रुप एवं विधि नै अनुसन्धान पद्धति वा अध्ययन विधि हो । अनुसन्धानको प्रस्ताव तयार पारे देखि लिएर अध्ययनपूरा गर्दा सम्म गरिने सम्पूर्ण कार्य र प्रकृयालाई यस खण्डमा संश्लेषण गरी राखिएको छ । यस अध्ययन विधिले अनुसन्धान योजनाको कार्यान्वयन प्रकृयालाई स्पष्ट गर्छ । त्यसैले अध्ययन विधिलाई अनुसन्धानको मुख्य खण्डको रुपमा लिने गरिन्छ । क्षेत्रगत अध्ययनबाट सूचना सङ्कलन गर्नको लागि परिणात्मक र गुणात्मक दुवै तरिकालाई यस अनुसन्धानले आधार बनाएको छ । यस अध्ययनमा निर्धारित गरिएका उद्देश्यहरु प्राप्तिका लागि तथ्याङ्क तथा सूचना संकलन गर्न निम्न अनुसार विभिन्न आधार र पद्धतिको अवलम्बन गरिएको छ ।

## ३.१. अनुसन्धान ढाँचा

“अनुसन्धानका लागि गरिने तार्किक एवं व्यवस्थित योजना र निर्देशन नै अनुसन्धान ढाँचा हो'' (खनाल, २०६६) । अनुसन्धान कार्यका लागि तयार पारिने वृहत योजना तथा रणनीति वा पूर्ण निर्धारित स्वरुपलाई नै अनुसन्धान ढाँचा मानिन्छ । अनुसन्धान ढाँचा विवरणात्मक र गुणात्मक गरी २ किसिमका हुन्छन् । यो अनुसन्धान मुख्यत गुणात्मक ढाँचामा रहेको छ ।

अनुसन्धान गरिने विषयको प्रकृति, अध्ययनको उद्देश्य, सङ्कलित सूचनाहरुको किसिम जस्ता पक्षहरुमा निर्भर गर्दछ । त्यसैले प्रस्तुत अध्ययनका निर्धारित उद्देश्य परिपुर्ति गर्ने लक्ष्य सहित सिमित स्रोत र साधनको सीमा भित्र रही गुणात्मक र परिणात्मक दुवै अनुसन्धानको ढाँचालाई प्रयोग गरिएको छ । गुणात्मक ढाँचा भित्र श्रोतव्यक्ति, प्रधानाध्यापक, शिक्षक, विद्यार्थी र विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरुको विद्यालयको व्यवस्थापन एवं भौतिक पक्षको न्यूनतम ज्ञान तथा जानकारीका साथै विद्यालयको व्यवस्थापकिय पक्षमा व्यवस्थापन समितिको भूमिका निर्णय प्रकृयालाई वास्तविक तथ्यपूर्ण रुपमा उजागर गराई गुणात्मक सूचनाहरु लिइएको छ । त्यस्तै परिणात्मक भित्र विद्यालयको भौतिक विकासमा व्यवस्थापन समितिले गरेको निर्णयहरुको प्रभावकारिता एवं भूमिका र निर्णय कार्यान्वयनमा आइपरेका समस्याहरुको पहिचान तथा समस्या समाधान गर्ने उपायहरु समेत

पत्ता लगाइ र व्यवस्थापकीय अवस्थाका बारेमा स्पष्ट रुपमा खोज तथा अनुसन्धान गरी प्राप्त तथ्याङ्कलाई  वर्णनात्मक ढाँचाको माध्यमबाट अनुसन्धान सम्पन्न गरिएको छ ।

## ३.२. अध्ययनको जनसंख्या तथा नमूना छनौट

यस अनुसन्धानलाई सम्पन्न गर्नका लागि झापा जिल्लाको काकरभिट्टा स्रोतकेन्द्रको श्री धुलाबारी मा.वि धुलाबारी, बाहुण्डागी स्रोतकेन्द्रको श्री जनता मा.वि तेलपानी र अनारमुनि श्रोतकेन्दको श्री देवी मा.वि विर्तामोडका प्रधान अध्यापक, कार्यरत शिक्षक, व्यवस्थापन समितिका पदाधिकारी, अध्ययनरत विद्यार्थी, विद्यालयमा निर्माण गरिने गरिएको शैक्षिक योजना, विद्यालय व्यवस्थापन समितिका निर्णयहरुका साथै अभिभावक र स्रोतव्यक्ति समेतलाई जनसंख्याको (Universe) को रुपमा लिइएको छ ।

यहाँ विद्यालय छनौट गर्दा झापा जिल्ला भित्रका जम्म १७ वटा स्रोत केन्द्र मध्ये गोला प्रथा द्वारा ३ वटा स्रोत केन्द्रहरुको छनौट गरिएको छ । उक्त ३ स्रोत केन्द्र भित्रका विद्यालयको छनौट गर्दा पहाडी र ग्रामीण क्षेत्र समेटन श्री जनता माध्यमिक विद्यालय, तेलपानी, झापा जिल्ला भरिमा सबैभन्दा धेरै विद्यार्थी सङ्ख्या रहेको विद्यालय श्री देवि माध्यमिक विद्यालय र नगरपालीका क्षेत्र समेटने अभिप्रायले मेचीनगर नगरपालीका भित्र रहेको विद्यालय श्री धुलाबारी उच्च माध्यमिक विद्यालयलाई छनौट गरिएको हो । विद्यार्थीको छनौट गर्दा गोला प्रथा द्वारा प्रत्येक विद्यालयबाट एक छात्र र छात्रा पर्ने गरि २/२ जना विद्यार्थीको चयन गरियो । अभिभावकको छनौट गर्दा माथि उल्लेखित विद्यार्थीहरुका अभिभावकहरुलाई नै छनौट गरियो । व्यवस्थापन समितिमा प्रतिनिधित्व गर्ने शिक्षक प्रतिनिधिलाई शिक्षकको रुपमा छनौट गरिएको छ ।

## ३.३. तथ्याङ्कका स्रोतहरु

यस अनुसन्धानको कार्यलाई उद्देश्य प्राप्ति तर्फ लगेर समापन गर्नका लागि प्राथमिक र द्धितीय दुवै स्रोतका तथ्याङ्क प्रयोग गरिएको छ ।

### ३.३.१. प्राथमिक स्रोत

प्राथमिक स्रोतका तथ्याङ्क भन्नाले अनुसन्धान कर्ताले पहिलो पटक संकलन गरेका तथ्याङ्क पर्दछ । यस शोध कार्यमा पनि प्रश्नावली, अवलोकन, छलफल, अन्तरवार्ताका माध्यमबाट प्राथमिक तथ्याङ्क संकलन गरी त्यसैको आधारमा निश्कर्षहरु निकालिएका छन् । प्रश्नावली तथा अर्न्तवार्ताको प्रयोग गरी प्रधानाध्यापक, शिक्षक, विद्यार्थीहरु, व्यवस्थापनका

अध्यक्ष आदिबाट संकलित सूचनालाई प्राथमिक स्रोत अर्न्तगत समावेश गरिएको छ। अनुसन्धानकर्ता आफैले नमुना क्षेत्रभित्र गइ आवश्यक सूचना संकलन गरिएको छ।

### ३.३.२. द्वितीय स्रोत

द्धितिय स्रोतका तथ्याङ्क भन्नाले पहिले नै संकलित तथ्याङ्कलाई पनि अनुसन्धानकर्ताले प्रयोग गर्दछ भने त्यसलाई जनाउदछ (स्रो : खनाल, २०६६)। यस अध्ययन क्रममा विभिन्न व्यक्ति, संघ, संस्था, सरकारी र गैरसरकारी संघ संस्थाको प्रतिवेदनलाई द्धितिय स्रोतको रुपमा प्रयोग गरिएको छ।

### ३.४. तथ्याङ्क संकलनका साधनहरु

यस शोध प्रस्ताव कार्यलाई परिणाममुखी बनाउन शोध विषयको प्रकृति हेरी सान्दर्भिक र प्रभावकारी साधन औजारको प्रयोग गर्नु पर्ने हुन्छ जसले गर्दा अध्ययन गर्दा अध्ययन कार्य फलदायी र परिणाममुखी बन्न सक्छ। यस अनुसार यो अध्ययन कार्यका लागि आवश्यक पर्ने तथ्याङ्क संकलन साधनहरु प्रश्नावली अन्तरवार्ता, अवलोकन लक्षित समूह छलफल अध्ययन निम्न अनुसार राखिएको छ।

### ३.४.१. प्रश्नावली

“प्रश्नावली त्यस्तो साधन हो जसमा श्रृखलावद्ध र निश्चित स्वरुपका प्रश्नहरुमा उत्तरदाता आफैले उत्तर भरी तथ्याङकहरु प्राप्त गरिन्छ'' (गुड र ह्याट खनाल २०६६)। सम्बन्धित विद्यालयमा गएर छनौटमा परेका व्यक्तिहरुलाई (प्र.अ, विद्यालय व्यवस्थापन समिति अध्यक्ष, अभिभावक) खुल्ला र बन्द प्रश्नावली माध्यमबाट उत्तर खोज्ने काम गरिएको छ।

### ३.४.२. अन्तरवार्ता

सामाजिक अन्तरक्रियाको प्रचलित प्रकृयाको रुपमा अन्तवार्तालाई लिइन्छ। वि.भि मोङ्ग अनुसार “अन्तरवार्ता यस्तो क्रमबद्ध विधि हो जसद्वारा एक व्यक्तिले कुनै नौलो व्यक्तिको जीवनमा थोरै धैरै अदृष्यको प्रवेश पाउँछ वा कुनै व्यक्तिको वास्तविक जीवनको गहिराई सम्म जानकारी लिनकालागि अन्तरवार्तालाई सशक्त साधनका रुपमा लिइएको छ।'' अन्तरवार्तामा परेका छनौटका विद्यालयमा गई त्यहाँको भौतिक विकासमा विद्यालय व्यवस्थापन समितिको भूमिकाको बारेमा अन्तरवार्ता लिई तथ्याङ्क संकलन गरिएको छ।

### ३.४.३. अवलोकन

प्राथमिक तथ्याङ्क संकलनको एक उपयुक्त विधिको रुपमा अवलोकनलाई लिइन्छ। अनुसन्धानका लागि गरिने अवलोकनलाई वि.भी योङ्गले 'व्यवस्थित हेराई' भनेकी छिन्। अवलोकन भनेको कुनै पनि नयाँ कुरा प्राप्तीका लागी कुनै पनि व्यक्तिः वा वस्तुलाई पटक पटक हेर्ने कार्य हो '' (हेर्न वी २००३, खनाल )। यस अध्ययन कार्यलाई पूरा गर्न विद्यालयमा विद्यालय व्यवस्थापन समितिले गरेका निर्णयहरु कार्यान्वयन गरे नगरेका आदिका बारेमा अध्ययन अवलोकन गरिएको छ।

### ३.४.४. लक्षित समूह छलफल

छलफललाई कुनै पनि अध्ययनको लागि महत्वपूर्ण र उपयुक्त विधिको रुपमा लिइन्छ। अध्ययनका लागि जनसंख्या तथा नमूनाको रुपमा छनौट गरिएका व्यक्तिहरु माभ्क गएर विद्यालयको भौतिक विकासमा विद्यालय व्यवस्थापन समितिको भूमिका कार्यान्वयनको अवस्था, प्रभाव, समस्यासँग छलफल गरी आवश्यक तथ्याङ्क संकलन गरिएको छ।

### ३.५. तथ्याङ्क सङ्कलन विधि

यस अध्ययनको क्रममा तथ्याङ्क संकलन गर्दा छनौटमा परेका विद्यालयमा गएर प्र.अ, शिक्षक कर्मचारी, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी, विद्यार्थीहरुलाई प्रश्नावली निर्माण गरेर भर्न लगाइएको छ। यसका लागि शोधकर्ता आफूनै उपस्थित भएर छलफल, भेटवार्ता, अनौपचारिक छलफल, अवलोकन, अन्तरवार्ताको प्रयोग गरिएको छ। द्धितिय माध्यमको रुपमा व्यक्तिगत दस्तावेज लगायत सार्वजनिक दस्तावेज जस्तै प्रकाशित र अप्रकाशित दस्तावेज तथा हस्तलिखित दस्तावेजलाई बढी प्राथमिकता दिदै तथ्याङ्क संकलन कार्य गरिएको छ ।

### ३.६. तथ्याङ्क विश्लेषण प्रकिया

तथ्याङ्क विश्लेषण अनुसन्धानको महत्वपूर्ण कार्य भएकोले यस अध्ययनमा विभिन्न किसिमका प्राथमिक र द्धितिय स्रोतबाट प्राप्त तथ्याङ्कलाई सिलसिला मिलाई व्याख्या विश्लेषण र विवेचना गरिएको छ। अध्ययनको क्रममा संकलन गरिएका प्राथमिक तथ्याङ्कलाई गुणात्मक तथ्याङ्कको रुपमा विश्लेषण गरिएको छ। साथै बैचारिक चिन्तनसँग सम्बन्धित द्धितिय तथ्याङ्कको आधारमा विभिन्न शीर्षकहरुको चयन गरी प्रस्तुतीकरण, विश्लेषण र व्याख्यान गरिएको छ।

# परिच्छेद चार

# नतिजाको विश्लेषण

अनुसन्धानबाट सही निश्कर्षमा पुग्न प्राप्त तथ्याङ्कको सहि विधिद्वारा विश्लेषण र प्रस्तुतीकरण गर्नुपर्ने हुन्छ । प्रस्तुत अध्ययन विद्यालयको भौतिक विकामा विद्यालय व्यवस्थापन समतिको योगदानमा झापा जिल्लाका छनौटमा परेका सामुदायिक सरकारी विद्यालयहरुमा भइरहेका विद्यालयहरुको भौतिक विकासका कार्यहरुको अध्ययन गरी तालिका समेत प्रस्तुत गरी गुणात्मक तरिकाले व्याख्या र विश्लेषण गरिएको छ । साथै विद्यालयका प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरुलाई सोधिएका प्रश्न र अन्तरवार्ताबाट आएका प्रतिक्रिया एवं स्थलगत अवलोकनबाट प्राप्त भएको नतिजालाई समेत समावेश गरी विश्लेषण गरिएको छ ।

## ४.१ विद्यालय व्यवस्थापनमा व्यवस्थापन समितिको भूमिका

शिक्षा आदान प्रदानको प्रमुख केन्द्र विद्यालयको चौतर्फी विकासको लागि सम्बद्ध सबै पक्षको समान दायित्व र योगदान आवश्यक हुन्छ । समय सापेक्ष व्यक्ति, समाज र राष्ट्रको आवश्यकता परिपूर्ति गर्न राष्ट्रको शिक्षा प्रणाली प्रभावकारी र उत्पादन मूलक बनाइनुपर्दछ । यसको लागि विद्यालयको समुचित विकास गरिनुपर्दछ । सरकार एक्लैले मात्र विद्यालयको विकास गर्न सम्भव नहुने भएकाले सम्बद्ध शिक्षक, अभिभावक तथा सरोकारवाला सबैले आफ्नो आफ्नो ठाउँबाट दायित्व अनुसारको भूमिका निर्वाह गर्नुपर्दछ ।

विद्यालय सञ्चालनका लागि सरकारी सहयोगको अलावा स्थानीय अभिभवाक, शिक्षक र सरोकारवालाहरु समेतलाई सहभागी गराई विद्यालय व्यवस्थापन समितिको व्यवस्था गरिएको हुन्छ । विद्यालयलाई प्रभावकारी व्यवस्थित र सफल रुपमा सञ्चालन गर्न विद्यालय व्यवस्थापन समितिको जिम्मेवारी अत्यन्त महत्वपूर्ण रहन्छ ।

विद्यालयलाई व्यवस्थित रुपमा सञ्चालन गर्न अत्यावश्यक पर्ने प्राज्ञिक, आर्थिक, भौतिक लगायत क्षेत्रको समुचित विकासका लागि पर्याप्त ध्यान पुऱ्याउनु आवश्यक हुन्छ र त्यस्तो पक्षको समुचित विकासको लागि विद्यालय व्यवस्थापन समितिले अत्यन्तै जिम्मेवारी पूर्वक कार्य गर्नुपर्दछ । विद्यालयका भौतिक पक्षको विकासमा विद्यालय व्यवस्थापन समितिले सम्बद्ध शिक्षक, अभिभावक तथा सरोकारवाला लगायतलाई सहभागी गराई परिचालन गर्न सकेको खण्डमा उपलब्ध साधन स्रोतको अधिकतम परिचालन र

सदुपयाग हुनगइ व्यक्ति, समाज र राष्ट्रले अपेक्षा गरेका शैक्षिक उपलब्धी हाँसिल गर्न सजिलो हुन्छ । यस परिच्छेदमा विद्यालयको विद्यमान वर्तमान भौतिक विकासमा विद्यालय व्यवस्थापन समितिले निर्वाह गरिरहेको भूमिका तथा भोग्नु परिरहेका समस्या र निराकरणका लागि भइरहेका प्रयासहरुलाई गुणात्मक रुपमा व्याख्या विश्लेषण गरिएको छ ।

विद्यालयको वर्तमान भौतिक विकासको अवस्था विद्यालयको व्यवस्थापकीय स्वरुप अनुसार अलग अलग विद्यालय अनुसार फरक फरक पाइन्छ । विद्यालय सञ्चालनमा महत्वपूर्ण भूमिका विद्यालयको वर्तमान भौतिक अवस्थाले निर्धारण गरेको हुन्छ । विद्यालयका अन्य पक्षहरु व्यवस्थित र मजबुत छन् तर भौतिक अवस्था जिर्ण रुपमा रहेको छ भने त्यसले विद्यालयको शैक्षिक गुणस्तर अभिबृद्धिमा नकारात्मक प्रत्यक्ष असर पर्दछ । जसले गर्दा शैक्षिक गुणस्तर राम्रो कायम गर्न सकिन्न कमजोर विद्यालको भौतिक व्यवस्थापनले गर्दा शिक्षण क्रियाकलाप व्यवस्थित हुन सक्दैन । तसर्थ विद्यालयको वर्तमान भौतिक अवस्थाको बारेमा जानकारी लिन नमूना छनौट भएका विद्यालयको भौतिक व्यवस्थापन पक्षलाई विश्लेषण गरिएको छ ।

### ४.१.१ विद्यालयको जग्गासँग सम्बन्धित भूमिका

विद्यालय सञ्चालन गर्न सबैभन्दा अत्यावश्यक र महत्वपूर्ण पक्ष विद्यालयको जग्गा हो । विद्यालयमा भवन, खेलमैदान, शौचालय, बगैंचा लगायत अन्य भौतिक निर्माणका लागि पर्याप्त जग्गाको व्यवस्था र उपलब्धता हुनुपर्छ ।

अनुसन्धानको क्रममा नमूना छनौटमा परेका पहिलो विद्यालय श्री धुलाबारी माध्यमिक विद्यालय, मेचीनगर-३  मा जम्मा ३२ बिगाहा जग्गा रहेको पाइयो जसमध्ये ३९.५ विगाहा जग्गा विभिन्न जग्गा दाताले विद्यालयको नाममा दान दिएको तथा बाँकी २.५ विगाहा जग्गा विद्यालयले खरिद गरेको कुरा विद्यालयको अभिलेखमा देखिन आयो । विद्यालयले खरिद गरेको उक्त जग्गामा हालको विद्यालय भवन निर्माण गरिएको छ । उक्त भवन निर्माण गर्नकालागि तत्कालिन समयमा विरबहादुर श्रेष्ठले दान दिनुभएको १० विगाहा जग्गा विक्रि गरेको कुरा जानकारी भयो । हाल सो भवन पनि जिर्ण भइ भत्काइ सकिएको कुरा विद्यालयको अभिलेखमा देखिन आयो । सबै जग्गा विद्यालय परिसरमा नभएपनि विद्यालय समितिबाट उक्त जग्गालाई अतिक्रमणबाट रोक्न जग्गाको अनुगमन अवलोकन तथा निरीक्षण गर्ने गरेको पाइयो ।

त्यसैगरी देवि माध्यमिक विद्यालय, विर्तामोडको नाममा जम्मा जग्गा १ विगाहा मात्र रहेको पाइयो । उक्त जग्गा २०३९ सालमा देविभक्त प्रसाइँले विद्यालयको नाममा दान दिनुभएको विद्यालयको अभिलेखबाट प्राप्त भयो । निज देविभक्त प्रसाइँ को नामबाट उक्त विद्यालयको नाम श्री देवि माध्यमिक विद्यालय रहने गएको हो

अर्को छनोटमा परेको विद्यालय जनता माध्यमिक विद्यालय, बाहुण्डागीको जम्मा ६७ विगाहा जग्गा रहेको देखिन्छ । मुलुकि ऐन लाग्ने बेलामा आफ्नो नाममा रहेको हदबन्दि भन्दा बढी जग्गा विद्यालय आदिको नाममा दान गर्ने होड नै चल्या बेला विद्यालयले धेरै जग्गा आफ्नो नाममा त प्राप्त गऱ्यो तर त्यो जग्गाको अधिकांश भाग आजसम्म विद्यालयले भोग्न पाएको छैन । धेरै जग्गामा मोहियानी लागेको छ तर कमाउनेहरुले विभिन्न राजनैतिक आडमा त्यसको विद्यालयललाई बुझाउनु पर्ने नाममात्रको ठेक्का पनि नबुझाउने गरेको पाइयो ।

विद्यालय व्यवस्थित सञ्चालन गर्न भौतिक पक्षलाई मजबुत पार्न भौतिक निर्माण मर्मतका लागि प्रयाप्त मात्रामा जग्गा हुनु आवश्यक छ । उपयुक्त र फराकिलो जग्गाले विद्यालयलाई व्यवस्थित गर्न सकिन्छ । विद्यालयको लागि आवश्यक पर्ने जग्गा खरिद गर्ने, दातृ निकाय, संघ संस्था, व्यक्ति पहिचान गरी आवश्यक पर्ने जग्गा सही सदुपयोग गर्ने र उचित व्यवस्थापन पर्ने कार्यमा विद्यालय सँग सम्बद्ध सवै सरोकारवालाको समान दायित्व हुन्छ । जसको अगुवाई विद्यालय व्यवस्थापन समितिले लिनु पर्दछ । यसरी विद्यालय सँग काम गर्न सवै पक्ष वीच मेरी पार्कर फलेट अनुसार मानव सम्वन्ध सुमधुर भएमा कार्य प्रगति उच्च हुन आउछ ।

## ४.१.२ विद्यालयको भवन र कक्षाकोठा सँग सम्बन्धित भूमिका

औपचारिक शिक्षा आदान प्रदानको केन्द्र विद्यालयमा सुचारु, प्रभावकारी र उपलब्धीमूलक पठनपाठनको लागि उचित, प्रयाप्त र अनुकूल विद्यालय भवनको व्यवस्था हुनु पर्दछ । माप दण्ड अनुसारका कक्षाकोठाहरुको व्यवस्था भएमा निर्वाध रुपमा कक्षा सञ्चालन गर्न सकिने छ ।

अध्ययनको क्रममा श्री धुलाबारी माध्यमिक विद्यालयमा जम्मा भवन संख्या ९ र कक्षा कोठा सङ्ख्या ३५ रहेको पाइयो । त्यस्तै श्री देवि माध्यमिक विद्यालयमा भवन सङ्ख्या १० र कक्षा कोठा सङ्ख्या ४० रहेको पाइयो । यसैगरि श्री जनता माध्यमिक

विद्यालयमा भवन सङ्ख्या ६ र कक्षा कोठाको सङ्ख्या ४४ रहेको पाइयो । स्रोत : विद्यालय अभिलेख र स्थलगत सर्वेक्षण

यसरी श्री धुलाबारी माध्यमिक विद्यालयका जम्मा ९ वटा भवन मध्ये ३ वटा भवनहरु २०४५ सालको भुकम्पबाट क्षतिग्रस्त भएपछि नँया ब्लकहरु अनुदान दिएबाट बनेका रहेछन र पुनः ३ भवन जिल्ला शिक्षा कार्यालय २०६६ सालमा गरी १३ लाख अनुदान पाइ त्यसमा थप गरि जनश्रमदान बाट निर्माण गरेको पाइयो । नँया भवनहरु सामान्यतया सिमेन्ट प्लास्टर गरिएका रु पक्की प्रकृतिका रहेका छन् । हाल पनि एउटा भवन निर्माणाधिन अवस्थामा रहेको पाइयो ।

श्री देवि माध्यमिक विद्यालयमा भवन सङ्ख्या १० वटा रहेका छन् जस मध्ये भूकम्प पिडित राहतमा ४ वटा ब्लक बनाएको वि.स. २०४८/०४९ सालमा अन्य २ भवन जि.शि.का. २ लाख ५० हजार अनुदान प्राप्तबाट निर्माण गरिएको पाइयो । अर्को १ भवन जनश्रमदानबाट पहिले नै निर्माण भै सकेको पाइयो । भवन निर्माण गर्न विद्यालय व्यवस्थापनले जनश्रमदान जुटाएर जग खन्ने, सम्म पार्ने ढुङ्गा खोज्ने जस्ता ४० प्रतिशत कार्य सम्पन्न गरेर विद्यालयमा योगदान दिएका पाइयो । हाल पनि एउटा भवन निर्माणाधिन अवस्थामा रहेको पाइयो ।

श्री जनता माध्यमिक विद्यालयमा भवन सङ्ख्या ६ वटा रहेछन् । जसमा ४ वटा भवनहरु पुराना र जिर्ण अवस्थामा रहेका छन भने २ वटा भवनहरु भारतिय राजदुतावासको आर्थिक र प्राविधिक सहायतामा निर्माण भएका छन । ति दुई भवनहरु अत्यन्तै सुविधा सम्पन्न र उच्च गुणस्तरका छन । विद्यालय भवन निर्माणमा वि.व्य.स. ले योजना माग गर्ने संरक्षण गर्ने निजि श्रमदान जुटाउने, दातृ निकाय खोजी गर्ने जस्ता सकृय कार्य गरेको पाइयो । विद्यालय व्यवस्थापन समितिले विद्यालय भवन निर्माण गर्न बैठक वोलाई निर्मा समति मार्फत निर्माण गर्ने गरेको समेत पाइयो । अभिभावकको सकृयता बढाउन विद्यालयले विभिन्न समिति, उपसमिति गठन गरेको र सेवा क्षेत्र भित्र अभिभावक भेला गराई प्रगति विवरण समेत सुनाएको पाइयो ।

विद्यालयमा आवश्यक पूर्वाधारको रुपमा विद्यालय भवनलाई लिइन्छ । विद्यालयमा पर्याप्त र अनुकुल भवनको व्यवस्था विना प्रभावकारी र उपलब्धीमूलक शिक्षण सिकाइ कार्यको कल्पना गर्न सकिदैन । तसर्थ विद्यालय सञ्चालनामा विद्यालय भवनको व्यवस्थालाई पहिलो र प्रमूख प्राथमिकतामा राखिनु पर्दछ । त्यसका लागि विद्यालयमा

सम्बद्ध सवै पक्षको अहम जिम्मेवारी र  भूमिका अपरिहार्य हुन्छ । त्यसका साथै फलेटको सिद्धान्त अनुसार मानव सम्वन्धको सिद्धान्त लागू गरी सरोकारवाला सवै पक्ष सिद्धान्त सम्वन्ध स्थापित भए निर्माण कार्य सहज र सरल हुन्छ

## ४.१.३.खेलमैदानको व्यवस्थापन सँग सम्बन्धित भूमिका

विद्यार्थीको सर्वाङ्गीण विकासका लागि विद्यालयमा पठनपाठनको अलाव विभिन्न क्रियाकलापहरु पनि सञ्चालन गर्नु पर्ने हुन्छ । यस्ता क्रियाकलापहरु निर्दिष्ठ पाठ्यक्रम अनुसारका उद्देश्यहरु हासिल गर्नको लागि तथा विद्यार्थीहरुको शारीरिक एवं मानसिक विकासको लागि पनि अपरिहार्य मानिन्छन् । यसका लागि मापदण्ड अनुसारको खेलमैदान विद्यालयको परिसरमा नै हुनु आवश्यक छ ।

अध्ययनको क्रममा श्री धुलाबारी माध्यमिक विद्यालयमा विद्यालय परीसर मै जोडियेको २ विगाहा जग्गामा फैलिएको खेल मैदान रहेको पाइयो । त्यस्तै श्री देवि माध्यमिक विद्यालयमा १० कट्ठा र श्री जनता माध्यमिक विद्यालयमा १० कट्ठा क्षेत्रफलमा फैलिएको खेल मैदान रहेको पाइयो । स्रोत : स्थलगत अध्ययन २०७३

यसरी श्री धुलाबारी माध्यमिक विद्यालयको खेलमैदान २ विगाहा क्षेत्रमा फैलिएको पाइयो । यस मैदानमा विद्यार्थीहरुको नियमित प्रार्थना सभाका साथै फुटबल खेल मैदान, क्रिकेट खेल मैदानका साथै जुडो, डोजो तथा भलिबलको पनि नियमित रुपमा अभ्यास गराउने गरिएको पाइयो । यस मैदानलाई विद्यालयका अतिरिक्त अन्य खेल प्रेमीहरुले पनि प्रयोग गर्ने गरेको पाइयो । यो खेल मैदान विद्यालय परिसर मै रहेको छ । निकट भविश्यमा यस खेल मैदानको वरिपरि ग्यालेरीको निर्माण गर्ने योजना रहेको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष्य श्री गणेश विक्रम नेम्बाङ्गले बताउनु भयो ।

श्री देवि माध्यमिक विद्यालयको खेलमैदान करिब १ विगाहा मात्रा भएको पाइयो । खेल मैदानलाई वरिपरिबाट विद्यालयका भवनहरुले घेरेको छ । जसले गर्दा विद्यालय सञ्चालमा रहेको अवस्थामा खेलहरु सञ्चालन गर्न कठिनाइ हुने देखियो  । यस मैदानमा पानीको निकास नभएकाले पानी परेको समयमा खेल मैदानमा पानी जम्ने समस्या रहेको पाइयो । यस मैदानमा फुटबल, भलिबल तथा क्रिकेटको नियमित अभ्यास हुने गरेको कुरा प्रधानाध्यापक श्री लेखनाथ भट्टराइले बताउनु भयो ।

श्री जनता माध्यमिक विद्यालयमा खेलमैदान करिब आधा विगाहा क्षेत्रमा फैलिएको पाइयो । पहिला मैदानमा घेराबारा नहुदा गाउको गौचरनको रुपमा सको प्रयोग हुने गरेको

थियो तर भारतिय राजदुताबासको आर्थिक सहायताबाट विद्यालय भवन निर्माण हुदा खेल मैदानमा घेराबाराको निर्माण गरि दिएकाले हाल खेल मैदानको सदुपयोग हुने गरेको कुरा प्रधानाध्यापक श्री बिजयकुमार देवले बताउनु भयो । विद्यालयको नाममा प्रसस्त जग्गा रहेको देखिएता पनि विद्यालय भवन मै सटिएको जग्गा थोरै भएकाले यथेष्ट ठुलो खेल मैदान निर्माण गर्न नसकिएको कुरा थाहा भयो ।

## ४.१.४. शौचालयको व्यवस्थापन सँग सम्बन्धित भूमिका

विद्यालयमा आवश्यक पर्ने भौतिक साधन अन्तरगत शौचालय पनि पर्दछ । विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारी र अध्ययनरत विद्यार्थीहरुको लागि पर्याप्त र छुट्टा छुट्टै शौचालयनको व्यवस्था हुनु पर्दछ । प्रचलित शिक्षा ऐन तथा नियमावलीमा पनि विद्यालयमा मापदण्ड अनुसारको शौचालयको अनिवार्य रुपमा हुनु पर्ने प्रावधान रहेको छ ।

नमूना छनौट गरिएको विद्यालयको स्थलगत अवलोकन गर्दा श्री धुलाबारी माध्यमिक विद्यालयमा ५ वटा, श्री देवि माध्यमिक विद्यालयमा ६ वटा र श्री जनता माध्यमिक विद्यालयमा ४ वटा शौचालय रहेको पाइयो । जस अनुसार धुलाबारी माध्यमिक विद्यालयमा ३ ओटा पुराना तथा २ ओटा नयाँ गरी जम्मा ५ ओटा शौचालय रहेको छन् । ती प्रत्येकमा २/२ ओटा कोठा रहेका छन् । छात्रा र छात्रको लागि बेग्ले बेग्लै शौचालयको व्यवस्था भएको पाइयो । नयाँ शौचालयको निर्माण जिल्ला शिक्षा कार्यालयबाट प्राप्त ३ लाखको अनुदान सहयोगमा निर्माण गरिएको पाइयो । पुरानो शौचालय निर्माणको लागि विद्यालय व्यवस्थापन समितिले आह्वान गरे बमोजिम प्राप्त जनश्रमदान समेतलाई मुल्याङ्कन गर्दा विद्यालय व्यवस्थापन समितिको योगदानलाई कम महत्व दिन सकिन्न । ५० विद्याार्थीहरुको लागि एउटा शौचालय कोठाको दरले गणना गरेर हेर्दा यस विद्यालयमा शौचालयको सङ्ख्या अपुग रहेको पाइयो ।

त्यसैगरी श्री देवि माध्यमिक विद्यालय ६ वटा शौचालयमा १५ वटा कोठा रहेको पाइयो । वि.ब्य.स २०६८ सालमा जि.शि.कार्यालयबाट २ लाखको लागतमा ५ कोठा भएको साथै १ लाख ३० हजारको लागतमा गा.वि.स.को रकमबाट १ कोठा भएको शौचालय निर्माण गरिएको पाइयो । हालसालै जिल्ला शिक्षा कार्यालयको लागत सहभागिता कार्यक्रम अन्तरगत व्यवस्थित छात्रा शौचालयको निर्माण भएको पाइयो । उक्त शौचालय निर्माणमा विद्यालयको तर्फबाट ३० प्रतिशत लागत व्यहोर्नु पर्ने थियोल जसको व्यवस्थापन

विद्यालय व्यवस्थापन समितिले चन्दा चिट्ठाबाट गरेको पाइयो । उक्त शौचालयहरुमा २ वटा शौचालय छात्र/छात्रा का छुट्टा छुट्टै रुपमा प्रयोग गर्दै आएको पाइयो । अर्को १ शौचालय शिक्षक कर्मचारीले प्रयोग गर्दै आएको रहेछ । यसरी छुट्टाछुट्टै चर्पीको व्यवस्था गर्नुमा विद्यालय व्यवस्थापन समितिको महत्वपूर्ण योगदान रहेको देखिन्छ । ती शौचालयका लागि जनश्रमदान समेत लगाइएको पाइयो । आफ्नो शौचालय आफै बनाऔं भन्ने नारा दिएर त्यस क्षेत्रका अभिभावकलाई समितिले सक्रिय बनाएको पाइयो । विद्यार्थी सङ्ख्याको अनुपातमा हेर्दा यस विद्यालयका शौचालयको सङ्ख्या अपुग रहेको पाइयो ।

श्री जनता माध्यमिक विद्यालयमा शौचालयको सङ्ख्या ४ वटा र कोठा सङ्ख्या १२ वटा भएको पाइयो । पहिलो ४ कोठे शौचालय सि.एस.पि.ले १ लाख ५० हजार अनुदानबाट निर्माण गरेको पाइयो । अर्को खानेपानीले ४ कोठा भएको २ लाख अनुदान दिएर निर्माण गरेका पाइयो भने अन्य २ वटा जि.शि.का. बाट अनुदान दिएर बनाइएको पाइयो । यस विद्यालयमा छुट्टाछुट्टै शौचालय व्यवस्था हुनु राम्रो मानिन्छ तर यसमा स्वास्थ्य सरसफाई र पानीको अभावले गर्दा फोहोर भएको र प्रयोग गर्न असहज देखियो । विद्यालय व्यवस्थापन समितिले त्यसको लागी आवश्यक कार्य गर्ने पहल गर्ने निर्णय गरेको पाइयो । विद्यालयमा शौचालयको महत्वपूर्ण भूमिका रहने र त्यसको प्रभाव गाउँसम्म पुग्ने कुरा निर्विवाद भएकाले विद्यालयमा व्यवस्थित शौचालय हुनु आवश्यक छ । यस विद्यालयमा विद्यार्थी सङ्ख्या कम भएकाले विद्यार्थी सङ्ख्याको अनुपातमा चर्पीको सङ्ख्या पर्याप्त नै रहेको पाइयो ।

### ४.१.५ खानेपानीको व्यवस्थापन सँग सम्बन्धित भूमिका

मानवीय जीवनको अस्तित्व सुरक्षित खानेपानीसँग गासिएको हुन्छ । विद्यालयमा पनि सुरक्षित र पर्याप्त खानेपानीको व्यवस्था नहुदा विद्यालयमा कार्यरत शिक्षक, कर्मचारी तथा विद्यार्थीहरु प्रत्यक्ष प्रभावित भई पठनपाठनमा प्रतिकुल असर पर्दछ । तसर्थ खानेपानी महत्पूर्ण मानिन्छ ।

नमुना छनौट गरिएका विद्यालयको स्थलगत अवलोकन गर्दा श्री धुलाबारी माध्यमिक विद्यालयमा खानेपानीको स्रोतको रुपमा धारा र नलकुप, श्री देवि माध्यमिक विद्यालयमा धारा र नलकुप तथा श्री  जनता माध्यमिक विद्यालयमा सार्वजनिक धारालाई प्रयोगमा ल्याइएको पाइयो । जस अनुसार श्री धुलाबारी माध्यमिक विद्यालयमा धुलाबारी खानेपानी उपभोक्त समितिले उपलब्ध गराएको पानीको धारा जडान गरेको पाइयो । उक्त धारामा

दिनको ११ बजे देखि २ बजेका अतिरिक्त निरन्तर पानी आइरहने पाइयो । उक्त पानीलाई प्लास्टिकका १००० लिटर क्षमताका ४ वटा टेङ्कीमा जम्मा गरि विद्यार्थीहरुलाई पिउनकालागि तथा सौचालय प्रयोगकालागि उपलब्ध गराइएको पाइयो । उक्त खानेपानिको व्यवस्थापनकोलागि विद्यालय व्यवस्थापन समितिको पहलमा मेची उद्योग बाणिज्य संघले ४ वटा टेङ्की सहयोग स्वरुप प्रदान गरेको पाइयो । त्यस्तै विद्यालय परीसरमा जम्मा ३ वटा नलकुपको पनि व्यवस्था गरिएको पाइयो । धाराको पानी अपुग भएको समयमा विद्यार्थीहरुले उक्त नलकुपको पानीलाई खान तथा सरसफाई कार्यमा प्रयोग गर्ने गरेको पाइयो । उत्त नलकुप गाड्नकोलागि व्यवस्थापन समितिले गतवर्षको तिहारमा देउसी कार्यक्रम सञ्चालन गरेको पाइयो । खानेपानीको वर्तमान व्यवस्थाले हिउदको समयमा विद्यार्थीलाई यथेष्ट पानी उपलब्ध गराउन सक्ने भएतापनि गर्मी समयमा अपुग हुने गरेको पाइयो ।

त्यस्तै गरी यस श्री देवि माध्यमिक विद्यालय खानेपानीको नाउमा गाउँ विकास समितिले वि.सं २०५० सालमा २ ट्याङ्कि ५०० लिटर प्रदान गरिदिएको र श्री देवि माध्यमिक विद्यालय को कोषबाट १००० लि.को ट्याङ्कि तथा खानेपानी संस्थाले १०० मीटर पाइप सहयोग गरेको पाइयो । उक्त खानेपानीको अवस्था हेर्दा नाजुक नै देखिन्छ । स्रोतबाट पानी नआउदा विद्यालयको कोषबाट नलकुपको पानी बोक्न लगाएर विद्यालयका छात्र/छात्रा लाई खानेपानी दिइएको समेत पाइयो । विर्तामोडको मुटुमा रहेको यस विद्यालयमा विद्यार्थी चाप अत्यधिक रहेको कारणले गर्दा वर्तमानमा भइरहेको खानेपानीको आपुर्ति अपर्याप्त भएको पाइयो तर विद्यालय व्यवस्थापन समितिले जिल्ला विकास समिति मार्फ खानेपानी संस्थानमा थप सहयोग गर्न पहल गरेको र आगामी महिना भित्र सो सहयोग प्राप्त गरि खानेपानीको व्यवस्थापन भइसक्ने कुराको जानकारी विद्यालय व्यवस्थापन समितिका अध्यक्षले जानकारी गराउनु भयो । खानेपानी जस्तो महत्वपुर्ण कुरालाई पर्ख र हेर भन्नु भन्दा यथासक्य चाडो व्यस्थापन गरि समस्याको समाधान गर्नु आवश्यक रहेको देखियो ।

श्री जनता माध्यमिक विद्यालयमा खानेपानीको लागि जिल्ला खानेपानी झापाको सहयोगमा नजिकै रहेको पाखोबाट जरुवा सङ्कलन गर्नकोलागि एक रिजर्भ टेङ्कीको निर्माण गरेको पाइयो । त्यहाँबाट आधा किलोमिटर सम्म आधा इन्चको पाइपमा सो पानीलाई विद्यालय सम्म उक्त धाराको पानीलाई त्यस विद्यालयका शिक्षक, कर्मचारीवर्गले

रु ३२ हजारको लागतमा पक्की रिजर्भ ट्याङ्कि निर्माण गरि सङ्कलन तथा वितरण गर्ने गरेको पाइयो । विद्यालय व्यवस्थापन समितिको अग्रसरतामा गरिएका यी प्रयासहरु सर्हानिय नै भएतापति विद्यार्थी सङ्ख्या तथा सौचालयको सङ्ख्याको अनुपातमा अपर्याप्त नै रहेको देखियो । यस विषयमा विद्यालय व्यवस्थापन समितिका सचिव तथा प्रधानाध्यापक श्री विजय कुमार देव सँग कुरा गर्दा विद्यालयले सम्बन्धित निकायमा माग गरिरहेको र छिट्टै यसको व्यवस्थापन हुने कुरा बताउनु भयो । खानेपानीको लागि प्रयोग गर्ने गरिएको जरुवाको मुहानको स्वच्छता र सरसफाइमा विशेष ध्यान दिनुपर्ने देखिन्छ ।

## ४.१.६. पुस्तकालयको व्यवस्थापन सँग सम्बन्धित भूमिका

विद्यालयको ज्ञानको मन्दिर भएकाले विद्यालयमा प्रशस्त मात्रामा पुस्तकालयहरुको व्यवस्था र सग्रह गरिएको हुनुपर्दछ । पाठ्यक्रमद्वारा निर्दिष्ट पाठ्यपुस्तक, विभिन्न ज्ञान-विज्ञान र प्रविधिका बारेमा प्रकाशित पुस्तक तथा समुदायिक लेख-रचना, साहित्य तथा ग्रन्थहरुको सँग्रहले विद्यालयलाई ज्ञानको भण्डार बनाउन सकिन्छ । त्यसका लागि प्रत्येक विद्यालयमा व्यवस्थित पुस्तकालाय हुनु अपरिहार्य  मानिन्छ । नमूना छनौटमा परेका विद्यालयहरु मध्ये श्री धुलाबारी माध्यमिक विद्यालयमा पुस्तकालय १ र जम्मा पुस्तक संख्या १००००,  श्री देवि माध्यमिक विद्यालयमा पुस्तकालय सङ्ख्या १ र पुस्तक सङ्ख्या १५०००  तथा श्री जनता माध्यमिक विद्यालयमा पुस्तकालय सङ्ख्या १  र पुस्तक सङ्ख्या २००० रहेको पाइया । यसमा श्री धुलाबारी माध्यमिक विद्यालयमा २०६७ सालबाट पुस्तकालयको स्थापना भएको पाइयो । त्यस विद्यालयका पुर्व प्रधानाध्यापक स्व.दिनानाथ शर्माको स्मृतिमा वहाँको परीवारबाट विद्यालय व्यवस्थापन समितिको पहलमा विद्यालयलाई पाँचलाख सहयोग प्राप्त भएको र उक्त रकमबाट विद्यालयले एक व्यवस्थित स्व.दिनानाथ शर्मा स्मृति पुस्तकालयको निर्माण गरेको पाइयो । स्थापना भएकै वर्ष एकलाख रुपैया बराबका करिब १००० पुस्तक किनेर पुस्तकालयमा राखिएको तथा त्यसलाई हरेक वर्ष बढाउदै अहिले करिब १०००० पुस्तकको व्यवस्थापन भइसकेको कुरा विद्यालयका लाइब्रेरियन शिक्षक श्री भानुभक्त खतिवडाले जानकारी दिनुभयो ।

उक्त पुस्तकालयको भवन छुट्टै भएको तथा दराज, र्याकमा पुस्तक राखिएको र एक छुट्टै कोठामा बाचनालयको व्यवस्था गरिएको पाइयो । त्यहाँ विशेष गरी उच्च माध्यमिक तहका कक्षा ११ र कक्षा १२ मा अध्यापन हुने पाठ्यपुस्तक साथै उक्त तहका पाठ्यपुस्तकमा मिल्ने सन्दर्भ पुस्तकहरु पाइयो । यसका अतिरिक्त उक्त पुस्तकालयमा विभिन्न धार्मिक

पुस्तक, अंग्रेजी साहित्यका पुस्तकहरु, ज्ञान विज्ञान, कला, संस्कृति, साहित्य सम्बन्धी पुस्तकहरु राखिएका पाइयो । विद्यार्थीहरुलाई कोडको आधारमा प्रति हप्ता २ वटा पुस्तक दिइने व्यवस्था गरिएको पाइयो ।  कक्षा ६ देखि कक्षा १० तथा कक्षा ११ र १२ का १/१ सेट पाठ्यपुस्तक पनि राखिएको पाइयो । ती सेट पाठ्यपुस्तकहरु विषयगत शिक्षकले प्रयोग गर्ने गरेको पाइयो । यस धुलाबारी माध्यमिक विद्यालयमा व्यवस्थित पुस्तकालयको लागि विद्यालय व्यवस्थापन समितिले प्रभावकारी भूमिका खेलेको पाइयो । समय सान्दर्भिक पत्र पत्रिका संकलन र खरिदका लागि विद्यालयले कार्य गरेको पाइयो । यति हुँदा हुँदै पनि विद्यार्थीले लगेका पुस्तकहरु नआएका र उनीहरुलाई कारबाही नगरिएको, कक्षा १२ अध्ययन सकिएपछि लाइब्रेरीका पुस्तक नबुझाईकन हिडिरहेका हुनाले एउटै पुस्तक पटक पटक किनिरहनु पर्ने अवस्था रहेको पाइयो । यसकालागि दण्ड सजायको व्यवस्था कडाइका साथ लागु गर्नु पर्ने देखिन्छ ।

अनुसन्धानको क्रममा नमून छनौटमा परेको श्री  देवी देवि माध्यमिक विद्यालयमा पनि १ पुस्तकालयको छुट्टै व्यवस्था गरेको पाइयो । २०६७ सालबाट आरम्भ गरिएको करिव १ लाखको बजेटमा पुस्तकहरु खरिद गरिएको विशेष गरी पुस्तकहरुमा कक्षा ६ -१२ कक्षा सम्मका पाठ्यक्रम अनुरुपका पुस्तकहरु सन्दर्भ पुस्तकहरु समय सान्दर्भिक पुस्तक पत्रपत्रिका संकलन गर्ने गरेको पाइयो । लाइब्रेरीयको व्यवस्था गरिएको पाइयो । पुस्तकालय कर्मचारीले प्रत्येक पुस्तकमा कोर्ड न. लगाइएको पुस्तकको  सूची तयार पारिएको समेत भेटियो । पुस्तकालयमा धार्मिक पुस्तकहरुस पाठ्यपुस्तकहरु, ज्ञान विज्ञानका पुस्तकहरु, एम.इड., वि.एड का विद्यार्थीहरुले खोज अनुसन्धान गरेका प्रतिवेदनहरु समेत पाइयो । यतिले मात्र त्यस विद्यालयका विद्यार्थीहरुलाई प्रयाप्त पुस्तकहरु भने पुगेको देखिदैन । व्यवस्थापन समितिले देउसी भैलो कार्यक्रम गरेर अझ अघि बढी पुस्तकालय थप्ने कोशिस गरेको  पाइयो । पुर्व विद्यार्थी समाजको स्थापना गरेर त्यस विद्यालयका पुर्व विद्यार्थीहरुलाई विद्यालयको भौतिक विकासका कार्यमा समावेश गर्नको लागि यस विद्यालययमा व्यवस्थापन समितिले अनुकरणीय कार्य गरेको पाइयो । प्राय पुर्व विद्यार्थीहरुले स्वस्फुर्त रुपमा सो समाज मार्फत विद्यालयमा पुस्तक तथा सन्दर्भ सामग्रीहरु पठाउने गरेको पाइयो, यो कार्यले नै विद्यालययमा पुस्तकको उल्लेख्य सङ्या हुन गएको हो । यो कार्यलाई विद्यालय व्यवस्थापन समितिको अग्रगामी कार्य मान्न सकिन्छ ।

अनुसन्धानात्मक कार्य कै सिलसिलामा नमूना छनौट भएको श्री जनता माध्यमिक विद्यालयमा पुस्तकालय सम्बन्धी शोध खोज गर्दा २०६७/०६८ सालमा रीड नेपालको सहयोगमा २५ हजारको बजेटबाट पुस्तकालयको आरम्भ भएको र हाल आएर लगभग २००० थान सम्म पुस्तकहरु विद्यालयमा भएको भएको पाइयो । विद्यालयमा कक्षा ११ र १२ सञ्चालनमा नभएकोले प्राय सामान्य बाल पुस्तक तथा केहि विद्यालय स्तरिय सन्दर्भ पुस्तकहरु मात्र विद्यालयमा उपलब्ध पाइए । केहि पत्र पत्रिका गोरखापत्र आदि पत्रिका खरिद गरेको पाइयो । कर्मचारीको अभावमा पुस्तकहरुको व्यवस्थापन अस्त व्यस्त पाइयो । निकट भविष्यमा नै पुस्तकहरु खरिद गरी  व्यवस्थित गर्ने विद्यालय व्यवस्थापन समितिका अध्यक्षले जानकारी दिनुभयो । त्यहाँ विद्यार्थी वर्गले चाहेका पुस्तकहरु नपाइएको र नियमित रुपमा पुस्तक प्राप्त नभएका गुनासा पनि पाइयो । विद्यालयले आफूभित्र रहेका जनशक्तिलाई प्रयोग गरि पुस्तकालयलाई थप व्यवस्थित बनाउन तर्फ कदम चाल्नुपर्ने देखिन्छ ।

विद्यालय व्यवस्थापन समितिको वैठकमा यस सम्बन्धी सञ्चालनको नियुक्ति थप पुस्तकको लागि आर्थिक संकलन गर्नु पर्ने जस्ता कुराको निर्णय गरिहाल्नु पर्ने देखिन्छ ।

### ४.१.७ घेरावाराको व्यवस्थापनसँग सम्बन्धित भूमिका

विद्यालय परिसरलाई सुरक्षित बनाई राख्न, बगैचा तथा फूलबारीलाई गाई वस्तु तथा अन्य जङ्गली जनावरबाट जोगाउन, विद्यालय समयमा विद्यार्थीलाई अनावश्यक रुपमा बाहिर जाने आउने कार्यमा रोक लगाउन, अरु समयमा अनवाश्यक व्यक्तिहरुको विद्यालय कम्पाउण्डमा प्रवेश रोक्न आदि कार्यका लागि विद्यालयमा दरिलो र सुरक्षित घेरावाराको व्यवस्था हुनु पर्दछ ।

श्री धुलाबारी माध्यमिक विद्यालयमा विगत ७ वर्ष देखि नै मेचिनगर नगरपालीकाको आर्थिक सहयोगमा सम्पुर्ण विद्यालय परिसर घेर्ने गरि करिब ६ फूट अग्लो इटाको कम्पाउण्ड वालको व्यवस्था गरिएको पाइयो । तत्कालिन व्यवस्थापन समितिका अध्यक्षको सम्योजकत्वमा गठीत उपभोक्ता समितिले यो कार्य सम्पादन गरेको पाइयो । विद्यालयका सम्पूर्ण भवन शौचालय तथा क्यान्टिनहरु समेत भित्र पर्ने गरी लगाएको घेरावारमा विद्यालय प्रवेशका लागि उत्तर र पश्चिम दिशातिर २ वटा प्रवेशद्वारको व्यवस्था गरिएको छ । तर त्यो घेरावारा ७ वर्ष अघि लगाइएको हुँदा पुन पूर्व पट्टि र उत्तरपुर्वीय भाग हाल आएर केही भत्किएको र पुन विद्यालय व्यवस्थापन समितिको पहलमा मेचीनगर नगरपालीको सहयोगमा त्यसको पुनर्निमाण सम्पन्न भएको पाइयो ।

अनुसन्धान कै क्रममा नमूना छनौट परेको अर्को विद्यालय श्री देवी माध्यमिक विद्यालयमा विद्यालय भवन निर्माण गर्ने क्रममा विद्यालयको जग्गा सिमानामा नै भवनहरु निर्माण गरिएकाले थप कम्पाउण्ड वालको खासै आवश्यकत्ता नै नपरेको पाइयो । भवनहरुको विचमा खालिहुन आएको ठाउमा मात्र इटाको लगभग ६ फीट अग्लो वाल बनाइएको पाइयो । विद्यालय व्यवस्थापन समितिले विद्यार्थी भर्नाका क्रममा सम्पुण अभिवावकहरुबाट सामान्य रकम चन्दाको रुपमा सङ्कलन गरि उक्त वालको निर्माण कार्य पुरा गरेको पाइयो ।

अनुसन्धन कै क्रममा छनौटमा परेका अर्को विद्यालय श्री जनता माध्यमिक विद्यालय मा २०६५ साल भन्दा अगाडी स्थानिय अभिभावकहरुको सहयोगमा बाँसको भाटाबाट बुनेको टाटीको कम्पाउण्ड वाल थियो भन्ने कुरा विद्यालयको कार्यालयको भित्तामा झुण्डचाइएको फोटोले बोलि रहेको थियो तर हाल भारतिय राजदुतावासले व्यवस्थित भवनका साथै मजबुत कम्पाउण्ड वालको व्यवस्था गरिदिएको कुरा जानकारीमा प्राप्त भयो ।

### ४.१.८. फर्निचरको व्यवस्थापनसँग सम्बन्धि भूमिका

विद्यालयमा कक्षा अनुसार विद्यार्थी सङ्ख्या र सो सङ्ख्या अनुसारको फर्निचरको व्यवस्थापन हुनु पर्दछ । अध्ययन कार्यलाई थप प्रभावकारी बनाउन र कार्यालय सञ्चालन सरल बनाउन विद्यालयमा पर्याप्त मात्रामा फर्निचरको व्यवस्था हुनु पर्दछ । नमूना छनौटमा परेका विद्यालय मध्ये श्री धुलाबारी माध्यमिक विद्यालयमा डेक्स ५५०, वेन्च ५५०, कुर्सी ५० र दराज १२, श्री देवि माध्यमिक विद्यालयमा डेक्स ६५०, वेन्च ६५०, कुर्सी ५२ र दराज १२ तथा श्री जनता माध्यमिक विद्यालयमा डेक्स २००, बेन्च २००, कुर्सी ३० र दराज १० रहेको पाइयो ।

राष्ट्रिय अपेक्षा अनुसारको उद्देश्यहरु हाँसिल गर्न र अपेक्षित सिकाई उपलब्धीहरु प्राप्त गर्नका लागि विद्यालयमा प्रभावकारी शिक्षण सिकाई क्रियाकलाप सञ्चालन हुनुपर्दछ । त्यसका लागि विद्यालयमा अत्यावश्यक भौतिक पक्षहरु जस्तै जग्गा, भवन, कक्षाकोठा, खेलमैदान, शौचालय, खानेपानी, पुस्तकालय घेराबारा फर्निचरका साथै अन्य प्रयोगशाला अध्ययन कक्षा जस्ता विविध कुराहरु पनि आवश्यक पर्ने देखिन्छ । माथिका प्राय सबै विद्यालयहरुमा विद्यालय व्यवस्थापन समितिको वैठकको निर्णय अनुसार विद्यालयको आन्तरिक स्रोत अनुसार फर्निचर थप गर्ने निर्णय गरेको देखिन्छ । हरेक विद्यालयको

आन्तरिक स्रोतका साथै सम्बन्धित निकायमा आर्थिक सहयोग माग गर्ने समेत निर्णय गरेको देखिन्छ । त्यसका साथै विद्यालय व्यवस्थापन समितिको बैठकको निर्णय अनुसार विद्यालयले बेलाबेलामा अनुगमन गर्ने, कक्षाकोठा अवलोकन निरीक्षण गर्ने, फर्निचरको अवस्था बुझ्ने आवश्यक मर्मत सम्भार गर्ने गराउने काम भै रहेको तथा फर्निचरको सदुपयोग र सुरक्षाका लागि ठोस पहल र उपाय अपनाउन काम पनि भइरहेको पाइयो ।

यसरी हेर्दा सबै विद्यालयहरुमा विद्यार्थी सङ्ख्याको अनुपातमा डेस्क बेन्चको सङ्ख्या कम रहेको पाइयो । ४ जना विद्यार्थीहरु सजिलो सँग बस्न सक्ने गरि बनाइएका डेस्क बेन्चमा खाँदिएर ५/६ जना सम्म बस्ने गरेको अवलोकनको क्रममा देखियो । गर्मीको समयमा खाँदिएर बस्दा असिन पसिन हुने गरेको र लेख्दा हात ठोक्किएर समस्या भइरहेको पनि देखिया । त्यसैले सबै विद्यालयहरुले तत्काल थप डेस्क बेन्चको व्यवस्था गरि विद्यार्थीहरुको बसाइलाई सहज बनाउनु पर्ने देखियो ।

### ४.१.९ प्रयोगशालाको व्यवस्थापन सँग सम्बन्धि भूमिका

पाठ्यक्रमले तोकेका कतिपय सैद्धान्तिक विषयवस्तुलाई प्रत्यक्ष प्रयोगमा ल्याई प्रयोगबाट सिद्ध तथा प्रमाणित गरेर अध्ययन अध्यापन गर्नुपर्ने हुन्छ त्यसका लागि विद्यालयमा प्रयोगशालाको व्यवस्था हुनुपर्दछ । आजको विज्ञान र प्रविधिको युगमा प्रयोगशालाका सामग्रीहरु पर्याप्त मात्रामा उपलब्ध गरी आवश्यक अनुसार नियमित प्रयोगमा ल्याई शिक्षण गर्नु नितान्त आवश्यक भएको छ ।

नमूना छनौटमा परेका विद्यालयमा जाँदा श्री धुलाबारी माध्यमिक विद्यालयमा कक्षा ११ र १२ मा विज्ञान विषयको अध्यापन कार्य भइरहेकोले अत्यन्तै व्यवस्थित प्रयोगशाला रहेको पाइयो । यहा भौतिक विज्ञान, जीव विज्ञान तथा रसायन विज्ञानका बेग्ला बेग्लै प्रयोगशाला कक्षाहरु रहेको पाइयो । प्रत्येक प्रयोगशाला कक्षामा व्यवस्थित फर्निचर र सामग्रीहरु राख्ने व्यवस्थित दराजहरु रहेको पाइयो । प्रयोगशाला सामग्रीहरु पनि यथेष्ट रुपमा रहेको पाइयो । २०६७ सालमा उच्च माध्यमिक विद्यालयको सम्बन्धन प्राप्त गरे पछि विद्यालय व्यवस्थापन समितिको विशेष पहलमा मेचीनगर नगरपालीकाबाट प्रयोगशाला निर्माण र व्यवस्थापकालागि १५ लाख रुपैयाको आर्थिक सहयोग प्राप्त भएको र सोही सहयोगबाट प्रयोशालाको व्यवस्थापन कार्य सम्भव भएको कुरा जाकारी भयो । त्यस्तै यस विद्यालयमा कक्षा ९ देखि कक्षा १२ सम्म पशुविज्ञान को अध्यापन कार्य भइरहेकाले सम्बन्धित विद्यार्थीहरुलाई प्रयोगात्मक कार्यहरु गराउनकालागि एक माछापोखरि, एक

प्रयोगशाला, एक कुखुराको खोर, ३ सुगरको खोर तथा एक गाईगोठको व्यवस्थापन गरिएको कुरा प्राप्त हुन आयो । त्यस्तै विद्यालयमा प्राविधिक कक्षा ९ मा १०० पुर्णाङ्कको कम्प्युटर विषयको अध्यापन हुने तथा कक्षा ११ र १२ मा कम्प्युटर साइन्सको अध्यापन हुने भएकाले त्यहाँ व्यवस्थित कम्प्युटर प्रयोगशालाको व्यवस्था रहेको पाइयो ।

अनुसन्धानकर्ताले नमूना छनौटमा परेको अर्को विद्यालय श्री देवि माध्यमिक विद्यालयमा पनि कक्षा ११ र १२ मा विज्ञान समुहको अध्यापन भइरहेकाले त्यहाँ पनि व्यवस्थित विज्ञान प्रयोगाशालाको व्यवस्था भएको पाइयो । भौतिक, रासायनिक तथा जीव विज्ञानका अलग अलग प्रयोगात्मक कक्षाहरु रहेको पाइयो । त्यस्तै त्यहाँ कम्प्युटर विज्ञानकोलागि व्यवस्थित प्रयोगशालाको को व्यवस्थापन भएको पाइयो । व्यवस्थापन समितिको पहलमा विभिन्न दाता महानुभावबाट प्राप्त आर्थिक सहयोगबाट सो प्रयोगशालाको व्यवस्था गरिएको कुरा विद्यालयका प्रधानाध्यापक श्री लेखनाथ भट्टराइले बताउनु भयो ।

श्री जनता माध्यमिक विद्यालयमा विज्ञान प्रयोगशाला विद्यालयको एउटा छुट्टै कोठामा रहेको पाइयो । मानव अस्थिपञ्चर, मानव अंगहरु फोक्सो, मुटु, कलेजो, आदिका चित्रहरु साथै विभिन्न विज्ञानका सामग्रीहरु पोष्टर चार्टहरु र्‍याकमा सजाएर राखेको पाइयो । यी प्रयोगशालाका सामग्रीहरु करिब २ लाख मुल्य भएको र यी सामानहरु सेडुले दिएको थाहा पाइयो । तर प्रयोगपक्ष भने न्यून देखियो । सामानहरु पुराना भै सकेका देखिन्छन् । प्रभावकारी र व्यवहारिक पठनपाठनको निम्ति छुट्टै व्यवस्थित प्रयोगशालाको आवश्यकता परेतापनि त्यसतर्फ विद्यालय व्यवस्थापन समिति लगायत सम्बद्ध निकायको ध्यान पुगको देखिन्न । सिमित भवन, कक्षाकोठा र साधनस्रोतको कारण पनि विद्यालयमा छुट्टै प्रयोगशालाको व्यवस्था हनु नसकेको साथै प्रयोगशाला निर्माण र व्यवस्थापनलाई कम चासो र महत्वका साथ लिने गरेको पनि पाइयो ।

विज्ञान जस्ता प्रयोगात्मक विषयलाई अध्यापन गर्दा प्रयोगशालाका सामग्रीहरुको बढीप्रयोग गरिएको हनुपर्नेमा यहाँ त भएका सामग्रीहरु पनि प्रयोग नगरिएकाले काम नलाग्ने अवस्थामा रहेको पाइयो । त्यसैले यस विषयमा विद्यालय व्यवस्थापन समितिले थप चासो लिनुपर्ने देखिन्छ ।

### ४.१.१० विद्युत र संचारको व्यवस्थापन सँग सम्बन्धि भूमिका

वर्तमान एक्काइसौ शताब्दी सूचना र संचारको विकसित युग भएकोले विद्यालयमा सूचना र संचारको सुविधा उपलब्ध हुनुपर्दछ । त्यसपछि मात्र अध्ययनरत विद्यार्थीहरु सूचना र प्रविधि लगायत विश्व परिवेशसँग परिचित हुन पाउँदछन् । त्यस्ता सामग्री तथा उपकरण सञ्चालनका लागि विद्यालयमा विद्युत सेवा पनि उपलब्ध हुनुपर्दछ ।

नमुना छनौटमा परेका विद्यालय मध्ये श्री धुलाबारी माध्यमिक विद्यालय लेण्डलाइन टेलिफोन १, विद्युतलाइन, इन्भर्टर, ल्यापटप कम्प्यूटर १, डेस्कटप कम्प्युटर १५ रहेको पाइयो । श्री देवि माध्यमिक विद्यालयमा लेण्डलाइन टेलिफोन १, विद्युत लाइन, इन्भर्टर, ल्यापटप कम्प्यूटर १ थान, डेस्कटप कम्प्युटर २० थान पाइयो । श्री जनता माध्यमिक विद्यालयमा डेस्क्टप कम्प्यूटर १ थानमात्र रहेको पाइयो ।

यो विवरण अनुसार श्री धुलाबारी माध्यमिक विद्यालयमा विद्युतिय प्रणाली सम्बन्धी प्राय सम्पुर्ण उपकरणहरु रहेको छन् । वि.सं २०६५ सालमा जिल्ला शिक्षा कार्यालयले त्यस विद्यालयलाई २ लाखको सहयोगमा ३ वटा कम्प्यूटर खरीद गरेको पाइयो । उक्त कम्प्यूटर विद्यालयको एक छुट्टै कोठामा व्यवस्थित तरिकाले राखिएको र भैरहेको पाइयो । झापाली समाज अस्ट्रेलियाको सहयोगमा ४ वटा कम्प्युटर र एउटा प्रिन्टरको व्यवस्था भएको पाइयो । उक्त कम्प्यूटरबाट इन्टरनेट सेवा तथा इलाइब्रेरी पनि सञ्चालन गरेको पाइयो । यसकालागि व्यवस्थापन समिति र झापाली समाज अस्ट्रेलियाको वीच एक सम्झौता भई समाजले २ लाख र विद्यालयको तर्फबाट १ लाख रुपैयाको व्यवस्थापन गरिएको थियो । बाँकी कम्प्युटरहरु विद्यालयले आफ्नै श्रोतबाट खरिद गरेको पाइयो । लोड सेडिङको समयमा इन्भरटरबाट विद्युतको आपुर्ति गर्ने गरेको पाइयो तर उक्त इन्भर्टरबाट एकै पटक सम्पुर्ण कम्प्युटरहरु सञ्चालनमा आउन नसक्ने पनि जानकारी प्राप्त भयो । यस विषयमा विद्यालय व्यवस्थापन समितिका अध्यक्षसँग कुरा गर्दा अब विद्यालय चाडै नै सोलर पावरको प्रयोगमा जाने र त्यसपछि यो समस्याको निराकरण हुने बताउनु भयो ।

नमुना छनौटमा परेको दोस्रो विद्यालय श्री देवि माध्यमिक विद्यालयमा विद्युत आपुर्ति, कप्युटर ल्याब, इन्टरनेट सेवा, कम्प्युटर शिक्षक तथा २० केभिएको जेनेरेटरको व्यवस्थापन भएको पाइयो । उक्त कम्प्यूटर खरीद गर्न व्यवस्थापन समितिको पहलमा जि.शि.का.ले २ लाख अनुदान दिइएको पाइयो र विद्यालय कोषबाट प्रिन्टर समेत खरीद गरी उचित प्रयोग गरेको पाइयो ।

नमूना छनौटमा परेको अर्को विद्यालय श्री जनता माध्यमिक विद्यालयमा जहाँ विद्युत संचारको अवस्था हेर्दा फोनमा शिक्षकहरुको मोबाइल फोन देखियो । यहाँ बढीमात्रामा सि.डि.एम.ए. सेटको प्रयोग पाइयो । विद्युत जडान गरिएको पाइयो । जिल्ला शिक्षा कार्यालयको आर्थिक सहयोगमा ३ वटा कम्प्यूटर र १ वटा प्रिन्टर खरीद गरेको पाइयो । अपरेटर नभएकोले प्रयोगपक्ष नाजुक नै देखियो । विद्यालय व्यवस्थापन पक्षले विद्युत तथा सञ्चारतर्फ त्यति चासो देखाएको पाइएन । विद्यालय व्यवस्थापन समितिले आजको युग विज्ञान र प्रविधिको हो भन्ने महशुस गरी यस सम्बन्धी व्यवस्था गरि विज्ञ कर्मचारी समेत नियुक्ति गर्न सकेमा युग सापेक्ष बन्न मद्धत पुग्ने थियो ।

४.१.१ देखि ४.१.१० सम्मको अध्ययन विवरण अनुसार सामुदायिक विद्यालयको भौतिक व्यवस्थापनमा विद्यालय व्यवस्थापन समितिको योगदान उल्लेख्य र आवश्यक्ता अपरिहार्य रहेको कुरा थाहा हुन आउछ । विशेष गरि सचेत र सम्पन्न अभिभावक रहेका विद्यालयहरुको व्यवस्थापकिय पक्ष वढी व्यवस्थित रहेको कुरा अध्ययनबाट देखिन आएको छ । यो अवस्था शहरी क्षेत्रका विद्यालयहरुमा बढी रहेको पाइयो । यसको विपरित ग्रामीण क्षेत्रका विद्यालयहरु बढी अस्तव्यस्त रहेका पाइये । ग्रामिण क्षेत्रका सामुदायिक विद्यालयमा प्राय न्युन आर्थिक पृष्ठमूमिका अभिभावकहरुको बाहुल्यता रहने र उनीहरु प्राय आफ्नो दैनिक कार्यमा व्यस्त रहनुपर्ने भएकाले अभिभावकहरुको कम सहभागिता रहने गरेको कुरा छलफलको निश्कर्षमा भेटियो । यसरी मेरी पार्कर फलेटले भने अनुसार सङ्गठनको साङ्ठनिक सफलता त्यहाँ रहेका मानविय स्रोतमा निर्भर रहन्छ भन्ने कुरा सान्दर्भिक हुन आउछ ।

यसरी नमुना छनौटमा परेका विद्यालयहरुको विभिन्न भौतिक पक्षहरु जस्तै पर्याप्तता, उपयोग, विद्यमान अवस्था, समस्या आदिको सरसरति अवलोकन गरियो । सबै विद्यालयमा भौतिक विकासकोलागि विद्यालय व्यवस्थापन समितिले धेर थोर प्रयत्नहरु गरेको देखियो तर अभिभावकहरुको प्रत्यक्ष चासो र सरोकारको कमि रहनु सामुहिक समस्याको रुपमा रहेको पाइयो । त्यसैले विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघले बढी भन्दा बढी अभिभावकहरुलाई विद्यालयका विभिन्न गतिविधिहरुमा सहभागि गराइ मानविय स्रोत साधनको वढी भन्दा बढी उपयोग गरि विद्यालयको भौतिक व्यवस्थापनमा सहभागि गराउनु पर्ने देखिन्छ ।

## ४.२. सामुदायिक विद्यालयको भौतिक व्यवस्थापनमा प्रभावपार्ने तत्वहरु

विद्यालय नितान्त रुपमा समुदायको एक सानो अंश हो । विद्यालयलाई निर्धारित लक्ष सम्म कसरी लैजाने भन्ने कुराको निर्णय गर्ने जिम्मेवार निकाय भनेकै विद्यालय व्यवस्थापन समिति भएकोले विद्यालयको भौतिक विकासमा त्यसले महत्वपूर्ण भुमिका हुने गर्दछ । यस बिषयमा सम्बन्धित विद्यालयका व्यवस्थापन समितिहरुले सक्रियतापूर्वक आफ्नो भूमिका निर्वाह गरेको पाइयो । विद्यालयमा विद्यमान स्रोत अपुग भएमा विभिन्न दातृ निकाय र संघसंस्था एवं चन्दा दाताहरुसँग समन्वय र सहकार्य गरी काम गर्ने गरेको पाइयो । यति हुँदाहुदै पनि विद्यालयमा विद्यार्थी सङ्ख्या अधिक हुनु, भू-वनावट अनुकुल नहुनु, विद्यालयमा उपलब्ध स्रोत साधन अत्यन्त सिमित हुनु, विद्यालयको भौतिक विकास सुरक्षण र मर्मत सम्भारको सम्पूर्ण जिम्मेवारी र दायित्व विद्यालय व्यवस्थापन समिति को मात्रहो भन्ने कमजोर सोचाई शिक्षक तथा अभिभावकहरुमा रहनु, विद्यालयमा उपलब्ध साधन स्रोतका सही र उचित प्रयोग हुन नसक्नु, निर्णय कार्यान्वयन प्रभावकारी नहुनु, दातृ निकाय तथा चन्दादाताहरुसँग समन्वय र सहकार्यको सम्बन्ध विद्यालयसँग स्थापित नहुनु, सम्बन्धित निकायबाट विकास निर्माणका क्रममा अनुगमन निरीक्षणको प्रभावकारी व्यवस्था नहुनु, आर्थिक पारदर्शिता, मितव्ययिता नहुनु, हरेक कुराको लागि सरकारको मुख ताक्ने प्रबृत्ति रहनु, विद्यालयप्रति अभिभावकहरुमा अपनत्व जिम्मेवारीको बोध नहुनु आदि जस्ता कारणहरुले विद्यालयको भौतिक विकासमा विद्यालय व्यवस्थापन समितिको भूमिका अपेक्षाकृत रुपमा कमजोर रहेको पाइयो ।

मानव सम्बन्धको सिद्धान्त अनुसार संघ, संस्था र सँगठनमा कार्यरत व्यक्तिहरुविच असल सम्बन्ध रहेका संस्था प्रभावकारी ढंगले सञ्चालन हुन्छ र त्यहाँ हरेक समस्याको न्यूनिकरण गर्न सकिन्छ । अपनत्वको भावना बन्छ, जिम्मेवारीको बोध हुन्छ । त्यसैले प्रभावकारी ढंगले विद्यालयको व्यवस्थापनमा असल मानवीय सम्बन्धको जरुरत पर्दछ । विद्यालय एक सामाजिक संस्था भएकोले यहाँ समाजका धेरै व्यक्तिको संलग्नता रहन्छ । सबै पक्षवीच असल सम्बन्ध भई सामुहिक प्रयास गरेर विद्यालयको भौतिक विकास गर्न सम्भव छ । तसर्थ यसता कार्यहरुमा विद्यालय व्यवस्थापन समितिको महत्वपूर्ण योगदान रहन्छ । नमुना छनौटमा परेका विद्यालयहरुको भौतिक व्यवस्थापनमा खास गरि निम्न तत्वहरुले वढी प्रभाव पारेको पाइयो ।

### ४.२.१ आर्थिक तथा भौतिक सहयोग

विद्यालय एक सामाजिक संस्था भएकोले यसको स्तर उन्नतिको लागि व्यक्ति र विभिन्न संस्थाहरु निरन्तर रुपमा लागिरहेका हुन्छन् । आफ्नो नाम र सामाजिक प्रतिष्ठाका लागि समाजका अगुवाहरु, चन्दादाताहरु विद्यालयमा भवन र कक्षाकोठा बनाउने, तला थप्ने, फर्निचर निर्माण गर्ने, मर्मत गर्ने कार्यमा अग्रसर हुन्छन । सो गरिदिए वापत उनीहरुलाई सामाजिक रुपले सम्मान गर्ने, शिलालेख र ताम्रपत्रमा लेखी विद्यालयमा राख्ने कार्यहरु सम्बन्धित विद्यालय व्यवस्थापन समितिले गरेको पाइयो । समाजमा क्रियाशिल रहेका विभिन्न प्रकारका सरकारी र गैरसरकारी संस्थालाई सहयोगकोलागि अपिल गर्ने, उनीहरुले आफ्नो आवश्यकता अनुसार विभिन्न प्रकारका भौतिक सेवा सुविधा थप्ने र त्यसलाई सुधार गर्ने गरेको पाइयो । विद्यालयको भौतिक विकासमा अभिभावकको सहयोग गर्ने वातावरण विद्यालय व्यवस्थापन समितिले बनाएको र यसको सकारात्मक प्रभाव विद्यालयको भौतिक विकासमा परेको पाइयो ।

## ४.२.२ चन्दा, चिठ्ठा, देउसी, भैली

विद्यालयको भौतिक विकास चुनौतीपूर्ण कार्य भएकोले व्यवस्थापन समितिले आवश्यक पूर्वाधार निर्माण र विकासका लागि ठूलो मात्रामा धनराशीको पनि आवश्यकता पर्नजान्छ । त्यसैले उक्त धनराशीको संकलन गर्न, चाडपर्वका समयमा देउसी भैलो खेली पैसा उठाउने, दान लिने, पुराणहरु लगाई पैसा संकलन गर्ने गर्नुपर्दछ । यसका लागि व्यवस्थापन समितिले आवश्यक निर्णय गरी विद्यालयका समस्याहरु सबैलाई जानकारी गराई स्वेच्छाले रकम तोकेर चन्दा संकलन गरेर योगदान गर्न सकिन्छ । अवलोकन गरिएका विद्यालयहरुमा सो सम्बन्धि कार्यहरु सञ्चालन गरेको पाइयो ।

ठूलो रकमको चन्दा दिने क्षमताका अभिभावकका छोराछोरीहरु सरकारी विद्यालयमा अध्ययन नगर्ने भएकाले गाउँका सक्षम अभिभावकहरुको ध्यान सामुदायिक विद्यालय तर्फ त्यति नगएको पाइयो । मनमात्र हने तर धन नहुने अभिभावकहरुबाट विद्यालयले अपेक्षाकृत चन्दा प्राप्त नगरेको देखियो ।

## ४.२.३ सामुहिक श्रमदान

विद्यालयको भौतिक पक्षलाई सुदृढ बनाउनको लागि सबै अभिभावकलाई अनिवार्य रुपमा जनश्रमदान गर्नका लागि आव्हान गरी कामको जिम्मेवारी दिनुपर्दछ । समूह विभाजन गरी प्रतिष्पर्धात्मक आधारमा काम लगाउन सके भौतिक विकास स्वत : हुन जान्छ । जस्तै भवन निर्माणमा इटा बनाउने, गाह्रो लगाउने, जमिन सम्म पार्ने, झ्याल ढोका बनाउने कामहरु

श्रमदानबाट गर्न सकिन्छ । यसले गर्दा समुदायमा विद्यालयप्रति अपनत्व भावना बन्छ । अवलोकन गरिएका विद्यालयहरुमा अभिभावकहरु विद्यालयको कार्यमा त्यति धेरै प्रत्यक्ष रुपमा सहभागि हुने गरेको पाइएन ।

विद्यालयमा भौतिक निर्माणका कार्यहरु सँधैभरि चलिरहदैन । भौतिक निर्माण गर्दापनि टेन्डर निकालेर निश्चित ठेकेदारलाई ठेक्का दिने प्रावधानले गर्दा श्रमदानको परम्परा पनि न्युन हुँदैगरेको पाइयो । फेरी दैनिक ज्याला मजदुरी गर्ने अभिभावकहरुले विद्यालयमा श्रमदान गर्दा आफ्नो चुलो नै नबल्ने कुरा गरेको पनि सुनिन आयो ।

## ४.२.४ जिम्मेवारीको बाँडफाँड

विद्यालयको भौतिक विकासको कार्य केबल व्यवस्थापन समिति, प्र.अ., शिक्षकको प्रयासबाट मात्र सम्भव छैन । जसका लागि समुदायका मानिसलाई समूहमा विभाजन गरी प्रत्येक समूहलाई अलग अलग जिममेवारी दिन सकिन्छ । जस्तै : कसैले शौचालय, कसैले खेल मैदान आदिको निर्माण संरक्षण गर्ने । यी विद्यालयहरुमा यस प्रकारको कार्य विभाजनको कुनै रुपरेखा पाइएन ।

यसरी व्यवस्थापन समितिले गर्ने विभिन्न निर्णयहरु कार्यान्वयन गर्न असल मानवीय सम्बन्धको आवश्यकता पर्छ । संलग्न र सरोकारावाला पक्षहरु बीच असल सम्बन्ध भएमात्र यसले विद्यालयको प्रभावकारी भौतिक व्यवस्थापन सम्भव हुन्छ भने भौतिक सुविधा विस्तार र यसलाई अझ टिकाई राख्न मेरी पार्कर फलेटले भने अनुसार पनि उपयुक्त मानवीय सम्बन्धको नै आवश्यकता पर्दछ । नमूना छनौटमा परेका विद्यालयहरुमा केही मात्रामा यस प्रकारको सम्लग्नता पाइएता पनि अझै बढी जनसहभागिताको आवश्यकता महशुस हुन पुग्यो ।

निति र नियम मात्र बनाइयो तर त्यसलाई कार्यन्वयन गर्न सकिएन भने त्यो निति नियम केवल कागजको खोस्टो मात्र हुन जान्छ । यहाँ विद्यालयका आर्थिक विकासकालागि गर्ने भनिएका पहलहरु प्राय जसो कागजमा मात्र सिमित रहेको पाइएकाले पनि यो कुरा स्पष्ट हुन्छ । अभिभावकहरुलाई विद्यालयतर्फ फर्काउन नसक्नुमा पक्कै पनि निति निर्माता देदि कार्यन्वयन गर्ने तहसम्मका सबैले एकपटक सोच्नै पर्ने अवस्था देखिन आएको छ । यस्तो हुँदाहुदै पनि विद्यालय व्यवस्थापन समितिले हार नमानिकन विद्यालयको भौतिक उन्नयनमा जुटिरहनुलाई पक्कै पनि सकारात्मक रुपमा लिनै पर्ने हुन्छ ।

## ४.३ विद्यालयको भौतिक व्यवस्थापन गर्दा भोग्नुपरेका समस्याहरु

औपचारिक शिक्षा आदानप्रदानको केन्द्र विद्यालयलाई भौतिक रुपले व्यवस्थित र सम्पन्न बनाउनका लागि विद्यालयमा आवश्यक भौतिक पक्षहरुको समुचित व्यवस्था विकास र सदुपयोग तथा सुरक्षा पनि गर्न सक्नुपर्दछ । त्यसका लागि उपलब्ध स्रोत र साधनका लागि समुचित परिचालन गरी सहभागिताका साथ विभिन्न दातृनिकाय र संघ संस्थाहरुसँग समन्वय, सहयोग र सहकार्य गराउन आवश्यक हुन्छ । नेपालको वर्तमान परिवेशमा विद्यालयलाई समुचित रुपमा विकसित गर्न स्थानीय निकाय र अभिभावकहरु समेतलाई सहभागी गराई एक अधिकार सम्पन्न विद्यालय व्यवस्थापन समितिको व्यवस्था रहने प्रावधान रही आएअनुसार विद्यालय व्यवस्थापन समितिले आफ्नो दायित्व, जिम्मेवारी र क्षेत्र अधिकारको नियम नियमावली भित्र रही कार्य गर्नुपर्दछ । विद्यालयको भौतिक विकासमा हुने गरेका समस्याहरु र नकारात्मक कामहरुलाई पूर्ण जिम्मेवारी र जवाफदेहीताका साथ विद्यालय व्यवस्थापन समितिले लिन सक्नुपर्दछ । विद्यालयको भौतिक विकासमा विद्यालय व्यवस्थापन समितिका अघिल्तिर विभिन्न किसिमका समस्याहरु तेर्सिने गर्दछन् जसलाई विश्लेषणात्मक रुपमा निम्नानुसार प्रस्तुत गरिएको छ :

## ४.३.१ विद्यालय जग्गा खरिद र व्यवस्थापन सँग सम्बन्धित समस्या

विद्यालयमा अत्यावश्यक भौतिक निर्माणका कार्यहरु गर्न पर्याप्त, अनुकुल तथा उपयुक्त जग्गाको व्यवस्था हुनुपर्दछ । त्यसपछि मात्र स्तरीय विद्यालयका लाीग आवश्यक पूर्वाधार र मापदण्ड पुरा भएको मान्न सकिन्छ । विद्यालयमा जग्गा प्राप्त गर्ने तथा भएको जग्गालाई व्यवस्थापन गर्ने कार्यका लागि प्रमुख अधिकार सम्पन्न र जिम्मेवार निकाय विद्यालय व्यवस्थापन समिति भएकाले त्यसले जिम्मेवारीपूर्ण भूमिका निर्वाह गर्नुपर्दछ ।

श्री धुलाबारी माध्यमिक विद्यालय मा आवश्यक पर्ने भौतिक निर्माणका कार्यहरु गरी बाँकी रहेको जग्गाहरु ठेक्कामा दिएको भएपनि कमाउनेले नियमित रुपमा ठेक्का नबुझाएको, रुखहरु पनि संरक्षण नभएको पाइयो । त्यसलाई निराकरण गर्न विद्यालय व्यवस्थापन समितिबाट समय समयमा अवलोकन र निरीक्षण गर्ने कार्य भएपनि कुनैप्रकारको उपलब्धी हाँसिल नभएको पाइयो । समय समयमा उठ्ने गरेका विभिन्न प्रकारका राजनैतिक नाराहरु, संघ सस्थाको जग्गाको विषयमा सरकारको अस्पष्ट र फितलो निति, सार्वजनिक सम्पत्तिलाई आफ्नो ठान्ने प्रवृति आदि कारणले गर्दा जग्गाको उचित व्यवस्थापन नभएको पाइयो । तर वर्तमानमा राष्ट्रिय स्तरमा गठित एउट एन जी ओले यस

क्षेत्रमा धेरै सफता हासिल गरेको र अहिले धुलाबारीको जग्गाा व्यवस्थापनमा कार्य गरिरहेकाले आफू आशाबादी रहेको कुरा प्रधानाध्यापकले बताउनु भयो ।

श्री देवि माध्यमिकलाई जग्गा अपुग भएको, खेलमैदान नभएको र थप जग्गा खरीद गर्न विद्यालय व्यवस्थापन समितिलाई आर्थिक समस्या परिरहेको पाइयो । यो विद्यालय विर्तामोडको मध्यमा अवस्तित रहेकाले विद्यालय नजिकै उपयुक्त विक्रीको जग्गा पनि नपाइने र पाइहालेका पनि यहाँ जग्गाको मुल्य अत्यधिक बढी भएकाले खरिद गर्नेकार्य लगभग असम्भव नै रहेको पाइयो ।

श्री जनता माध्यमिक विद्यालय थोरै जग्गामा अवस्थित रहेको पाइयो । यसको नाममा रहेको जग्गा विद्यालय रहेको ठाउबाट निकै टाडा भएकाले सो जग्गालाई खेल मैदानको रुपमा प्रयोग गर्न नसकेको पाइयो । विद्यालयको जग्गा सबै अरुले नै कमाउने र ज्यादै थोरै जग्गाको मात्र नियमित तिरो विद्यालयलाई प्राप्त भइरहेको कुरा पनि जानकारीमा आयो । यहाँका अधिकांश विद्यालयलहरु सँग धनिपुर्जामा हेर्दा धेरै जग्गा देखिने तर विद्यालयले सो जग्गालाई भोगमा ल्याउन नसकेको साझा समस्या पनि जानकारीमा आयो ।

समग्रमा हेर्दा विद्यालयमा जग्गा सम्बन्धि निम्न प्रकारका समस्याहरु रहेको पाइयो : जग्गा धेरै भएपनि आम्दानी कम हुनु, विद्यालयको जग्गामा अतिक्रमण हुनु, कमैयाले नियमित रुपमा ठेक्का नतिर्नु, विद्यालयको जग्गाको सम्बन्धमा सरकारको नियम फितलो र अस्पष्ट हुनु, विद्यालयले आफ्नो स्वामित्वको जग्गा विक्री गर्न नपाउनु, धनिपुर्जा भएको जग्गा पनि विद्यालयले भोग चलन गर्न नपाउनु ।

## ४.३.२. विद्यालयको भवन निर्माण तथा मर्मत सँग सम्बन्धित समस्या

विद्यालयमा आवश्यक पूर्वधार पुरा गरी प्रभावकारी र उपलब्धीमूलक पठनपाठनको लागि प्रर्याप्त अनुकुल भवनहरुको व्यवस्था हुनुपर्दछ । विद्यालयमा भवन निर्माण तथा मर्मत सम्भारका लागि उपलब्ध साधन र स्रोतको परिचालन र सदुपयोग गर्ने र विभिन्न दातृनिकाय र संघ संस्थाहरुसँग समन्वय सहकार्य र सहयोगी भावनाका साथ व्यापक जनसहभागिता जुटाई कार्य सम्पन्न गर्ने प्रमुख दायित्व विद्यालय व्यवस्थापन समितिको हो । तथापि त्यस कार्यमा विद्यालय व्यवस्थापन समितिले विभिन्न किसिमका समस्याहरु सामान गर्नु पर्ने हुन्छ ।

श्री धुलाबारी माध्यमिक विद्यालयमा आवश्यकता र प्राथमिकताका आधारमा भवनहरु निर्माण गरेको पाइयो । भवनहरु निर्माणका क्रममा स्थानिय स्रोत र साधनको समुचित प्रयोगहरु हुनसकेको तथा सम्झौता अनुसारको मापदण्डमा आधारित रहेर कार्य गरी निर्माण सामग्रीको प्रयोग पनि ठिकै गरेको पाइयो । तर श्रमदान र जनसहभागिता जुट्न नसकेको अवस्था यस विद्यालयमा रहेको पाइयो । माथिल्लो निकायबाट निरीक्षण नभएको पाइयो । श्री देवी माध्यमिक विद्यालयको अवस्था पनि धुलाबारी माध्यमिक विद्यालयको जस्तै पाइयो ।

श्री जनता माध्यमिक विद्यालय माध्यमिक विद्यालयको व्यवस्थापन समिति यस मामलामा अरु भन्दा अलि अग्रगामी रहेका पाइयो । यसले समयमै भारतिय राजदुताबासमा स्थानिय आवश्यकतालाई प्रष्ट्याउदै प्रस्तावना पेश गरेकाले यस विद्यालय सँग आधुनिक सुबिधा सम्पन्न विद्यालय भवन रहेको पाइयो ।

पुराना भवनहरुलाई समय समयमा मरम्मत र रङ्रोगन गर्नुपर्ने, झ्याल-ढोकाहरु निरन्तर टुट फुट भइरहने र त्यसकालागि वर्षेनी ठूलो बजटको व्यवस्थापन गर्नु पर्नेकुरा सबै विद्यालयहरुकोलागि चुनौतिको विषय रहेको पाइयो ।

यी विद्यमान समस्याहरुलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ : पुराना भवनहरुको निरन्तर मरम्मत नहुनु, निरन्तर रङ्रोगन नगरिनु, झ्याल ढोकाको मरम्मत नगरिनु, भुकम्पले चर्केका भवनमा बस्नुपर्ने बाध्यता, नयाँ भवन बनाउदा मापदण्डको ख्याल नगरिनु ।

### ४.३.३. कक्षाकोठा निर्माण, मर्मत सम्भार तथा व्यवस्थापन सँग सम्बन्धि समस्या

विद्यालयमा विद्यार्थीको सङ्ख्याको आकार अनुसारका कक्षाकोठाहरु निर्माण र व्यवस्था गरिएको हुनु पर्दछ । अन्यथा सहज रुपमा पठनपाठन क्रियाकलाप सञ्चालन गरी अपेक्षित उपलब्धि हासिल गर्न गाह्रो हुन्छ । त्यसका लागि विद्यालय व्यवस्थापन समितिले पहलकदमी साथ जिम्मेवारीपूर्ण तरिकाले भूमिका निर्वाह गर्नुपर्दछ । तथापी त्यस कार्यमा विविध चुनौति र समस्याहरु पनि खडा हुन सक्दछन् ।

श्री धुलाबारी माध्यमिक विद्यालयमा विद्यार्थी सङ्ख्याको चाप अत्याधिक रहेकोले विद्यमान प्रयोगमा नआइरहेका कक्षाकोठाहरु मर्मत सम्भार र सरसफाइ गरी प्रयोगमा ल्याउने काम भइरहेको पाइयो । पुरानो र भुकम्पले चर्काएको भवनमा विद्याथीहरुलाई राख्नु

विद्यालयको बाध्यता रहेको कुरा थाहा हुन आयो । थप नया कक्षाकोठाको व्यवस्थापन गर्नु व्यवस्थापनको अगाडी नयाँ चुनौतीको रुपमा देखियो ।

श्री देवी माध्यमिक विद्यालयमा कक्षाकोठामा फोहोर थुप्रिने समस्या पाइयो । झ्याल ढोका तथा छेस्किनीको स्याहार र सुरक्षा गर्न नसकिएको, कक्षाकोठाहरुमा थुप्रिएको कागज र फोहोर धुलोसफा गर्ने कामदारको व्यवस्था गर्न नसकिरहेको अवस्था पाइयो । कक्षाकोठाहरुको भुई सिमेन्ट तथा बालुवाको मात्रा नमिलाई प्रयोग गर्ने गरेकोले काम राम्रो र टिकाउ नहुने गरेकोले समस्याहरु भोग्नु परेको पाइयो । आर्थिक मितव्ययीता र पारदर्शिता कामय गर्न नसक्नु, विभिन्न दातृ निकाय र संघ संस्थाहरुसँग समन्वय र सहकार्यको वातावरण निर्माण हुन नसक्नु जस्तो चुनौतिहरु पनि विद्यालय व्यवस्थापन समितिले सामना गरिरहनु परेको पाइयो । साथै विद्यालय प्रसासन र व्यवस्थापन विच तालमेल नमिल्नाले विद्यालय व्यवस्थापन समितिको वैठकबाट पारित निर्णयहरु प्रभावकारी र सहजरुपमा कार्यान्वयन गर्ने वातावरण सिर्जना हुन नसकिरहेको जस्ता समस्याहरु विद्यालयमा विद्यालय व्यवस्थापन समितिले भोगिरहेको पाइयो ।

जनता माध्यमिक विद्यालयमा भारतिय राजदुतावासले बनाइदिएको आलिसान सुन्दर भवन भएतापनि भवनको उचित सम्रक्षण गर्न नसकिएको देखियो । झ्यालका छेस्किनीहरु सबै विग्रीएको अवस्थामा पाइयो । निरन्तर मरम्मत सम्भार गर्न नसक्नुलाई व्यवस्थापन पक्षको चुनौतिको रुपमा लिइएको छ ।

बुदाँगत रुपमा हेर्दा यी समस्याहरुलाई निम्नानुसार लिन सकिन्छः कक्षाकोठामा प्रकाश,  हावा आदिको आपुर्ति नहुनु, कमजोर निर्माणबाट भत्किने समस्या, झ्याल ढोकाको निरन्तर मरम्मत नगरिनु, सरसफाइको समस्या, छुट्टीको समयमा बाहिरका केटा केटीहरुले खेल्ने ठाउको रुपमा प्रयोग हुनु ।

## ४.३.४. खेलमैदान निर्माण तथा व्यवस्थापन सँग सम्बन्धी समस्या

विद्यालय सञ्चालनका लागि आवश्यक पूर्वाधार पूरा गर्न तथा खेलकुद सम्बन्धी क्रियाकलापहरु सञ्चालन गरी विद्यार्थीको सर्वाङ्गिण विकासमा सहयोग पुऱ्याउदै शिक्षाका अपेक्षित उद्देश्यहरु प्राप्त गर्न उचित खेलमैदानको व्यवस्था हुनु पर्दछ । तथापि विद्यालयमा खेलमैदान निर्माण र व्यवस्थापन गर्न पनि विभिन्न चुनौति तथा समस्याहरु रहेका हुन्छन् । श्री धुलाबारी माध्यमिक विद्यालय मा खेलमैदानको निर्माण निकै वर्ष अगडि भएको पाइयो । विद्यालय भवन सँगै लगभग २ विगाहा जमीनमा विद्यालयको खेल मैदान फैलिएको छ ।

वर्षेनि पर्ने पानीको कारणले खेल मैदानका वीचमा केही खाल्डाहरु बनिएका छन । स्थानिय समुदाय समेतले नियमित व्यायाम देखि खेल खेल्न यसै मैदानको प्रयोग गर्ने तर सम्रक्षण चाही विद्यालयले गर्नु पर्ने भएकाले यसको समुचित व्यवस्थापन हुन नसकेको व्यवस्थापन पक्षको भनाइ रहेको पाइयो ।

श्री देवी माध्यमिक विद्यालयसँग खेल मैदानकालागि आवश्यक पर्ने यथेष्ट जग्गा नरहेको पाइयो । जसले गर्दा वरिपरि विद्यालय भवनले घेरिएको साँगुरो ठाउँमा विद्यार्थीहरुले खेल्नुपर्ने बाध्यता रहेको पाइयो । विर्तामोड्को ठाउँमा जग्गा अत्यन्तै महङ्गो हुने भएकाले अव जग्गा किनेर खेल मैदानको व्यवस्थापन गर्नु व्यवस्थापनको सामुन्नेको ठूलो चुनौति रहेको पाइयो ।

श्री जनता माध्यमिक विद्यालयमा विद्यमान खेलमैदानको सतह नमिलेको हुँदा त्यसलाई मिलाउनका लागि डोजर लगाउन आवश्यक पर्ने रकम जुटाउन गाविससँग धेरै पटक धाउनु परेको पाइयो । मुस्किलले मात्र कार्य सम्पन्न भए पनि प्रतिकुल भू-वनावटका कारण खेलमैदानले सही आकार लिन नसक्दा आलोचना खेप्नु परेको थियो । विद्यालयको जग्गा अत्यन्तै कम रहेकाले खेलमैदानको निर्माण र व्यवस्थापनमा विद्यालय व्यवस्थापन समितिले समस्याहरु भोग्नु परिरहेको पाइयो ।

समग्रमा हेर्दा विद्यार्थी सङ्ख्याको आधारमा खेलमैदान अपर्याप्त हुनु, खेल मैदानलाई गौचरनको रुपमा प्रयोग गरिनु, वरिपरिका मानिसहरुले पनि विद्यालयलको खेल मैदान कै प्रयोग गर्नु, वर्खाको समयमा खेल मैदानमा हिलो हुनु आदि चुनौतिहरु रहेको पाइयो ।

### ४.३.५. फर्निचर सँग सम्बन्धी समस्या

विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारी एवं विद्यार्थीहरुका लागि उपयुक्त र आवश्यक मात्रामा फर्निचरको व्यवस्था अनिवार्य रुपमा भएको हुनु पर्दछ । विद्यार्थीहरु साँगुरो गरि खादिएर वा असजिलो तरिकाले बसेर पढनु पर्ने वातावरण निर्माण भयो भने प्रभावकारी पठनपाठनका लागि सहज र निर्वाध वातावरण बन्न सक्दैन ।

श्री धुलाबारी माध्यमिक विद्यालय आवश्यक फर्निचरहरुको निर्माण र व्यवस्थापनमा खासै समस्या नरहेको पाइयो । तथापी भएका फर्निचरहरुको सुरक्षा चाँहि हुन नसकिरहेको र विद्यालय व्यवस्थापन समितिकाठका डेक्स, बेन्चलाई हटाएर फलामे डेक्स, बेन्च खरिद गरेको र अन्य आवश्यक फर्निचरहरु पनि खरिद गर्ने योजना बनाएको पाइयो । स्थानिय बजारमा काठको मुल्य आकासिएकाले यो चुनौति खेप्नु परेको कुरा जानकारीमा आयो ।

श्री देवी माध्यमिक विद्यालय नयाँ फर्निचरहरु थप गर्ने कार्यक्रम विद्यालय व्यवस्थापन समितिले तय गरेपनि आर्थिक स्रोत कमजोर हुनाले समस्या भोगिरहेको पाइयो । भएका फर्निचरहरुको सुरक्षण र सदुपयोग गर्न र जिर्ण अवस्थाका फर्निचरहरुको मर्मत सम्भार पुनः निर्माणमा ध्यान नपुगेको देखियो ।

श्री जनता माध्यमिक विद्यालयमा फर्निचर निर्माणको लागि सुलभ र उपयुक्त काठ नपाइने, विद्यालयको अन्तिरिक स्रोत अत्यन्त नाजुक रहनु र भएका फर्निचररुको सुरक्षाको उपायहरु अवलम्बन गर्न नसकिरहेको जस्ता समस्याहरु विद्यालय व्यवस्थापन समितिले सामना गर्नु पर्ने अवस्था पाइयो ।

समग्रमा हेर्दा फर्निचर सम्बन्धि समस्याहरुलाई निम्नानुसार लिन सकिन्छ :
काठको उपलब्ध नहुने समस्या, फलामका डेस्क बेन्च बनाउदा हिउदको समयमा अत्यधिक चिसो हुने समस्या, निरन्तर मरम्मत गरिरहनु पर्ने समस्या, विभिन्न समयमा विभिन्न मिस्त्रीहरुले बनाएका फर्निचरहरु भएकाले नमिल्दा आकारका फर्निचरहरु हुनु, डेस्क बेन्चको सङ्ख्या अपुग भएकाले विद्यार्थीहरु खाँदिएर बस्नुपर्ने समस्या ।

## ४.३.६. विज्ञान प्रयोगशाला निर्माण तथा व्यवस्थापन सम्बन्धी समस्या

विद्यालयमा अध्यापन हुने कतिपय विषयहरुमा प्रयोगात्मक रुपले कक्षाहरु सञ्चालन गर्न प्रयोगशालाहरुको व्यवस्था हुनु पर्दछ । यस कार्यमा सबैको समान दृष्टि नपुगेको हुन सक्छ । श्री धुलाबारी माध्यमिक विद्यालयमा प्रयोगशाला निर्माण गर्न विद्यालयबाट आन्तरिक स्रोत परिचालन गरी कार्य गर्न सिलसिलामा विद्यालय व्यवस्थापन समितिको वैठकमा पटक पटक छलफल गरी विज्ञान विषयमा कक्षा ११ मा विज्ञान विषयको पढाई सञ्चालन गरेर आवश्यक मात्रामा विज्ञानको प्रयोगशाला निर्माण भएको छ । अभिभावकहरु तथा सरोकारवालाहरुबाट पनि प्रयोगशाला निर्माणलाई अत्यन्त महत्वका साथ हेरेको पाइयो । स्थानिय मेचीनगर नगरपालिकाले प्रयोगशाला निर्माण तथा व्यवस्थापनकालागि दिएको १५ लाख, शिक्षा विभागबाट प्रयोगशाला निर्माण तथा सामग्री खरिदकालागि दिएको १३ लाख तथा प्राविधिक प्रयोगशाला निर्माणकालागि नेपाल सरकारबाट प्राप्त २७ लाखको आर्थिक सहयोगबाट त्यस विद्यालयका अत्यन्तै आधुनिक प्रयोगशालाको व्यवस्थापन गरिएको पाइयो । तर एउटा योग्य ल्याब बोएको व्यवस्था गर्नकालागि आर्थिक आधार नहुनु त्यस विद्यालयका सामु बलियो चुनौति रहेको कुरा जानकारीमा आयो ।

श्री देवि माध्यमिक विद्यालयमा व्यवस्थित विज्ञान प्रयोगशाला रहेका भएता पनि बढदो विद्यार्थी सङ्ख्यालाई त्यसले सम्बोधन गर्न नसकेको पाइयो । प्रयोगाशालाका सामग्री नियमित रुपमा खरिद गर्नु पर्ने र त्यसकालागि ठूलो धनराशीको आवश्यकक्ता पर्नेगरेको कुरा विद्यालयकोलागि ठूलो चुनौतिको रुपमा रहेको पाइयो ।

जनता माध्यमिक विद्यालयमा प्रयोगशालाकोलागि भनेर एउटा कोठा छुट्याइएको र त्यहाँ सेडुबाट प्राप्त विज्ञान सामग्रीहरु राखिएको पाइयो । ति सामग्रीहरुको नियमित प्रयोग र सुरक्षा गर्नु विद्यालयले नसकेको पाइयो । निचोडमा भन्दा प्रयोगशालाका सामग्रीहरु प्रयोग नगरीने र पुराना भएर जाने, टुट फुट भएका तथा पोखिएका सामग्रीहरुको पुन व्यवस्थापन हुन नसक्नु, शिक्षकहरुमा देखिने अल्छि प्रवृत्ति आदि समस्याहरु रहेको पाइयो ।

## ४.३.७. पुस्तकालय निर्माण तथा व्यवस्थापन सम्बन्धी समस्या

ज्ञान आदान प्रदान गर्नै थलो विद्यालयमा पर्याप्त मात्रामा विभिन्न किमिका पुस्तकहरु सँग्रह गरी शिक्षक विद्यार्थीहरुलाई प्रयोग गर्ने सेवा उपलब्ध गराउन व्यवस्थित र सुविधा सम्पन्न पुस्तकालयको निर्माण र व्यवस्थापन विद्यालयमा भएको हुनुपर्दछ । विद्यालयमा पुस्तकालयको निर्माण, व्यवस्थापन र सञ्चालनमा विविध समस्याहरु चुनौतिहरु देखा पर्न सक्छन् । श्री धुलाबारी माध्यमिक विद्यालयमा अत्यन्तै व्यवस्थित पुस्तकालय सञ्चालनमा रहेको पाइयो । त्यस विद्यालयका पूर्व प्रधानाध्यापक दिनानाथ शर्मा पौडेलको स्मृतिमा वहाँको परिवारको तर्फबाट ५ लाखको आर्थिक सहयोगमा सो पुस्तकालयको स्थापना गरिदिएको पाइयो  तर जति सुकै व्यवस्थित भएपनि पुस्तकालय भनेको निरन्तर अपग्रेड गरिरहनु पर्ने निकाय हो । यसमा पुस्तकहरु निरन्तर थपिरहनु पर्ने, पुराना पुस्तकहरु मरम्मत गरिरहनु पर्ने, विद्यालयले पुस्तक लैजाने तर समयमा फिर्ता नगर्ने, लाइब्रेरियनको व्यवस्थापन गर्नु पर्ने जस्ता चुनौतिहरु रहेको पाइयो ।

श्री देवि माध्यमिक विद्यालयमा अत्यन्तै व्यवस्थित पुस्तकालय रहेको पाइयो । यहाँ प्रसस्त पुस्तकहरु तथा लाइब्रेरियनको व्यवस्था रहेको पाइयो । तर केवल पाठ्य पुस्तकहरु मात्र रहेको र सन्दर्भ सामग्रीको अभाव रहेको पाइयो । पुस्तकालयको सम्पुर्ण व्यवस्थापन विद्यालय व्यवस्थापन समितिले कक्षा ११ र १२ का विद्यार्थीहरुबाट सङ्कलित पुस्तकालय शुल्कबाट सम्पन्न गर्ने गरिएको पाइयो । यहाँ कक्षा ११ र १२ मा लगभग १२०० जति विद्यार्थीहरु रहेकाले आर्थिक व्यवस्थापनमा त्यति असजिलो नभएको

भएतापनि विद्यार्थीहरुले पुस्तकको जतन नगर्ने तथा समयमा फिर्तानगर्ने समस्या चुनौतिको रुपमा रहेको पाइयो ।

जनता माध्यमिक विद्‌यालय निर्माण तथा व्यवस्थापनमा आर्थिक अभाव प्रमुख समस्याको रुपमा रहेको पाइयो । त्यसैको कारण आवश्यकता हुँदाहुँदै पनि विद्‌यालयमा पुस्तकालयको स्थापना र त्यसको सञ्चालन सम्बन्धी कुनै ठोस काम गर्न विद्‌यालय व्यवस्थापन समितिले नसकिरहेको पाइयो । साथै विद्‌यालय व्यवस्थापन समितिलगायत अन्य निकायबाट पनि पुस्तकालयको व्यवस्थापनलाई कम महत्वका साथ लिइने गरिएको पाइयो । यस विद्‌यालय उपलब्ध पुस्तकालयहरुलाई ऱ्याकमा सँग्रहित गरेर राख्ने काम भएपनि त्यसको सञ्चालन र व्यवस्थापनलाई सबै पक्षबाट कम महत्वका साथ लिइनु, विद्‌यालय व्यवस्थापन समितिले गम्भिर रुपमा चुनौतिको र समस्याको सामना गरिरहेको पाइयो ।

समग्रमा हेर्दा पुस्तकालयले सबै विद्यार्थीहरुलाई समेटन नसक्नु, अधिकांश पुस्तकहरु ११/१२ लक्षित हुनु, पाठ्यपुस्तक बाहेकका पुस्तकहरु प्रति त्यति ध्यान नदिइनु, विद्यार्थीहरुमा पठन सस्कृतिको अभाव, लगेका पुस्तकहरु विद्यार्थीहरुले नफर्काउने गरेको, विद्यालयमा बाचनालयको व्यवस्था नगरिनु आदि समस्याहरु विद्यालयमा रहेका छन् ।

### ४.३.८ घेरावारा सँग सम्बन्धी समस्या

विद्‌यालय कम्पाउण्डलाई सुरक्षित बनाई राख्न विद्‌यालयमा बलियो घेरावाराको निर्माण तथा व्यवस्थापन गर्नु अपरिहार्य मानिन्छ । विद्‌यालयमा घेरावार निर्माण गर्न विद्‌यालयको जिम्मेवारी र अधिकार सम्पन्न निकाय विद्‌यालय व्यवस्थापन समितिले विविध चुनौति एवं समस्याहरु भोग्नु परिरहेको छ ।

श्री धुलाबारी माध्यमिक विद्‌यालयमा मेचिनगर नगरपालीकाको आर्थिक सहयोगमा निर्माण भएको व्यवस्थित घेराबारा रहेको पाइयो । तर एक पटक निर्माण भएको घेराबारा सधैकोलागि नहुने र मरम्मत गरिरहनु पर्ने चुनौति रहेको पाइयो । वरिपरिको समाजले विहान बेलुकाको समयमा विद्‌यालयको मैदानलाई खेल मैदानको रुपमा प्रयोग गर्न चाहनु र विद्‌यालय प्रशासनले गेटमा ताला लगाइदिने कारणले गर्दा समुदाय र विद्‌यालय बिच एक प्रकारको शीत युद्ध रहेको कुरा थाहा हुन आयो ।

जनता माध्यमिक विद्यालयमा भारतिय राजदुताबासले व्यवस्थित कम्पाउण्ड वालको निर्माण गरिदिएको भएतापनि २०७२ सालको भुकम्पले उक्त वाल ठाउँ, ठाउँमा चर्केको पाइयो, जसलाई समयमै मरम्मत गरि थप भत्किन नदिनु चुनौतिको रुपमा रहेको देखियो ।

श्री देवी माध्यमिक विद्यालयमा विद्यालय परिसरमा सटाएर विद्यालय भवन निर्माण गरिएको कारणले गर्दा कम्पाउण्डवालको थप आवश्यकक्त नरहेको भएतापनि विद्यालयमा सटेको बाटोमा धेरै गाडीहरु कुद्ने भएकाले कक्षा कोठाको शैक्षिक वातावरणमा नकारात्कम असर रहेको पाइयो ।

समग्रमाहेर्दा देखिएका समस्याहरुलाई निम्नानुसार टिपोट गर्न सकिन्छ
घेराबारा होचो हुनु, सजिलै नाघ्न सकिने हुनु, भुकम्प आदिले भत्किने र समयमा मरम्मत नहुने, विद्यालयका छिमेकीहरुबाट सहयोग सम्रक्षण नहुने ।

## ४.३.९. सौचालय निर्माण सम्बन्धी समस्या

विद्यालयमा शिक्षक विद्यार्थीको सङ्ख्यालाई आधार मानेर विद्यालयमा छात्र र छात्राहरुको लागि फरक फरक सौचालयको व्यवस्था हुनु आवश्यक छ । शौचालयको निर्माण गर्न विद्यालय व्यवस्थापन समितिले महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्छ । तथापि त्यसमा विविध प्रकारका चुनौति र समस्याहरु देखा पर्न सक्छन् ।

श्री धुलाबारी माध्यमिक विद्यालयमो विद्यार्थी चाप अत्याधिक रहेको कारण विद्यार्थी सङ्ख्याको अनुपातमा शौचालयहरु निर्माण गर्न विद्यालय व्यवस्थापन समितिले प्राथमिकता र जिम्मेवारीका साथ कार्य गर्ने प्रयास गरिरहेको देखिएको छ । आवश्यक निकायमा पहल गरी आर्थिक सहयोग माग गरी शौचालय निर्माण गर्न विद्यालय व्यवस्थापन समितिले आवश्यक मात्रामा निर्माण गर्नुले यस विद्यालयको शौचालयमा कुनै समस्या हाल देखिदैन । यसका साथै विद्यालयले खासै कुनै यस सम्बन्धमा समस्या भोगेको देखिदैन ।

श्री देवी माध्यमिक विद्यालय मा रहेका शौचालयहरु अपर्याप्त मात्रामा रहेकाले थप शौचालय निर्माण गर्न विद्यालय व्यवस्थापन समितिले आर्थिक अभावको सामना गर्नु पर्ने स्थिति विद्यालयमा देखिएको छ । भएका शौचालयहरु पनि सदुपयोग गर्न नियम विनियम र आचारसंहिता निर्माण गरेपनि कार्यान्वयन नभएको पाइयो । विद्यालय व्यवस्थापन समितिका सम्पूर्ण पदाधिकारीहरुको समान सहभागिता र सक्रियताको अभाव हुनु, अभिभावक तथा सरोकारवालाहरुबाट कम चासोका साथ शौचालयको निर्माण र व्यवस्थालाई लिइनु र निर्माणको जिम्मा लिइएको ठेकेदारले कमसल निर्माण सामग्री प्रयोग

गर्नु र आर्थिक मितव्ययीता र पारदर्शितामा कन्जुस्याई गरिनु जस्ता चुनौति एवं समस्याहरु वर्तमान अवस्थामा विद्यालय व्यवस्थापन समितिले सामना गर्नु परेको पाइयो ।

श्री जनता माध्यमिक विद्यालय मा शौचालय निर्माणका लागि विद्यालय व्यवस्थापन समितिले पारित गरेका निर्णयहरु स्थानिय अभिभावक र समुदायका व्यक्तिहरुको असहयोगका कारण कार्यान्वयन गर्न मुस्किल पर्ने गरेको पाइयो । निर्माण क्रममा सम्बद्ध सबैको दायित्व बोध, समान सहभागिता र सक्रियताको अभाव हुने गरेको पाइयो र मापदण्ड अनुसारको निर्माण सामग्रीको प्रयोग नुहँदा योजना फछ्र्यौट गर्न नै समस्या भोग्नु परेको पाइयो । नियमित रुपमा सरसफाइ गरिरहनु पर्ने, पर्याप्त मात्रामा पानीको आपुर्ति हुनु पर्ने तथा ढोकाहरु उरन्ठेउला विद्यार्थीहरुले भत्काइराख्ने समस्या सबै विद्यालयहरुमा चुनौतिको रुपमा रहेको पाइयो ।

समग्रमा हेर्दा सौचालय सम्बन्धि समस्याहरुलाई निम्नानुसार लिन सकिन्छ :
निरन्तर सरसफाइको अभाव, ५० विद्यार्थी बराबर १ सौचालयको व्यवस्थापन नहुनु,
सौचालय छात्रा मैत्रि र अपाङ्ग मैत्रि महुनु ।

## ४.३.१०. खानेपानी व्यवस्थापन सम्बन्धी समस्या

विद्यालयमा खानेपानीको उचित आपूर्ति र व्यवस्थापन गर्नु सम्बद्ध सबै पक्षको समान दायित्व र जिम्मेवारी मानिन्छ । त्यसमा पनि विद्यालय सञ्चालनको जिम्मेवारी पाएको अधिकार सम्पन्न विद्यालय व्यवस्थापन समितिको भूमिका प्रमुख रुपमा रहन्छ । तथापि विद्यालयमा खानेपानीको सहज आपूर्ति र व्यवस्थापनमा विद्यालय व्यवस्थापन समितिले विविध चुनौति र समस्याहरु भोगी रहनु परेको हुन सक्छ ।
श्री धुलाबारी माध्यमिक विद्यालयमा खानेपानीको सहज आपूर्ति र व्यवस्थापनका लागि धुलाबारी खानेपानी व्यवस्थापन समितिले उपलब्ध गराएको धाराको प्रयोग गरेको पाइयो । यसका अतिरिक्त विद्यालयमा ३ वटा नलकुपको व्यवस्था गरिएको पाइयो । तर धाराहरु विग्रिरहने र नियमित रुपमा मर्मत गरिरहनु पर्नेकुरा चुनौतिको रुपमा रहेको पाइयो ।

श्री देवि माध्यमिक विद्यालयमा पनि धुलाबारी माध्यमिक विद्यालय कै जस्तो अवस्था रहेको पाइयो ।

श्री जनता माध्यमिक विद्यालयमा पहाडको भित्ता बाट उम्रिएको जरुवालाई खानेपानीको श्रोतको रुपमा प्रयोग गरिएकाले सो पानीको सुद्धतामाथि नै प्रश्न चिन्ह उठने गरेको पाइयो ।

समग्रमा हेर्दा खानेपानी सम्बन्धि समस्यालाई निम्नानुसार लिन सकिन्छ : विद्यार्थीहरुको सङ्ख्यालाई धान्न नसक्ने , छिट्टै रित्तिने, खानेपानीको स्वच्छता र सरसफाईमा कमी, साना बालबालिकाहरुले नभेट्ने अग्ला धाराहरु हुनु ।

## ४.३.११. विद्युत र सञ्चार गृह निर्माण सम्बन्धी समस्या

वर्तमान सञ्चार र सूचनाको युगमा विद्यालयमा पनि विद्युत र सञ्चारको सुविधा पुऱ्याई विद्यार्थीहरुलाई सूचना र सञ्चार सँग परिचित गराउन विद्यालय व्यवस्थापन समितिले पहल कदमीको भूमिका निर्वाह गर्नु पर्दछ । त्यस  कार्यका लागि विविध किसिमको चुनौति र व्यवधानहरु देखा पर्न सक्छन् ।

श्री धुलाबारी माध्यमिक विद्यालय मा विद्यालयको आन्तरिक स्रोतबाट र जिल्ला शिक्षा कार्यालयको आर्थिक अनुदानबाट कम्प्यूटर खरिद गरिएको छ । विद्यालयमा लेण्डलाइन टेलिफोन, ए.डि.एस.एल बाट इन्टरनेटको व्यवस्था, विद्युतको नियमित प्रसारण तथा इन्भरटरको व्यवस्थापन रहेको भएतापनि लोड सेटिङको समयमा इन्भरटरले आवश्यक लोड लिन नसकेको पाइयो ।

श्री देवी माध्यमिक विद्यालय मा थप कम्प्यूटर सेवा सञ्चालन गर्न दातृ निकायहरुलाई अनुरोध गरेको पाइयो । कम्प्यूटर सेवा सञ्चालन गर्न अपरेटरको व्यवस्था गर्न विद्यालय व्यवस्थापन समिति र आम अभिभावकहरुमा सहमति कायम हुन नसकि रहेको पाइयो । विद्यालयमा उपलब्ध भएको सञ्चार, विद्युत र कम्प्यूटर सेवालाई सर्वसुलभ पहुँच योग्य र प्रभावकारी बनाउन आवश्यक नियम विनियम र आचार संहिता निर्माण गरिए पनि त्यसको कार्यान्वयन गर्ने वातावरण नरहेको पाइयो । उपकरणहरुको सुरक्षण र हिफाजित गर्न स्वय प्रयोगकर्ताहरुबाट खासै ध्यान दिइएको पाइएन ।

श्री जनता माध्यमिक विद्यालय माध्यमिक विद्यालय विद्यालयमा आर्थिक अभाव र विकट भौगोलिक अवस्थितिको कारणले विद्युत जडान गरिएको भएता पनि त्यसबाट उपयुक्त सेवा लिन नसकिरहेको अवस्था  पाइयो । त्यसकारण विद्यालय व्यवस्थापन समितिले कुनै प्रकारको विद्युतीय तथा संचार सुविधाको व्यवस्था गर्न सकेको देखिएन । सम्भाव्य दातृ निकायमा मागपत्र पेश गर्ने काम भएपनि हालसम्म कुनै प्रकारको प्रतिक्रिया प्राप्त नभएको पाइयो । साथै स्थानिय अभिभावक, वुद्धिजिवी, शिक्षक, विद्यालय व्यवस्थापन समितितथा शिक्षक अभिभावक  संघका पदाधिकारीहरुमा दृढ इच्छा शक्ति, जोश, जाँगरको र तत्परताको आवश्यकता रहेको   पाइयो ।

समग्रमा हेर्दा विद्युतिकरण सम्बन्धि समस्याहरु निम्नानुसार लिन सकिन्छ : प्रत्येक कक्षामा वायरिङ्को व्यवस्था नहुनु, पङ्खाको व्यवस्था नहुनु, इन्टरनेटको पहुँच सिमित र कार्यालयमा मात्र सिमित हुनु ।

यसरि विद्यालयका समग्र पक्षहरुलाई केलाएर हेर्दा विद्यालय व्यवस्थापन समिति निरन्तर सयौ चुनौतिहरु सँग जुधिरहेको देखिन्छ । सिमित आर्थिक श्रोत अनि हजारौ चुनौति र आवश्यकताहरु । यस्तो अवस्थामा पनि विद्यालय व्यवस्थापन समितिले विद्यालयको भौतिक विकासमामा धेरै महत्वपुर्ण कार्यहरु गरेको पाइयो जुन अत्यन्तै प्रशंसा योग्य कार्य हो ।

## ४.४. विद्यालयको भौतिक व्यवस्थापनका समस्या समाधानका उपायहरु

नेपालको परिवेशमा औपचारिक शिक्षा आदान प्रदान गर्ने थलो विद्यालय नै हो । विद्यालयको अस्तित्व विना औपचारीक शिक्षाको कल्पना गर्न सकिन्न । तसर्थ औपचारिक शिक्षाको केन्द्र विद्यालयमा अत्यावश्यक प्राज्ञिक, आर्थिक, भौतिक लगायतका महत्वपूर्ण पक्षहरुको समुचित र सन्तुलित विकास गरिनु पर्दछ । त्यसमा पनि भौतिक पक्षको विकासलाई त झनै विद्यालयको विकासको मेरुदण्डको रुपमा लिन सकिन्छ । नेपालका अधिकांश विद्यालयहरु विविध समस्याहरुबाट ग्रस्त भइरहेको कारण तिनको समुचित र सन्तुलित रुपमा भौतिक विकास हुन नसकिरहेको अवस्था छ । यद्यपि विद्यालयहरुको भौतिक विकासका लागि विभिन्न उपायहरु अवलम्बन गर्न सकिन्छ । भौतिक विकासकालागि अवलम्बन गर्न सकिने उपायहरु निम्नानुसार छन् :

### ४.४.१.प्राथमिकता निर्धारण गरेर

विद्यालयमा आवश्यकताहरु धेरै हुन्छन् । तथापि प्रभावकारी र उपलब्धिमूलक तथा दीर्घकालिन रुपमा विद्यालय सञ्चालन गर्ने र आवश्यकतालाई समाधानतिर लानको लागि विद्यालयको भौतिक विकासलाई पहिलो प्राथमिकतामा राख्नु पर्छ । त्यसमा पनि कस्तो भौतिक विकास गर्ने हो ? त्यसको किटानी हुनु पर्दछ । भवन, खेलमैदान, शौचालय, खानेपानी, फर्निचर, घेराबारा आदि मध्ये विद्यालयको कुन चाँहि पहिलो आवश्यकता हो । त्यसलाई प्राथमिकतामा राखेर कार्य गर्न सकेमा विद्यालयको प्रभावकारी भौतिक विकास हुन सक्छ ।

### ४.४.२. समुदायको परिचालन गरेर

विद्यालय समुदायका सबैको साझा सम्पत्ति भएकोले त्यसप्रति समुदायका आम अभिभावकहरुमा अपनत्वको भावना विकसित हुनुसक्नु पर्दछ । विद्यालय संचाल र रेखदेख तथा व्यवस्थापनको दायित्व बहन गर्न सक्ने जिम्मेवारी पनि उनीहरुलाई दिइनु पर्दछ । त्यसका साथै विद्यालय सञ्चालन र व्यवस्थापनको नेतृत्वदानी भूमिका निर्वाह गरिरहेका विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघले समुदायका आम अभिभावकहरुलाई विद्यालयको विकासका लागि जिम्मेवारीपूर्ण तरिकाले परिचालित हुन सक्ने वातावरण निर्माणमा अग्रणी भूमिका निर्वाह गर्नुपर्दछ । समुदायका चन्दादाता, समाजसेवी, बुद्धिजिवी, व्यापारी, राष्ट्रसेवक कर्मचारी, राजनीतिकर्मी, पेशाकर्मी, शिक्षित वर्ग लगायतसँग समन्वय, सहकार्य र सहयोगी भावना सहित परिचालित हुनु पर्दछ । त्यसो हुँदा स्थानिय स्रोत साधनको समुचित प्रयोग र परिचालन पनि हुन सक्छ । तव मात्र विद्यालयको भौतिक विकास गर्ने सहज वातावरण निर्माण हुन सक्छ ।

### ४.४.३. आर्थिक स्रोत पहिचान गरेर

विद्यालयमा जुनसुकै विकासात्मक कार्यहरु गर्दा पनि पर्याप्त आर्थिक स्रोतको आवश्यकता पर्दछ । त्यसमा पनि भौतिक विकासका कार्यहरुमा बढी आर्थिक स्रोत चाहिन्छ । त्यसै पनि विद्यालयहरु आर्थिक रुपले सम्पन्न हुँदैनन् । तथापि आर्थिक स्रोतको पहिचान गरी अर्थ जुटाउन भने सकिन्छ । त्यसका लागि विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघले विभिन्न संघ संस्था तथा दातृ निकायहरुसँग समन्वय र सहकार्यका साथ अर्थ संकलन गरी विद्यालयमा भौतिक विकासको काम गर्नुपर्दछ । असल मानवीय सम्बन्ध नै विद्यालयको शैक्षिक विकासको अभिन्न अंगहो भन्ने कुरालाई हृदयङ्म गरि सबै सरोकारवाताहरुसँग सुमधुर सम्बन्ध स्थापना गर्न सक्नु पर्दछ । त्यस पछिमात्र सकारात्मक परिणाम आउने र विद्यालयको उन्नति हुने हुन्छ ।

### ४.४.४. लागत तथा जन सहभागितामा वृद्धि गरेर

नेपाल गाउँ नै गाउँले बनेको देश हो । यहाँका धेरै जसो मानिसहरु ग्रामीण क्षेत्रमा स्थापित भएका छन् । ग्रामीण क्षेत्रमा आर्थिक समस्या जल्दोबल्दो रुपमा रहेको हुन्छ । यस्तो अवस्थामा स्थानिय निकाय, समुदाय तथा अभिभावकहरुमा विद्यालयमा आर्थिक लगानी गर्न सक्ने हैसियत कम हुन्छ । त्यसकारण राज्यले विद्यालयहरुमा आफ्नो दायित्व बहन गर्न शिक्षामा गर्ने लगानीमा वृद्धि गर्नुपर्दछ । शिक्षाको विकासलाई उच्च प्राथमिकतामा लिएर सरकारले बढी रकम विद्यालयको भौतिक विकासका लागि विनियोजन गर्नुपर्दछ । त्यसका

साथै सरकार र अभिभावक बीचमा लागत साझेदारीको पद्धतिबाट लगानी गरेर पनि विद्यालयको भौतिक विकास गर्न सकिन्छ। यसरी विद्यालयको भौतिक विकासमा सरकारी लगानीको मात्र मुख ताकेर नबसी विद्यालयहरुले समय सापेक्ष अभिभावकको पहुँचलाई हेरेर योजना बनाई कार्यक्रमहरुको सञ्चालन गर्नुपर्दछ। विकास निर्माणका कार्यहरु लागत सहभागितामा आधारित हुनसके मात्र विद्यालयको गुणात्मक विकास हुने देखिन्छ। यसले अभिभावकहरुमा विद्यालयप्रति अपनत्वको भावनाको विकास हुने गर्दछ। अभिभवक विद्यालयजाने वातावरणको निर्माण हुन्छ। अभिभावकके चासो वृद्धि भएमा स्वतः नै विद्यालयको शैक्षिक वातावरणमा सकारात्मक परिवर्तन हुन आउछ। यस तर्फ विद्यालय व्यवस्थापन समिति चनाखो हुनुपर्दछ। विद्यालयको सम्पूर्ण पक्षमा पारदर्शिता भएमा मात्र अभिभावकको चासो अझ बढि भई विद्यालय प्रतिको लगानीमावृद्धि हुने देखिन्छ।

विद्यालयको भौतिक विकासमा विद्यालय सञ्चालन, रेखदेख र व्यवस्थापनको लागि प्रमुख जिम्मेवार निकाय विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघले नेतृत्वदायी भूमिका बहन गर्दै एक आपसमा सहकार्य, समन्वय र सहयागी भावनाका साथ सम्बद्ध निकाय एवं अभिभावकहरुलाई परिचालन गर्न सकेमा सिमित स्रोत साधनको अधिकतम प्रयोग भई आर्थिक मितव्यीयता र पारदर्शिता कायम हुनुका साथै छिटो छरितो कार्य हुन सक्छ। अनि मात्र त्यसबाट प्रभावकारी परिणाम निस्कन सक्छ।

# परिच्छेद पाँच

# निष्कर्ष र सुझावहरु

विद्यालयको भौतिक विकासमा विद्यालय व्यवस्थापन समितिको योगदान शिर्षकमा गरिएको अध्ययन व्याख्या र प्राप्त प्रतिक्रिया लगायतको गुणात्मक विश्लेषणको आधारमा आएको निष्कर्ष र सुझाबहरुलाई निम्नानुसार प्रस्तुत गरिएको छ -

## ५.१. निष्कर्ष

प्रस्तुत अध्ययन विद्यालयको भौतिक उन्नयनमा विद्यालय व्यवस्थापन समितिको भूमिका भन्ने शीर्षकमा झापा जिल्लाका ३ वटा सामुदायिक सरकारी विद्यालयमा विद्यालय व्यवस्थापन समितिहरुले विद्यालयको भौतिक विकासमा निर्वाह गरिरहेको भूमिकामा केन्द्रित रहेको छ । यस अध्ययनमा सामुदायिक सरकारी विद्यालयहरुको वर्तमान भौतिक अवस्थाको विवरणका साथ विद्यालयहरुको भौतिक विकासमा विद्यालय व्यवस्थाप समितिको वर्तमान भूमिका पहिचान गर्ने, विद्यालयको भौतिक विकासमा देखा परेका चुनौति एवम् समस्याहरु विश्लेषण गर्ने र विद्यालयको प्रभावकारी भौतिक विकासका उपायहरुका लागि झापा जिल्लाका सम्पूर्ण क्षेत्रको सामुदायिक सरकारी विद्यालयहरुको प्रतिनिधित्व गर्ने गरी उद्देश्यमूलक नमूना छनौट माध्यमबाट ३ वटा माध्यमिक विद्यालयहरुको छनौट गरिएको थियो ।

छनौट भएको नमुनाबाट प्राप्त तथ्याङ्क र विवरणको विश्लेषण गर्दा विद्यालयहरुको भौतिक विकासमा विद्यालय व्यवस्थापन समिति सक्रिय रहेको देखिन्छ भने कतिपय विद्यालयहरुमा साधन स्रोत र भू बनोटको कारण पनि विद्यालयको भौतिक विकासमा विद्यालय व्यवस्थापन समितिले काम गर्न नसकेको अवस्था छ । विद्यालयको भौतिक विकासका लागि उपलब्ध स्थानिय स्रोत साधन र जनशक्तिको यथोचित प्रयोग र परिचालन गर्ने रणनीति विद्यालय व्यवस्थापन समितिहरुले अख्तियार गर्न सकेमा सहज, सरल र प्रभावकारी रुपमा काम गर्न सक्छन । विद्यालयको चौतर्फी विकासका लागि विद्यालयमा आवश्यक प्राज्ञिक, आर्थिक तथा भौतिक लगायतका सबै पक्षहरुमा समुचित ध्यान दिई कार्य गर्न सकेमा उपलब्धिमूलक तरिकाले कार्य सम्पादन हुन सक्ने देखिन्छ । विद्यालयमा अत्यावश्यक पक्षहरुको निर्माण र विकासमा यथोचित ध्यन दिई समान प्राथमिकता र महत्वका साथ कार्य गर्नु पर्ने हुन्छ ।

विद्यालयको भौतिक विकासमा विद्यालय व्यवस्थापन समितिहरुले भोगिरहेको समस्याहरुलाई समाधान गर्न सम्बद्ध सबै पक्षमा समान दायित्व, जिम्मेवारी र अभिभावकमा

अपनत्वको भावना विकसित गर्न सकेमा उपयोगी हुन्छ । दातृनिकाय, चन्दादाता, सरोकारवाला, विभिन्न संघ संस्थाहरु लगायत आम अभिभावकहरुमा समन्वय, सहकार्य र सहयोगको भावना विकसीत गरी हुने गरेका भौतिक निर्माणका कार्यहरुको  समय समयमा अनुगमन अवलोकन र निरीक्षणको व्यवस्था भएमा समितिको योगदान उल्लेखनीय रहन्छ ।

## ५.२. सुझावहरु

यस अध्ययनमा प्राप्त सूचना, तथ्याङ्क, अभिलेख, प्र.अ, विद्यार्थी, अभिभावक आदिसँगको प्रतिक्रियाका साथै स्थलगत अवलोकन आदिका आधारमा विश्लेषण गर्दा देखापरेका समस्याहरु समाधानार्थ निम्न सुझावहरु दिइएको छ ।

### ५.२.१. नीतिगत तह

विद्यालयको भौतिक विकासमा व्यवस्थापन समितिको योगदान अझ प्रभावकारी बनाउनको  लागि शिक्षा मन्त्रालय तथा शिक्षाविभागले विरोधाभाष पुर्ण  व्यवस्थाहरुलाई स्पष्ट नीति-नियम द्वारा सम्बोधन गर्न अनिवार्य देखिन्छ । विद्यालयहरुमा माथिल्ला निकायहरुबाट नियमित अनुगमनको व्यवस्था गरिनुपर्दछ । विद्यालय निरिक्षकको पद् विद्यालय निरिक्षणमा लगभग शुन्य नै देखिन आएकाले यसलाई प्रशासनिक झन्झटबाट मुक्त गरि विद्यालयको निरिक्षणमा केन्द्रित गर्नु पर्दछ । विद्यालय व्यवस्थापन समितिलाई उसको अधिकार र कार्यक्षेत्रको बारेमा स्पष्टरुपमा सुसुचित गर्नु पर्दछ । क्षेत्रिय शिक्षा निर्देशनालयले आफ्नो क्षेत्र भित्रका विद्यालयका व्यवस्थापन, भौतिक अवस्थालाई अवलोकन गरी आवश्यकता अनुसार प्राविधिक तथा आर्थिक सहयोग गर्ने नीति बनाउनु पर्दछ । जिल्ला शिक्षा कार्यालयले मातहतका निकायको कार्यलाई निरिक्षण गर्ने, अनुगमन गर्ने तथा नीति नियमको व्यवस्थापन गर्नु पर्दछ । व्यवस्थापन समितिले माथिल्लो निकायका नीति अवलम्बन गर्ने नीति लिनु पर्छ । साथै नीति बनाउने पहरेदारहरुले सरकारी सामुदायिक विद्यालय स्थानीय निकायमा जिम्मा दिएर सरकारले आफ्नो दायित्वबाट पन्छिने पो हो की भन्ने भ्रम पनि सृजना भएको छ । यसबारे थप स्पष्ट नीति नियमको व्यवस्था गरी जिम्मेवारी र दायित्व स्पष्ट पारिनु पर्दछ । भौतिक निर्माणमा दिने रकम निकासा नीतिगत रुपमा स्पष्ट हुनुपर्छ । साथै अनुगमन मूल्याङ्कन व्यवस्थाका साथै दण्डको समेत व्यवस्था गरिनु पर्दछ । सरकार र अभिभावक सबैको समान अधिकार दायित्व स्थापित हुने गरी स्पष्ट नीति र नियमको व्यवस्था गर्नु पर्ने हुन्छ ।

### ५.२.२. कार्यान्वयन तह

जिल्ला शिक्षा कार्यालय तथा विद्यालय व्यवस्थापन समितिले विद्यालयको भौतिक विकासका कार्यहरु सञ्चालन गर्दा स्थानिय आवश्यकता र परिस्थितिलाई ध्यानमा राखी स्थानिय बुद्धिजीवि, समाजसेवी, अभिभावकहरुलाई छलफल गराई निर्माण गरिएको योजना अनुरुप कार्यान्वयन गर्नुपर्दछ। अनुगमन निरीक्षण गर्ने व्यवस्था गर्ने, राम्रा गर्नेलाई पुरस्कार र नगर्नेलाई दण्डको व्यवस्था गरिनु पर्दछ। जग्गा व्यवस्थापन अधिकांश विद्यालयहरुको साझा समस्याको रुपमा रहेको हुनाले सबै विद्यालयहरुले सामुहिक रुपमा समस्याको समाधान खोज्नु पर्ने देखिन्छ। भुमी सुधार व्यवस्था लागु हुने समयमा हदबन्दी भन्दा बढीरहेको जग्गा विद्यालयको नाममा हस्तान्तरण गर्ने होडबाजी चलेका समयमा विद्यालयको नाममा प्राप्त जग्गाहरुको हाल सम्मन पनि विद्यालयले वास्तविक रुपमा भोग चलन गर्न नसकोको हुनाले यसलाई नितिगत तहबाटै समस्याको समाधान खोज्नु पर्ने देखियो। यसको व्यवस्थापन तर्फ समयमै ध्यान जान आवश्यक छ। नत्र शैक्षिक केन्द्रको रुपमा विकसित हुनु पर्ने विद्यालय भविश्यमा द्वन्दको केन्द्रको रुपमा रुपान्तरण हुन सक्ने देखिन्छ।

### ५.२.३. अनुसन्धान तह

यस विषयमा अनुसन्धान गर्ने व्यक्ति जो कोहीलाई विद्यालयको भौतिक उन्नयनमा विद्यालय व्यवस्थापन समितिको आवश्यकता र यसले पुऱ्याउन सक्ने योगदानका सम्भाव्यताहरु के के हुन सक्छन भन्ने बारेमा अनुसन्धान गरी सुझाव दिन उपयोगी हुन्छ। समग्र विद्यालयको भौतिक विकासका विद्यालय व्यवस्थापन समितिले जनसहभागितालाई पहिलो प्राथमिकतामा राखेर काम गर्नु सक्नु पर्दछ। त्यसो हुँदा स्थानीय स्रोत साधनको सदुपयोग र परिचालन भई कार्य सम्पादन सरल, छरितो र उपलब्धिमुलक हुन्छ। त्यसका लागि स्थानिय स्रोत साधनहरुको व्यापक परिचालन पनि गरिनु पर्दछ। यस पक्षमा निम्न विषयहरुमा भविश्यमा अनुसन्धान केन्द्रिकृत गरिनु पर्ने देखिन्छ। विद्यालय वर्तमान भौतिक व्यवस्थापन ज्यादै जटील हुदै गएकोले अब भविष्यमा व्यवस्थापनलाई अझ प्रभावकारी बनाउन यो विषयमा थप अनुसन्धन गरिनुपर्दछ। विद्यालयको भौतिक उन्नयन सरकार एक्लैले गर्ने वा समुदायले गर्ने भन्ने विषयमा अनुसन्धान गरीनुपर्नेछ। विद्यालयको भौतिक उन्ननय जटील र प्रविधि भएकाले व्यवस्थापन कुनै एक पक्षले मात्र नभई सरकार व्यवस्थापन समिति, अभिभावक र स्थानीय निकायको समेतको पहलमा यसलाईल कसरी गर्न सकिन्छ भन्ने विषयमा थप अनुसन्धान गरिनुपर्दछ।

सामुदायिक विद्यालयहरुमा भौतिक विकासका कार्यहरु गर्दा स्थानिय आवश्यकता, भौगोलिक अवस्था र उपलब्ध स्रोत साधन लगायतलाई ध्यानमा राखी सुलभ, सरल र उपलब्धिमुलक तरिकाले कार्यसम्पन्न हुने गरी प्रभावकारी तरिकाहरु अवलम्बन गरिनुपर्दछ। विद्यालय विकासको मेरुदण्ड हो र सबैको साझा सम्पति हो भनिए पनि व्यवस्थापन र सञ्चालनको दायित्व स्पष्ट छैन। तसर्थ विद्यालयको भौतिक विकास गर्ने दायित्व कसको हो ? प्रधानाध्यापकको हो की शिक्षकहरुको हो ? समुदायको हो कि विद्यालय व्यवस्थापन समितिको वा शिक्षक अभिभावक संघ कसको हो ? अथवा आम अभिभावक वा सरकारको मात्रै हो ? त्यसको बारेमा अध्ययन अनुसन्धान गरी तथ्य नजिक पुग्न प्रयास गरिनु पर्दछ। सोकोलागि सम्बन्धित निकायबाट प्रोत्साहन गरिनु पर्दछ र प्राप्त निष्कर्ष एव परिणामको अनुशरण र कार्यान्वयन गर्ने संस्कार विकसित गरिनु पर्दछ। साथै प्राप्त निष्कर्ष एवं परिणामको अनुशरण र कार्यान्वयन गर्ने संस्कार विकसित गरिनु पर्दछ।

अनुसन्धान तहमा भविष्यमा अध्ययनको लागि निम्न विषय वस्तुमा अनुसन्धान गर्न सकिन्छ- विद्यालयको भौतिक विकासमा विद्यालय व्यवस्थापन समितिले पुऱ्यायेका योगदान एक अध्ययन, विद्यालयको भौतिक विकासमा विद्यालय व्यवस्थापन समितिको योगदानलाई प्रभाव पार्ने तत्वहरु, विद्यालयको भौतिक विकासमा विद्यालय व्यवस्थापन समितिको योगदानमा संस्थागत र सामुदायिक विद्यालयको तुलनात्मक अध्ययन।

## सन्दर्भ ग्रन्थसूची

कोइराला, विद्यानाथ र श्रेष्ठ चन्द्रबहादुर (२०६४) *शैक्षिक व्यवस्थापन र सँगठनात्मक व्यवहार,* काठमाण्डौः विद्यार्थी पुस्तक भण्डार।

कौल, लोकेश (२०००), मेथेडोलीजी अफ एजुकेशन रिसर्ज, नयाँ दिल्ली : विकास पब्लिसिङ्ग।

खनाल, पेशल (२०६६) *शैक्षिक अनुसन्धान पद्धति,* काठमाण्डौंः विद्यार्थी पुस्तक भण्डार कीर्तिपुर ।

बरुवाल, पुष्पबहादुर (२०६५) *विद्यालयको शिक्षण सुधारमा प्र.अ को भूमिका* सुकुना बहुमुखी क्याम्पस, शैक्षिक योजना तथा व्यवस्थापन विभाग, स्नातकोत्तर तह शोधपत्र अप्रकाशित कृति ।

राजवंशी, जगतप्रसाद (२०६७), *प्राथमिक विद्यालयको भौतिक सुधारमा व्यवस्थापन समितिको भूमिका,* सुकुना बहुमुखी क्याम्पस, शैक्षिक योजना तथा व्यवस्थापन विभाग स्नातकोत्तर तह शोध पत्र अप्रकाशित ।

राम्रो सामुदायिक विद्यालयको निम्ति विद्यालय व्यवस्थापन समति, हाते पुस्तिका (२०६४), काठमाण्डौः नीतिगत अनुसन्धान परामर्श केन्द्र (सिप्रक) ।

लइटेल, रमेश (२०६६), *नेपालको आधुनिक शैक्षिक सामान्य ज्ञान,* काठमाण्डौ : कामक्ष

शर्मा, चिरञ्जीवि, (२०६३), *शिक्षाको आधारहरु, काठमाण्डौः* एम.के.पब्लिकेशन एण्ड डिस्ट्रीव्यूटर्स ।

शर्मा, चिरञ्जीवि (२०६०), शिक्षा परिचय, काठमाण्डौः एम के पब्लिकेशन एण्ड स्ट्रीव्यूटर्स

शिक्षा विभाग (२०५८), *विद्यालय सुधार योजना पुस्तिका,* भक्तपुर : लेखक ।

शिक्षा विभाग (२०५८), विद्यालय सुधार याजना तालिम पुस्तका, काठमाण्डौः लेखक ।

सिन्हा, राम स्वरुप (२०६२), *शिक्षा प्रकाशनका आयामहरु,* काठमाण्डौ : सोपान पब्लिकेशन ।

सिन्हा, नागेश्वर (२०६४), *शिक्षाको परिचय,* काठमाण्डौः पैरवी प्रकाशन गृह ।

अधिकारी, विष्णुप्रसाद (२०६४), *शैक्षिक निरिक्षण र नेपालको शैक्षिक प्रणाली* , काठमाण्डौः आशिष पुस्तक भण्डार, बागवजार ।

अधिकारी, विष्णुप्रसाद (२०६५) *शिक्षा सेवा प्राविधिक सहायक दपर्ण* , काठमाण्डौः आशिष पुस्तक भण्डार ।

काफ्ले, वाशुदेव तथा अन्य साथीहरु (२०६२) *शैक्षिक प्रशासन र सुपरिवेक्षण,* काठमाण्डौः विद्यार्थी पुस्तक भण्डार, भोटाहिटी ।

खनाल, पेशल (२०६२) *शैक्षिक अनुसन्धान पद्धति,* काठमाण्डौः सनलाइट पब्लिकेशन, कीर्तिपुर ।

खनाल, श्री प्रसाद (२०५९) *उच्च तथा न्यून शैक्षिक उपलब्धीमा प्रभाव पार्ने तत्वहरु अध्ययन एम.एड* अप्रकाशित सोधपत्र, कीर्तिपुरः त्रि.वि पाठ्यक्रम मूल्याङ्कन विभाग ।

पाठ्यक्रम तथा मूल्याङ्कन सम्प्रेषण (२०६४) : *पाठ्यक्रम तथा मूल्याङ्कन विद्यार्थी समाज*

पौडेल, लेखनाथ (२०५७) *शैक्षिक प्रक्रिया र नेपालमा शिक्षा,* काठमाण्डौः विद्यार्थी पुस्तक भण्डार ।

पौडेल, अर्जुनप्रसाद (२०६५), *सिन्धुपाल्चोक जिल्लाका नीति तथा सामुदायिक विद्यालयहरुमा शैक्षिक अवस्था तुलनात्मक अध्ययन एम.एड अप्रकाशित शोधपत्र,* ताहचलः महेन्द्ररत्न क्याम्पस ।

थापा, विष्णुबहादुर (२०६७), *विद्यार्थीको नियमिततामा शैक्षिक व्यवस्थापनको प्रभाव,* एम,एड अप्रकाशित शोध पत्र, मोरङ्गः सुकुना बहुमुखी क्याम्पस, इन्द्रपुर ।

शर्मा, गोपीनाथ (२०५९) *नेपालमा शिक्षा आयोगका प्रतिवेदनहरु,* काठमाण्डौः मकालु बुक्स एण्ड पब्लिसर्स ।

शर्मा, चिरञ्जीवी र शर्मा, निर्मला, (२०६३), *शिक्षाको आधारहरु,* काठमाडौः एक.के. पब्लिकेशन एण्ड डिस्ट्रिव्यूटर्स ।

शिक्षा, ऐन (२०२८) *शिक्षा नियमावली* (२०५९) ।

शिक्षा पत्रिका २०६३ ।

## सामुदायिक विद्यालयको भौतिक व्यवस्थापन

अनुसूची १

विद्यालय व्यवस्थापन समितिको अध्यक्षका लागि प्रश्नावली

नाम, थरः अनुभवः

विद्यालयको नाम : शैक्षिक योग्यताः

१. तपाई यस विद्यालयको व्यवस्थापन प्रति सन्तुष्ट हुनुहुन्छ ?

२. तपाईको विद्यालयको भौतिक पक्षमा के कस्तो समस्या देख्नु हुन्छ ?

३. विद्यालय व्यवस्थापनका लागि तपाईबाट भइरहेको कार्य तथा प्रयासहरु के के हुन् ?

४. विद्यालय व्यवस्थापन समितिको वैठक, निर्णय र कार्यान्वयन प्रक्रिया कस्तो छ ?

५. विद्यालयको भौतिक विकासमा महत्व दिइएका प्रमुख कार्य तथा प्रयास केके हुन् ?

६. ७. विद्यालयको भौतिक निर्माणको रकम कसरी प्रयोग भइरहेको छ ?

८.विद्यालयको भौतिक विकासका लागि सरोकारवाला तथा सम्बद्ध पक्षहरुसँग समन्वय सहकार्य, परिचालन र सहभागिताको कार्य कसरी भइरहेको छ ?

९.विद्यालयको भौतिक विकासका लागि सरोकारवाला तथा अभिभावकहरुसँगको सम्बन्ध कस्तो रहेको छ ?

११. विद्यालयको भौतिक विकासका लागि कुन कुन निकायले कस्तो सहयोग गरिरहेको छन् ?

१२.विद्यालय व्यवस्थापनलाई थप प्रभावकारी बनाउन वि.व्य.स अध्यक्षको कस्तो भूमिका रहनु पर्दछ ?

१३. तपाईलाई समितिका अन्य पदाधिकारीहरुबाट के कस्तो सहयोग मिल्नु पर्दछ ?

१४. तपाईको विद्यालय कस्तो होस् भन्ने चाहनु हुन्छ ?

# सामुदायिक विद्यालयको भौतिक व्यवस्थापन

अनुसूची २

प्रधानाध्यापकका लागि प्रश्नावली

नाम, थर: अनुभव:

विद्यालयको नाम : शैक्षिक योग्यता:

१. विद्यालयको विद्यमान भौतिक पक्षहरुमा के के समस्याहरु रहेको छन् ?

२. विद्यालयको भौतिक विकासमा हाल के के शीर्षकमा कस्ता कस्ता कार्यहरु भएका छन्

३. विद्यालयको भौतिक विकासका लागि हाल भइरहेको कार्यहरुमा कुन कुन निकायहरुको सहयोग भइरहेको छ ?

४. विद्यालयको भौतिक विकासमा तपाईले कसरी भूमिका निभाइरहनु भएको छ ?

५. विद्यालयलाई भौतिक निर्माण शीर्षकमा प्राप्त हुने रकम प्रयोग गर्ने प्रक्रिया कस्तो छ ?

६. वि.व्य.स को वैठक वस्ने प्रक्रिया कस्तो छ ?

७. वि.व्य.स को निर्णय र कार्यान्वयन प्रक्रिया कस्तो छ ?

८. विद्यालयको भौतिक विकासमा वि.व्य.स ले गरेका निर्णयले कस्तो प्रभाव पारेको छ ?

९. सो निर्णय प्रक्रियाले कार्यान्वयन तहमा कतिको सहजता देखिन्छ ?

१०. तपाईको कार्य सञ्चालन र सुधारकोलागि समुदायको सहयोग र सहभागिता कस्तो छ

११. शिक्षक तथा अभिभावकहरुबाट विद्यालय व्यवस्थापनमा के कस्तो सहयोग पाइरहनु भएको छ ?

१२. वि.व्य.स तथा अन्य पदाधिकारीहरुबाट कस्तो सहयोग पाइरहनु भएको छ ?

१३. वि.व्य.स विद्यालय बीचको सम्बन्ध र सहकार्य कस्तो रहेको छ र दायित्व कसको हो ?

१४. विद्यालयको व्यवस्थापन सुधार गर्नुपर्ने आवश्यक कुराहरु के के हुन् ?

१५. विद्यालयको व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउन को को बाट कस्तो सहयोग आवश्यक हुन्छ ?

१६. तपाईको विचारमा यो विद्यालयलाई थप विकसित गर्न के कस्ता पक्षहरुमा सुधार गर्न निर्णय प्रक्रिया कस्तो हुनुपर्दछ ?

## सामुदायिक विद्यालयको भौतिक व्यवस्थापन

अनुसूची ३

अभिभावक समूह छलफल निर्देशिका

१. अभिभावकको विद्यालय प्रतिको धारणा

क) विद्यालयको भौतिक अवस्था कस्तो छ ?

ख) विद्यालयमा शैक्षिक स्तर कस्तो छ ?

ग) वि.व्य.स ले गर्ने गरेको विकास निर्माणका निर्णय तथा कार्यहरुका बारेमा जानकारी गराउँछन् कि गराउदैनन् ?

घ) विद्यालयमा अभिभावक भेला एवं अन्तरक्रिया, छलफल गर्ने गरेको छ ?

२. विद्यालयले लिइएको सहयोग सम्बन्धी

३. अभिभावकहरुले विद्यायललाई गरेको सहयोग भौतिक विकास निर्माण सम्बन्धी

४. विद्यालयको व्यवस्थापनको दायित्व सम्बन्धी

५.जनपरिचालन र सहभागिताको अवस्था

६. विकास निर्माणको कार्य गर्नलाई विद्यालयमा कस्तो वातावरण छ ?

७. विद्यालय व्यवस्थापन समितिले व्यवस्थापन सुधारमा खेलेको भूमिका

८. अभिभावकहरुको वि.व्य.स को वैठकको जानकारी र उपस्थितिको अवस्था

९. वि.व्य.स को वैठकको निर्णयले विद्यालयको भौतिक विकासमा पारेको प्रभाव

१०ं बार्षिक योजनाको व्यवस्था सामाजिक परीक्षणको स्थिति र सहभागिता

११. वि.व्य.स र सम्बन्धित निकायबाट सुपरिवेक्षण र अनुगमन सम्बन्धी

१२. विद्यालय व्यवस्थापनमा वि.व्य.स को भूमिका एवम् समस्याहरु र चुनौतिहरु

१३. समस्या एवम् कमीकमजोरी हटाउन गर्न सकिने उपायहरु तथा निर्णयहरु

१४. वि.व्य.स ले गरेको निर्णयहरु कार्यान्वयन पछिको मूल्याङ्कन सार्वजनिक एवं विश्लेषण

## सामुदायिक विद्यालयको भौतिक व्यवस्थापन

अनुसूची ४ 'क'

श्री धुलाबारी माध्यमिक विद्यालयको व्यवस्थापन समितिको नामावली

| क.स | नाम, थर | पद |
|---|---|---|
| १ | श्री गणेशविक्रम नेम्बाङ्ग | अध्यक्ष |
| २ | श्री कृष्ण कनाल | सदस्य |
| ३ | श्री पङ्कज विक्रम नेम्बाङ्ग | सदस्य, बाणिज्य संघ प्रतिनिधी |
| ४ | श्री अजय घिमिरे | सदस्य, बाणिज्य संघ प्रतिनिधी |
| ५ | श्री लिला खनाल | सदस्य |
| ६ | श्री सर्मिला श्रेष्ठ | सदस्य |
| ७ | श्री खेमराज प्रसाँइ | सदस्य |
| ८ | श्री अशोक खडौलिया | सदस्य |
| ९ | श्री टिकेन्द्र खनाल | शि. प्रतिनिधि |
| १० | श्री रुद्रकुमार कुरुम्बाङ्क | सदस्य सचिव |

स्रोत : स्थलगत सर्वेक्षण २०७३

## सामुदायिक विद्यालयको भौतिक व्यवस्थापन

अनुसूची ४ ‘ख’

श्री देवी.मा.वि को व्यवस्थापन समितिको नामावली

| क्र.स | नाम, थर | पद |
|---|---|---|
| १ | श्री लक्ष्मीप्रसाद भट्टराई | अध्यक्ष |
| २ | श्री गणेश तामाङ्ग | सदस्य |
| ३ | श्री शिवराम श्रेष्ठ | सदस्य |
| ४ | श्री राम पौडेल | सदस्य |
| ५ | श्री राजेन्द्र थापा | सदस्य |
| ६ | श्री सनतकुमार ओली | सदस्य |
| ७ | श्री मालती राजवंशी | सदस्य |
| ८ | श्री धनबहादुर पोखरेल | शि. प्रतिनिधि |
| ९ | श्री लेखनाथ भट्टराइ | सदस्य सचिव |

स्रोत : स्थलगत सर्वेक्षण २०७३

# सामुदायिक विद्यालयको भौतिक व्यवस्थापन

अनुसूची ४ 'ग'

श्री जनता माध्यमिक विद्यालयको व्यवस्थापन समितिको नामावली

| क्र.स | नाम, थर | पद |
|---|---|---|
| १ | श्री प्रसाद अधिकारी | अध्यक्ष |
| २ | श्री देवेन्द्र कट्टेल | सदस्य |
| ३ | श्री पुष्प गुरागाँई | सदस्य |
| ४ | श्री सीता खनाल | सदस्य |
| ५ | श्री सन्तोष दाहाल | सदस्य |
| ६ | श्री हेमन्त पौडेल | सदस्य |
| ७ | श्री खड्गबहादुर थापा | सदस्य |
| ८ | श्री भिष्म पोखरेल | सदस्य |
| ९ | श्री निर्मल दाहाल | शि. प्रतिनिधि |
| १० | श्री विजय प्रसाद देव | प्र.अ |

स्रोत : स्थलगत सर्वेक्षण २०७३